# लगानी बोर्ड नेपाल

## रणनीति तथा व्यावसायिक योजना

(२०८१/८२ – २०८५/८६)

# भूमिका

नेपालको सर्वाङ्गीण विकास तथा समन्यायिक समुन्नतिका लागि आवश्यक पर्ने पूर्वाधार संरचनाको विकासमा स्वदेशी तथा विदेशी निजी क्षेत्रमा रहेको ज्ञान, सीप, प्रविधि एवं पूँजीलाई सार्वजनिक-निजी साझेदारी अवधारणा र निजी लगानीका माध्यमबाट उपयोग गर्ने सोंचका साथ लगानी बोर्ड ऐन, २०६८ द्वारा लगानी बोर्डको स्थापना गरिएको थियो ।

सो ऐन सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ द्वारा प्रतिस्थापित भएपछि यस ऐन तथा नियमावलीले प्रदान गरेको काम, कर्तव्य र अधिकार अनुसारको कार्यक्षेत्रमा रही नेपाल सरकारले अवलम्बन गरेको सोह्रौं योजनाका लक्ष्यहरु प्राप्त गर्ने मूल उद्देश्य सहित तर्जुमा गरिएको लगानी बोर्ड नेपालको रणनीति तथा व्यावसायिक योजनाको खाकालाई बोर्डको मिति २०८१ असोज २२ गते बसेको ५९औं बैठकले सैद्धान्तिक रूपमा स्वीकृत गरेको थियो ।

सोही खाकालाई सम्बन्धित विज्ञहरु तथा सरोकारवालाहरुका बीचमा थप छलफल तथा अन्तरक्रिया गरी विस्तृत र परिमार्जित रूप दिइएको **लगानी बोर्ड नेपालको रणनीति तथा व्यावसायिक योजना २०८१-८६** बोर्डको स्वीकृतिका लागि प्रस्तुत गरिएको छ। यो रणनीति तथा व्यावसायिक योजनाको कार्यान्वयनमा बोर्डबाट निरन्तर प्राप्त हुने मार्गदर्शनलाई शिरोपर गर्दै बोर्डको कार्यालय आफ्नो सम्पूर्ण स्रोत-साधन, जनशक्ति, कार्यादेश र अन्तर-संस्थागत सहयोग, समन्वय र सहकार्यको अत्युत्तम परिचालनका साथ दत्तचित्त र कृतसंकल्प रहने प्रतिबद्धता व्यक्त गर्दछ ।

**सुशील ज्ञवाली**
**प्रमुख कार्यकारी अधिकृत**
**लगानी बोर्डको कार्यालय**

नयाँ वानेश्वर, काठमाडौ
२०८१ फागुन

## विषय सूची


१. नेपालमा लगानीको अवस्था, संभाव्यता र विद्यमान कार्यसम्पादन अवस्था — १

*१.१ नेपालमा लगानीको अवस्था* — १

*१.२. नेपालमा लगानीको संभाव्यता* — ५

*१.३ विद्यमान कार्यसम्पादनको अवस्था* — ७

*१.४ नीतिगत एवं कानुनी व्यवस्थाहरु* — ७

*१.५ समन्वय* — ८

*१.६ संस्थागत क्षमता* — ८

*१.७ परियोजना तयारी र लगानी परिचालन* — ९

२. लगानी बोर्डका सबल एवं दुर्वल पक्ष तथा अवसर एवं चुनौतीहरु — १०

३. अन्तर्राष्ट्रिय अभ्यास र अनुभव — १४

*३.१ परिचय* — १४

*३.२ विश्व परिदृश्य* — १४

४. भावी रणनीतिक योजना (२०८१/८२ - २०८५/८६) — २१

*क. लगानी लक्ष्य तथा लगानी योजना* — २१

*ख.रणनीति तथा कार्ययोजना :* — २३

५. संस्थागत पुनःसंरचना — ३०

*५.१ औचित्य र परिप्रेक्ष्य* — ३०

*५.२ प्रस्तावित संगठनात्मक संरचना (Organogram)* — ३५

६. खर्च र आम्दानीका स्रोतहरु : — ४०

*६.१ मुख्य लागतहरूको विवरण* — ४०

*६.२ राजस्वका सम्भावित स्रोतहरू* — ४२

*६.३ बजेट र वित्तीय दिगोपनका स्रोतहरू* — ४३

*६.४ परियोजना विकासका लक्ष्य* — ४४

*६.५ सम्भाव्य राजस्व* — ४४

७.	प्रस्तावित कार्ययोजना	४६

८. अनुगमन तथा मूल्याङ्कन ढाँचा	५६

*८.१ अनुगमनको दायरा*	५६

*८.२ मूल्याङ्कन योजना*	५७

*८.३ तथ्याङ्क संकलन विधि*	५७

९. प्रमुख कार्यसम्पादन परिसूचक **(KPIs)**	५९

१०.	संभाव्य जोखिम पहिचान तथा सम्बोधन	६३

अनुसूचीहरुः

अनुसूची –१ः प्रस्तावित संगठन संरचना अन्तर्गतका इकाइ तथा पदाधिकारीहरुको कार्य विवरण

अनुसूची – २ः लगानी बोर्ड अन्तर्गतका परियोजनाहरुको सूची

# १. नेपालमा लगानीको अवस्था, संभाव्यता र विद्यमान कार्यसम्पादन अवस्था

## १.१ नेपालमा लगानीको अवस्था

नेपालले आ.व. २०१३/१४ मा शुरु गरी हालसम्म दशवटा पन्चवर्षीय योजना र पाँचवटा त्रिवर्षीय योजनासहित योजनाबद्ध विकास प्रक्रिया अघि बढाएको छ। उक्त योजनाहरुमध्ये बहुदलीय व्यवस्थाको सुरुवात पश्चात् ल्याइएको आठौ योजना अनन्तर मुलुकको विकासमा निजी क्षेत्रको भूमिकालाई महत्व दिइएको भएतापनि लक्ष्यअनुरुप प्रगति हुन सकिरहेको छैन। पन्ध्रौँ योजना सम्पन्न हुँदा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ९.२ प्रतिशत पुग्ने लक्ष्य राखिएको भएतापनि औसत वृद्धिदर २.६ प्रतिशतमा मात्र सीमित हुन पुग्यो। त्यसै अवधिमा रु. ९२ खर्ब रुपैया लगानी गर्ने र निजी क्षेत्रबाट करिब ५५ प्रतिशत योगदान प्राप्त गर्ने प्रक्षेपण गरिएतापनि जम्मा कुल लगानी नै रु. ४३ खर्ब (अर्थात् ५७% ले कमी) मात्र भयो । यसले नेपालको पछिल्लो पाच वर्षमा भएको लगानीको अवस्था अत्यन्त दयनीय देखाउँछ।

तालिका-१

| योजना | अवधि | लगानी लक्ष्य (रु अर्बमा) | उपलब्धि (रु अर्बमा) | थप/घट (%) |
|---|---|---|---|---|
| बाह्रौं | २०६७/८८ - २०६९/७० | १०२३.७० | ११६९.६७ | १४.३% |
| तेह्रौं | २०७०/७१ - २०७२/७३ | १४७१.५७ | १५७३.५७ | ६.९% |
| चौधौं | २०७३/७४ - २०७५/७६ | २४२४.९६ | २३६२.२६ | -२.६% |
| पन्ध्रौं | २०७६/७७ - २०८०/८१ | ९२२९.२९ | ४३४०.७३ | -५३% |

तालिका-२

| योजना | वर्ष | समय अवधि | कुल लगानी अनुमान (रु. अर्ब) | औसत आर्थिक वृद्धि (प्रतिशत) | |
|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति |
| नवौं | २०५४-५९ | ५ वर्षे | ३७२.७१ | ६.० | ३.६ |
| दशौं | २०५९-६४ | ५ वर्षे | ६०९.८२ | ६.२ | ३.४ |
| एघारौं | २०६४-६७ | ३ वर्षे | ५११.३८ | ५.५ | ४.७ |
| बाऱ्हौं | २०६७-७० | ३ वर्षे | १०२३.७० | ५.५ | ३.९ |
| तेऱ्हौं | २०७०-७३ | ३ वर्षे | १४७१.५६ | ६.० | ३.१ |
| चौधौं | २०७३-७६ | ३ वर्षे | २४२४.९६ | ७.२ | ७.४ |
| पन्ध्रौं | २०७६-८१ | ५ वर्षे | ९२,२९.२९ | ९.६ | २.६ |

*स्रोतः विभिन्न आवधिक योजनाका दस्तावेज, राष्ट्रिय योजना आयोग।*

चित्र १




पछिल्ला वर्षहरूमा बजेटमा पूँजीगत खर्चको अनुपात लगातार घट्दै गएको छ। पूँजीगत खर्च लक्ष्यको तुलनामा केवल ३५/४० प्रतिशतको हाराहारीमा रहेको छ, र गत आर्थिक वर्षमा यो खर्च कुल गार्हस्थ्य उत्पादनको करिब १ प्रतिशत मात्र भएको देखिन्छ। यसले गर्दा प्रत्यक्ष रूपमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिमा गम्भीर असर परेको छ। पूँजीगत खर्च घट्दै जाँदा पूर्वाधार विकासको गति पनि कमजोर बन्दै गएको छ, जसका कारण आवश्यक पूर्वाधार परियोजनाहरू थाँती रहेका छन्। यसले रोजगारी सृजना, औद्योगिक विकास र सेवा प्रवाहमा अवरोध उत्पन्न गरेको छ। यो समस्याको समाधानका लागि बजेटको कुशल व्यवस्थापन, पूँजीगत खर्चको प्रभावकारिता, वित्तीय स्रोतहरूको सदुपयोग र निजी क्षेत्रको सहभागिता आवश्यक छ।

नेपालले विगत वर्षहरुमा हासिल गरेको आर्थिक वृद्धिमा समेत निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा माथि छ। मुलुकको आर्थिक वृद्धि र समृद्धिका लागि केवल सरकारी लगानी मात्र पर्याप्त हुँदैन; निजी क्षेत्रको सक्रिय सहभागिता र लगानीको माध्यमबाट मात्र दीर्घकालीन विकासको आधार बलियो हुन सक्छ। निजी क्षेत्रको लगानीले उद्योग, व्यापार, रोजगार सिर्जना, प्रविधि, र नवप्रवर्तनमा ठूलो योगदान पुऱ्याउँछ। साथै, निजी क्षेत्रले लिएको जोखिम, लगानीको मात्रा र उत्पादकत्वमा पुऱ्याएको योगदानले मुलुकको समग्र विकासलाई तीव्र गति दिन महत्वपूर्ण भूमिका खेल्छ।

चित्र २



विभिन्न मुलुकहरुले आफ्नो विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि वैदेशिक लगानीलाई पनि उत्तिकै महत्व दिएका छन् । यसका लागि उनीहरु आवश्यक नीतिगत, कानुनी, संस्थागत एवं वित्तीय लगायतका व्यवस्था मिलाई ठूलो मात्रामा विदेशी लगानी परिचालन गर्न सफल भएका छन् । यस सन्दर्भमा हाम्रा छिमेकी मुलुकहरु भारत, चीन लगायत विगत ५०/६० वर्ष अघि हाम्रै हाराहारीको आर्थिक अवस्था भएका कम्बोडिया, इण्डोनेसिया, बङ्गलादेश लगायतका मुलुकहरुमा भएको प्रत्यक्ष वैदेशिक लगानीलाई हाम्रो मुलुकसँग तुलना गर्दा पनि हामी उनीहरु भन्दा धेरै पछाडि भएको पाउँछौं ।

तालिका-३ :

| आर्थिक बर्ष | कुल ग्राहस्थ उत्पादन (रू.अर्ब) | निजी क्षेत्रको योगदान (रू.अर्ब) | कुल ग्राहस्थ उत्पादनमा योगदान (प्रतिशत) |
|---|---|---|---|
| ०६९/७० | १,९४९ | १,६८९.४५ | ८६.६७ |
| ०७०/७१ | २,२३३ | १,८९८.३२ | ८५.०३ |
| ०७१/७२ | २,४२४ | २,०३३.९१ | ८३.९२ |
| ०७२/७३ | २,६०८ | २,२०६.२६ | ८४.५९ |
| ०७३/७४ | ३,०७७ | २,५३२.४९ | ८२.३ |
| ०७४/७५ | ३,४५६ | २,८६३.५९ | ८२.८६ |
| ०७५/७६ | ३,८५९ | ३,२२४.१४ | ८३.५५ |
| ०७६/७७ | ३,८८९ | ३,१६८.९० | ८१.४९ |
| ०७७/७८ | ४,३५३ | ३,५२४.६९ | ८०.९८ |
| ०७८/७९ | ४,९३४ | ४,०२३.४३ | ८१.५५ |

स्रोत: ने. रा. बैंक, IFC Study Report

तालिका-४ :

| आर्थिक बर्ष | कुल ग्राहस्थ उत्पादन (रू. अर्ब) | बैदेशिक लगानी (रू. अर्ब) | कुल ग्राहस्थ उत्पादनमा योगदान (प्रतिशत) |
|---|---|---|---|
| ०७१/७२ | २,४२४.००० | ४.४ | ०.१८% |
| ०७२/७३ | २,६०८.००० | ५.९ | ०.२३% |
| ०७३/७४ | ३,०७७.००० | १३.५ | ०.४४% |
| ०७४/७५ | ३,४५६.००० | १७.५ | ०.५१% |
| ०७५/७६ | ३,८५९.००० | १६.५ | ०.४३% |
| ०७६/७७ | ३,८८९.००० | १९.५ | ०.५०% |
| ०७७/७८ | ४,३५३.००० | १९.५ | ०.४५% |
| ०७८/७९ | ४,९३४.००० | १९.२ | ०.३९% |
| ०७९/८० | ५,३८१.३४० | ७.७६ | ०.१४% |

*स्रोत : उद्योग बिभाग र UNCTD को तथ्यांक*

तालिका-५ :

**कुल ग्राहस्थ उत्पादनमा FDI को योगदान (प्रतिशतमा)**

| देश | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ | २०२२ | औषत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ०.२ | ०.२ | ०.४ | ०.५ | ०.४ | ०.५ | ०.५ | ०.४ | ०.४ |
| बिश्व | ३.६ | ३.५ | २.७ | १. | २.१ | १.४ | २.३ | १.७ | २.३ |
| भारत | २.१ | १.९ | १.५ | १.६ | १.८ | २.४ | १.४ | १.५ | १.८ |
| चिन | २.२ | १.६ | १.३ | १.७ | १.३ | १.७ | १.९ | १. | १.६ |
| कम्बोडिया | १०.१ | १२.४ | १२.६ | १३.१ | १३.५ | १४. | १२.९ | १२.१ | १२.६ |
| इंडोनेशिया | २.३ | ०.५ | २. | १.८ | २.२ | १.८ | १.८ | १.९ | १.८ |
| बंगलादेश | १.५ | ०.९ | ०.६ | ०.८ | ०.५ | ०.४ | ०.४ | ०.४ | ०.७ |

*स्रोत : बिश्व बैंकको तथ्यांकमा आधारित*

माथिको तथ्यांकले के देखाउँछ भने  नेपालमा विदेशी लगानीको प्रवाह अन्य मुलुकहरूको तुलनामा अत्यन्तै कम छ, जसले गर्दा आर्थिक वृद्धिमा समेत ठूलो चुनौती उत्पन्न भएको छ ।

**चित्र-३ :**




अन्य विकासशील मुलुकहरू जस्तै चीन, कम्बोडिया, र इण्डोनेसियाको तुलनामा नेपाल अन्तर्राष्ट्रिय लगानी आकर्षणमा निकै पछि परेको देखिन्छ, जसका लागि लगानीमैत्री नीति, कानून र व्यावसायिक वातावरणमा सुधार आवश्यक छ ।

तालिका-६ :

**अन्तरास्ट्रिय लगानीको परिदृश्य र नेपालको अवस्था**

बिलियन अमेरिकी डलर

| देश/वर्ष | २०१८ | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३ |
|---|---|---|---|---|---|---|
| विश्व | १३७६.१३ | १७२९.२३९ | ९८४.५७८ | १६२१.८०८ | १३५५.७४९ | १३३१.८१३ |
| विकसित अर्थतन्त्र | ६७४.७५ | १०२४.७५ | ३३७.५९५ | ७३१.८४३ | ४२६.१९८ | ४६४.३९७ |
| विकासशील अर्थतन्त्र | ७०१.३८९ | ७०४.४८९ | ६४६.९८३ | ८८९.९६५ | ९२९.५५१ | ८६७.४१७ |
| चीन | १३८.३०६ | १४१.२२५ | १४९.३४२ | १८०.९५७ | १८९.१३२ | १६३.२५३ |
| कम्बोडिया | ३.२१३ | ३.६६३ | ३.६२५ | ३.४८३ | ३.५७९ | ३.९५९ |
| इन्डोनेसिया | २०.५६३ | २३.८८३ | १८.५९१ | २१.१३१ | २५.३९ | २१.६२८ |
| दक्षिणपूर्व एशिया | १४६.४७९ | १६४.८४८ | ११९.३१ | २०८.४४७ | २२३.१३४ | २२६.३१७ |
| दक्षिण एशिया | ५२.२६२ | ५९.०९ | ७१.०५ | ५२.६८३ | ५७.५१९ | ३५.९७४ |
| भारत | ४२.१५६ | ५०.५५८ | ६४.०७२ | ४४.७६३ | ४९.३८ | २८.१६३ |
| नेपाल | ०.०६७ | ०.१८५ | ०.१२६ | ०.१९६ | ०.०६५ | ०.०७४ |
| बङ्गलादेश | ३.६१३ | २.८७४ | २.५६४ | २.८९६ | ३.४८ | ३.००४ |
| श्रीलंका | १.६१४ | ०.७४३ | ०.४३४ | ०.५९२ | ०.८८४ | ०.७१२ |

*स्रोत : उद्योग बिभाग र UNCTD को तथ्यांक*

तालिका-७ :

**नेपालले प्राप्त गरेको अंश**

| | २०१८ | २०१९ | २०२० | २०२१ | २०२२ | २०२३ |
|---|---|---|---|---|---|---|
| विश्वमा | ०.००% | ०.०१% | ०.०१% | ०.०१% | ०.००% | ०.०१% |
| विकासशील देशहरूमा | ०.०१% | ०.०३% | ०.०२% | ०.०२% | ०.०१% | ०.०१% |
| दक्षिण एशियामा | ०.१३% | ०.३१% | ०.१८% | ०.३७% | ०.११% | ०.२१% |

*स्रोत : उद्योग बिभाग र UNCTD को तथ्यांक*

यसरी प्रत्यक्ष वैदेशिक लगानी कम हुनुमा नेपालको अस्थिर राजनीतिक अवस्था, भूकम्प, कोभिड-१९, रुस-युक्रेन युद्धजस्ता कारणहरूका साथै लगानी बोर्डको कमजोर आन्तरिक संस्थागत क्षमता, कानुनी झञ्झट र प्रक्रियागत उल्झनहरू जिम्मेवार छन् । यस क्षेत्रमा नेपालले विभिन्न नीतिगत, कानुनी र संस्थागत सुधारहरू गरेपनि ती पर्याप्त सिद्ध हुन सकेका छैनन् । "पूर्वाधार संरचनाको निर्माण तथा संचालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३" र "लगानी बोर्ड ऐन, २०६८" जस्ता कानुनहरू मार्फत विगतमा निजी क्षेत्रको सहभागिता बढाउने प्रयासहरु भएका थिए । पछि, यी ऐनहरूको एकीकरणसँगै "सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५" पारित भई लगानी बोर्डलाई थप अधिकार र जिम्मेवारी दिइएको छ । यस्तै, प्रदेश र स्थानीय सरकारहरूले समेत निजी क्षेत्रको लगानी परिचालन गर्न पाउने कानुनी व्यवस्था रहेतापनि अझै सफलता हासिल गर्न सकेका छैनन् ।

## १.२. नेपालमा लगानीको संभाव्यता

नेपालमा हालसम्म भएको लगानीको अवस्थाले सन्तोषजनक तस्वीर प्रस्तुत नगरे पनि मुलुकमा लगानीका संभावना प्रचुर मात्रामा छन् । विगतका आवधिक योजनाहरूले मुलुकको विकास र समृद्धिका लागि आन्तरिक स्रोत र द्विपक्षीय तथा बहुपक्षीय ऋण तथा अनुदान सहयोगबाट करिब एक तिहाइ हिस्सा र स्वदेशी तथा विदेशी निजी क्षेत्रबाट दुई तिहाई भन्दा बढी हिस्सा लगानी गर्ने लक्ष्य राखेको पाइन्छ । सोह्रौं योजनाले आगामी पाँच आर्थिक वर्षभित्र परिचालन गर्ने लक्ष्य राखेको कूल रु ११२ खर्ब लगानी मध्ये निजी क्षेत्रको हिस्सा रु ७५.१६ खर्ब अर्थात् ६७.२% छ ।

साथै, विभिन्न विषयगत एवं क्षेत्रगत नीति, रणनीति तथा योजनाहरु,  विभिन्न अध्ययन प्रतिवेदनहरु तथा आफ्नै अनुभवका आधारमा हेर्दा हाम्रो मुलुकमा विकासका संभावनाहरु प्रचूर छन् ।  नेपालमा उच्च हिमाली र पहाडी क्षेत्रदेखि तराइका समथर भू-भागमा बग्ने हजारौं नदीनालाहरूले जलविद्युत् उत्पादन र सिँचाइको प्रचुर संभावना बोकेका छन् । हामीसँग रहेको जनसांख्यिक लाभलाई समयमै सदुपयोग गर्दै सीपयुक्त जनशक्ति उत्पादन गर्न सकेमा विप्रेषण आय र उत्पादन क्षमता वृद्धि गर्न सकिन्छ । नेपालको भौगोलिक, साँस्कृतिक, र पर्यावरणीय विविधताले ठूलो पर्यटकीय संभावना प्रस्तुत गर्छ । नेपालका खानी र खनिज पदार्थको उत्खनन र वन क्षेत्रको सदुपयोग गर्न सकेमा ठुलो स्रोत परिचालन हुने देखिन्छ ।

नेपालमा लगानी परिचालनका निम्ति बाह्य संभावनाका पक्षहरु पनि उत्तिकै सशक्त छन् । विश्वको करिब एक तिहाइ जनसंख्या ओगटेका  र उदाउँदो अर्थतन्त्र भएका भारत र चीन जस्ता मुलुकहरुको बीचमा रहेका कारण नेपालमा दुवै छिमेकी मुलुकबाट लगानी भित्र्याउन सक्ने प्रचुर संभावनाका  साथै नेपाली उत्पादनका निम्ति विशालतम बजार उपलब्ध छ ।

लगानी बोर्ड तथा नेपाल सरकारका विभिन्न मन्त्रालय र विभाग एवं निकायहरु तथा प्रदेश एवं स्थानीय सरकारहरुले विभिन्न आयोजनाहरु पहिचान गरी निजी क्षेत्रको लगानीका निम्ति विभिन्न सहुलियत प्याकेज सहित आह्वान गरेका छन् । यस्तै, नेपाली एवं विदेशी निजी लगानीकर्ताहरुले नेपालमा भएका लगानी सम्मेलनका समयमा विभिन्न आयोजनाहरुमा ठुलो लगानी गर्ने चाहना व्यक्त गरेका छन् । नेपालले व्यापार प्रवर्द्धन, पारवहनको सहजता, र प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन विभिन्न मुलुकहरूसँग द्विपक्षीय सम्झौता गरेको छ । यस सन्दर्भमा नेपालले भारत, बेलायत, जर्मनी लगायत ६ मुलुकसँग गरेको लगानी संरक्षण सम्झौता, र भारत, चीन, दक्षिण कोरिया लगायत ११ मुलुकसँग गरेको दोहोरो कर हटाउने सम्झौता महत्वपूर्ण छन् । नेपाल SAARC, BIMSTEC, WTO, UNESCAP, UNCTAD/BRI जस्ता अन्तर्राष्ट्रिय संगठनको सदस्य भएकाले ती सङ्गठनका सदस्य मुलुकहरुमा व्यापार र लगानी प्रवर्द्धनमा मद्दत पुग्छ । साथै, विदेशी लगानीकर्ताहरूलाई नेपालमा विभिन्न सहुलियत, कर छुट, र पूँजी लैजान सक्ने सुविधा प्रदान गरिएको छ ।

संविधानले निजी क्षेत्रलाई विकासको प्रमुख खम्बा मानेको छ, र राजनीतिक दलहरू विकास र समृद्धिमा केन्द्रित भएका छन् । सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक व्यवसाय ऐन, र श्रम ऐन जस्ता कानुनले नेपालमा स्वदेशी तथा विदेशी लगानीलाई प्रवर्द्धन र संरक्षण गर्दै सहज औद्योगिक वातावरण निर्माण गर्नमा मद्दत गरेका  छन् । एकल विन्दु  सेवा केन्द्र मार्फत लगानीकर्तालाई सबै सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ । यी कानुनी र नीतिगत सुधारले नेपाललाई विदेशी लगानीका लागि आकर्षक गन्तव्य बनाएको छ ।

दिगो विकास लक्ष्य प्राप्ति, जलवायु परिवर्तन, सूचना प्रविधिको विकास  र योसँगै वृद्धि भएको पूर्वाधारको माग र आवश्यकताले गर्दा लगानीको माग दिनानुदिन बढ्दै गएको छ । नेपाल उद्योग परिसङ्घ (CNI) र सर्वाङ्गीण विकास अध्ययन संस्था (IIDS) ले गरेको एक अध्ययनले सन् २०३० सम्म नेपालमा ७७ अर्ब देखि १३६ अर्ब अमेरिकी डलर सम्मको पूर्वाधार लगानीको आवश्यकता औंल्याएको छ । नेपाल पूर्वाधार बैंकको एक अध्ययन अनुसार आगामी १० वर्षमा पूर्वाधार परियोजनाहरू सम्पन्न गर्न वार्षिक १३ खर्ब रुपैयाँको लगानी आवश्यक छ । तर, विगत पाँच-सात वर्षको तथ्यांकले पूर्वाधार क्षेत्रमा वार्षिक करिब ३ खर्ब रुपैयाँ मात्र लगानी भएको देखिन्छ, जसले गर्दा लगानीको खाडल वार्षिक कम्तीमा १० खर्ब रुपैयाँको रहेको छ । नेपाल इन्फ्रास्ट्रक्चर बैंकले गरेको अर्को अध्ययन अनुसार, मुख्य राजनीतिक

दलहरूले घोषणापत्रमा राखेका पूर्वाधार परियोजनाहरूको निर्माण गर्न आगामी ७-८ वर्षमा ६६ खर्ब रुपैयाँ लगानी आवश्यक पर्नेछ ।

विद्युत् क्षेत्रमा मात्रै, आगामी १२ वर्षमा २८,५०० मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखिएको छ, जसका लागि विद्युत् उत्पादन, प्रसारण, वितरणको विस्तार र स्तरोन्नति गर्न ६२ खर्ब रुपैयाँको लागत आवश्यक हुनेछ। यसबाहेक, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, स्मार्ट सिटी, सडक, सिँचाइ, खानेपानी, र विमानस्थलजस्ता परियोजनाहरूमा पनि ठूलो लगानीको आवश्यकता छ। नेपालले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन गर्ने नीति लिएको छ, जसका लागि प्रारम्भिक अनुमानअनुसार २५० अर्ब अमेरिकी डलरको हरित पूर्वाधार निर्माण आवश्यक पर्नेछ। समग्रमा, नेपालले कुल गार्हस्थ्य उत्पादन (GDP) को १५ देखि २० प्रतिशत हिस्सा पूर्वाधार र सेवा क्षेत्रमा लगानी गर्नुपर्ने अवस्था देखिन्छ।

उल्लिखित परिप्रेक्ष्यमा, नेपाल स्वदेशी तथा विदेशी लगानीकर्ताका निम्ति आकर्षक गन्तव्य मुलुकका रुपमा रहेको तथ्य निर्विवाद छ। परन्तु सो सैद्धान्तिक तथ्यलाई धरातलीय तथ्यमा परिणत गर्नका लागि हामीले हाम्रा कमजोरी र चुनौतीहरुलाई चिर्दै हाम्रा प्रचुर सम्भावनाहरुलाई सदुपयोग गर्न अब किञ्चित् पनि ढिलाइ गर्नु हुँदैन ।

## १.३ विद्यमान कार्यसम्पादनको अवस्था

नेपालमा निजी क्षेत्रको लगानीको समग्र अवस्थाको विश्लेषण गर्दा यसको प्रमुख जिम्मेवारी बोकेको लगानी बोर्डको कार्यसम्पादनलाई हेर्नुपर्ने हुन्छ। लगानी बोर्डको कार्यसम्पादनलाई मूलतः निम्न चारवटा क्षेत्रमा वर्गीकरण गरी हेर्न सकिन्छः निजी क्षेत्रको लगानी परिचालन; सार्वजनिक-निजी साझेदारी ( सानिसा) आयोजना कार्यान्वयन; सानिसा तथा निजी लगानीसँग सम्बन्धित नीतिगत, कानुनी, संस्थागत र वित्तीय व्यवस्थापन; र सानिसा तथा निजी क्षेत्रको प्रवर्द्धनका लागि सरकारी निकाय र सरोकारवालाहरूसँग समन्वय, सहकार्य र सहयोग। यस्तै, लगानी बोर्डबाट परिचालित हुने लगानीलाई पनि दुई प्रमुख वर्गमा विभाजन गरी हेर्न सकिन्छः सार्वजनिक पूर्वाधार र सेवा प्रवाहमा निजीक्षेत्रको पूँजी, प्रविधि, र सीप परिचालन सहित हुने सानिसा लगानी; र निजीक्षेत्रबाट सीधै गरिने निजी लगानी।

## १.४ नीतिगत एवं कानुनी व्यवस्थाहरु

नेपालमा निजी क्षेत्रको लगानी परिचालन गर्न र प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनका लागि लगानी बोर्डमा विभिन्न नीतिगत र कानुनी व्यवस्थाहरू सहित सानिसा इकाइ, लगानी इकाइ, र एकल विन्दु सेवा केन्द्र स्थापना गरिएको छ । तर, यी सेवा केन्द्रहरूको कार्यसम्पादन अवस्था अपेक्षित रूपमा प्रभावकारी देखिएको छैन। लगानी बोर्डलाई सानिसाको विशिष्टीकृत केन्द्र (PPP Center of Excellence) बनाउन आवश्यक पहलकदमी समेत भएको देखिँदैन । संघ, प्रदेश, र स्थानीय तहका सरकारहरुले सानिसाका लागि आवश्यक नीतिगत, कानुनी, र संस्थागत सहयोग लगानी बोर्डबाट प्राप्त नभएको भन्दै विभिन्न मञ्चहरूमा गुनासो गरेको सुनिन्छ । दातृ निकायहरूले समेत सानिसासम्बन्धी कार्य लगानी बोर्डमार्फत सम्भव नभए छुट्टै निकाय स्थापना गर्नुपर्ने सुझाव दिन थालेका छन् ।

सानिसासम्बन्धी आयोजनाहरूको पहिचान, अध्ययन, खरिद, कार्यान्वयन, र व्यवस्थापनका लागि आवश्यक निर्देशिका, कार्यविधि, बोलपत्र दस्तावेज, र सम्झौतापत्रहरू तयार गर्न नसक्दा सरकारी निकायहरू यस प्रकृतिका आयोजना कार्यान्वयन गर्नेबारे अन्योलमा छन् । सम्बन्धित निकायहरूको

संस्थागत क्षमता विकासमा पनि आवश्यक सुधार हुन सकेको छैन । त्यस्तै, वैदेशिक लगानी प्रवर्द्धन गर्नका लागि ल्याइएका विदेशी विनिमय जोखिम व्यवस्थापन (Hedging) र लगानी नाफा फिर्ता (Repatriation) सम्बन्धी कानुनी व्यवस्थाहरू पर्याप्त र कार्यान्वयन गर्न सहज नभएकाले वैदेशिक लगानीकर्ताहरू अझैपनि नेपालमा लगानी गर्न हिचकिचाइरहेका छन् । साथै, ऐनमा व्यवस्था गरिएका संभाव्य न्यूनता परिपूरक कोष (VGF) र जग्गा अधिग्रहण कोष पनि अहिलेसम्म स्थापना हुन सकेका छैनन् । आयोजना कार्यान्वयनका सन्दर्भमा आवश्यक पर्ने वन, वातावरण, र जग्गा अधिग्रहण जस्ता कार्यहरुमा द्रुत गतिमा कार्यसम्पादन गरिने कानुनी व्यवस्था भएतापनि तिनको कार्यान्वयनमा ढिलाइ भएको देखिन्छ ।

## १.५ समन्वय

नेपालको आर्थिक विकासलाई सुदृढ बनाउन अर्थ मन्त्रालय, धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक लगायतका निकायहरुले विभिन्न नीतिगत, कानुनी र संस्थागत सुधारका कार्यहरु अगाडि बढाएका छन् । जलविद्युत् लगानी तथा विकास कम्पनी, नेपाल पूर्वाधार बैंक, नगर विकास कोषजस्ता संस्थाहरुको सुदृढीकरण मार्फत निजी क्षेत्रका लागि दीर्घकालीन पूँजी परिचालनको वातावरण तैयार पार्ने प्रयास भइरहेको छ । सरकारले हालै वैकल्पिक लगानीको मार्गचित्र स्वीकृत गर्दै सानिसा, मिश्रित लगानी, ग्यारेण्टी फण्डिङ्ग, पूर्वाधार बण्ड, सम्पत्ति मौद्रिकीकरण, स्वपूँजी कोष, ग्रीन बण्ड र हरित वित्तजस्ता वित्तीय उपकरणहरु संचालन गर्न कानुनी र संस्थागत व्यवस्था मिलाउने कार्य अघि बढाएको छ । यी प्रयासहरुको सफल कार्यान्वयनका लागि लगानी बोर्डले सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय तथा विशेष पहलकदमी लिनु आवश्यक देखिएको छ ।

## १.६ संस्थागत क्षमता

लगानी बोर्डको आन्तरिक संस्थागत क्षमताको अवस्था अत्यन्त कमजोर देखिन्छ । यस कार्यालयलाई आवश्यक जनशक्ति नेपाल सरकारबाट उपलब्ध गराइने व्यवस्था भएपनि कर्मचारीहरूको निरन्तर सरुवा हुँदा संस्थागत स्मरण क्षीण र दुर्वल भएको छ । बोर्डले सम्पादन गर्नुपर्ने कार्य-जिम्मेवारीको तुलनामा जनशक्ति पर्याप्त छैन । हाल कार्यालयमा २ जना सहसचिव, ४ जना उपसचिव, ६ जना अधिकृत र ६ जना अन्य कर्मचारीको दरबन्दी कायम रहेको छ, तर बोर्डका आफ्नै स्थायी कर्मचारी छैनन् । प्रधानमन्त्रीको अध्यक्षतामा शक्तिशाली बोर्डको परिकल्पना गरिए तापनि बोर्डले आफ्नो संगठन संरचना परिमार्जन गर्न, दरबन्दी थपघट तथा कर्मचारी नियुक्ति गर्न मन्त्रिपरिषद्को स्वीकृति र करारमा विशेषज्ञ नियुक्त गर्नसमेत अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने अवस्था छ । ल । ऐनले लगानी बोर्डलाई आफ्नै छुट्टै कोष खडा गर्ने अधिकार दिएको भएपनि अहिलेसम्म उक्त कोषको स्थापना हुन सकेको छैन । हालसम्म लगानी बोर्ड सरकारले दिएको बजेटमा मात्र निर्भर छ । स्थापना भएदेखि बोर्डले मुख्य रूपमा UKAID मार्फत संस्थागत सुदृढीकरणका लागि प्राविधिक सहयोग प्राप्त गर्दै आएको छ, जुन बोर्डको कार्य सम्पादनको मुख्य आधार बनेको छ ।

## १.७ परियोजना तयारी र लगानी परिचालन

निजी क्षेत्रको लगानी परिचालनका लागि निजी लगानी तथा सानिसा आयोजनासँग सम्बन्धित आयोजना बैंकको तयारी अत्यन्त महत्वपूर्ण हुन्छ। लगानी बोर्डले विगतमा भएका तीनवटा लगानी सम्मेलनहरू मार्फत विदेशी लगानीकर्ताहरूको रुचि बढाउन केही हदसम्म सफल भएपनि उनीहरूबाट प्रतिबद्धता भएको लगानी भित्र्याउन भने सफलता प्राप्त गर्न सकेको छैन । विगतका तीनवटा लगानी सम्मेलनहरूमा निजी क्षेत्रबाट करिब रू. २० खर्व बराबरको लगानी प्रतिबद्धता प्राप्त भएकोमा हालसम्म तल्लो अरुण, पश्चिम सेती, र एसआर-६ लगायतका केही जलविद्युत् आयोजनाहरू अघि बढे पनि अधिकांश आयोजनाहरु वित्तीय, प्राविधिक तथा कानूनी तयारी र परियोजना लगानीको मोडालिटीमा काम गर्न नसक्दा अघि बढ्न सकेका छैनन् । यसकारण, लगानी बोर्डले कार्यान्वयनयोग्य परियोजनाहरूको विकासको कार्यलाई अघि बढाउनका लागि पर्याप्त संख्यामा आयोजना बैंक तयारीका साथै क्षेत्र र परियोजनाहरुको प्रकृतिअनुसार लगानी मोडालिटीमा समेत थप काम गर्नुपर्ने देखिन्छ।

यस्तै, लगानी बोर्डले आफ्नो स्थापनाकालदेखि अहिलेसम्म अन्य निकाय मार्फत आएका ३८ वटा विभिन्न क्षेत्रका परियोजनामा करिब रू. १२ खर्ब लगानीको स्वीकृति प्रदान गरेको छ भने बोर्डमार्फत कार्यान्वयन हुने २६ परियोजनामा करिब रू. १२ खर्ब लगानीको स्वीकृति प्रदान भएको छ। यद्यपि, स्वीकृत र वास्तविक लगानीबीचको अन्तर अत्यन्त ठूलो छ।

## २. लगानी बोर्डका सबल एवं दुर्वल पक्ष तथा अवसर एवं चुनौतीहरु

**सबल पक्षहरुः**

- सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा सो अनुसारको नियमावली सहितको कानुनी व्यवस्था अनुरुप लगानी बोर्डको स्थापना तथा संचालन भैरहेको ।
- लगानी बोर्डको कार्यालयले कानुनी व्यवस्था अनुरुप लगानीकर्ताहरुको सहजीकरणका निम्ति एकल विन्दु सेवा केन्द्रको स्थापना सहित डिजिटल प्रणालीको प्रयोग अघि बढाएको ।
- बोर्डको छुट्टै कोषका साथै जग्गा अधिग्रहण कोष, संभाव्य न्यूनता परिपूरक कोष (VGF) जस्ता कोषहरुको कानुनी व्यवस्था रहेको ।
- बोर्डद्वारा कार्यान्वयन हुने परियोजनाहरुका निम्ति जग्गा अधिग्रहण, रुख कटान, वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता कार्यलाई द्रुत गतिमा अघि बढाउन विशेष कानुनी व्यवस्था रहेको ।
- लगानी बोर्डको उच्चस्तरीय संयन्त्रको रुपमा प्रधानमन्त्रीको अध्यक्षतामा सम्बद्ध मन्त्री तथा निजी क्षेत्र एवं विज्ञहरु समेतको प्रतिनिधित्व हुने गरी बोर्डको व्यवस्था रहेको । यसले लगानी बोर्डसँग सम्बन्धित कार्यहरुका सम्बन्धमा निर्णय लिनुका साथै समग्र दिशानिर्देश गर्ने एवं समन्वय र सहजीकरण गर्ने व्यवस्था रहेको ।
- अर्थ मन्त्रीको संयोजकत्वमा सम्बन्धित मन्त्रालयका सचिव एवं विज्ञहरुको प्रतिनिधित्व हुने गरी अनुगमन तथा सहजीकरण समितिको व्यवस्थाद्वारा बोर्डका समग्र कार्यहरुको अन्तर-मन्त्रालय समन्वय, सहजीकरण तथा अनुगमनको व्यवस्था रहेको ।
- बोर्डको कार्यालयले उपसचिव स्तरसम्मका कर्मचारीहरुको नियुक्ति गर्ने र करार सेवामा विशेषज्ञहरु राख्न सक्ने नयाँ कानुनी प्रबन्ध गरिएको ।
- प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा नियुक्त प्रमुख कार्यकारी अधिकृतको कार्यावधि चार वर्षको हुने व्यवस्थाद्वारा कार्यकारी नेतृत्वमा स्थायित्वको सुनिश्चितता गरिएको ।
- लगानी बोर्डलाई नेपालमा वैदेशिक लगानी भित्र्याउने उद्देश्य सहित विदेशस्थित नेपाली कूटनीतिक नियोगहरुसँग समन्वय र सहकार्य गर्न एवम् विभिन्न मुलुकहरुसँग लगानी प्रवर्द्धन गर्नका निम्ति BIPPA, DTAA जस्ता विषयमा छलफल गर्न, संयन्त्र स्थापना गर्न र सम्झौता गर्नसक्ने अधिकार रहेको ।
- लगानी बोर्डले सानिसा एवं निजी लगानीसँग सम्बन्धित छ अर्ब रुपैयाँभन्दा माथि (ऊर्जा क्षेत्रमा २०० मेगावाटभन्दा माथि) का प्रायः सबै क्षेत्रका आयोजनाहरुको पहिचान, प्राथमिकीकरण, अध्ययन, मूल्याङ्कन, खरिद तथा आयोजना विकास सम्झौता सहित कार्यान्वयन गर्ने-गराउने एवं सोको अनुगमन सहित निर्मित आयोजनाहरुको संचालन र व्यवस्थापनको सुनिश्चितता गर्ने अधिकार रहेको ।
- लगानी बोर्डले स्वीकृति दिएका ३८ परियोजना र आफैले कार्यान्वयन गरिरहेका २६ परियोजनाहरु रहेका, अन्य आयोजनाहरुका लागि लगानीकर्ताहरुले आशयपत्र (LoI) व्यक्त गरेको ।

**दुर्वल पक्षहरुः**

- लगानी बोर्डको कार्यालयमा एकल विन्दु सेवा केन्द्र स्थापना भएतापनि सोको संचालन हुन नसकेको, सम्बन्धित मन्त्रालय एवं निकायहरुले उक्त केन्द्रमा जनशक्ति नपठाएका र बोर्डबाट

भएका निर्णयहरुको कार्यान्वयनमा ढीलासुस्ती र आनाकानी गरिरहेको अवस्था, डिजिटल प्रणाली (System Automation) मा लैजाने भनिएतापनि त्यसो हुन नसकेको ।

- लगानी बोर्डको छुट्टै कोष स्थापना गर्ने कार्य विगत बाह्र वर्षदेखि हुन नसकिरहेको, त्यस्तै जग्गा अधिग्रहण कोष, संभाव्य न्यूनता परिपुरक कोष लगायतका कोषहरुको पनि स्थापना हुन नसकेको, ती कोषहरुका लागि कार्यविधि समेत नबनेको ।
- बोर्डको कार्यालयमा आवश्यक पर्ने कर्मचारी सरकारले यथासमयमा उपलब्ध नगराउने, भएका कर्मचारीहरूको पनि निरन्तर सरुवा हुने, वित्तीय र अन्य प्रोत्साहन र सुविधाको अभाव ।
- बोर्डले करार सेवामा मात्र विज्ञ राख्न सक्ने व्यवस्था रहे तापनि त्यस्ता विज्ञ नियुक्त गर्न अर्थ मन्त्रालयको सहमति आवश्यक पर्ने ।
- हालै संशोधित कानुनी व्यवस्था अनुसार उपसचिव स्तरका कर्मचारीको नियुक्ति लोकसेवा आयोगको सहमतिमा गर्न सकिने भएतापनि सो व्यवस्था हालसम्म कार्यान्वयनमा नआएको ।
- विज्ञ र कर्मचारी व्यवस्थापनका लागि दातृ निकायमाथि भरपर्नु पर्ने स्थिति ।
- लगानी बोर्डको रणनीति तथा व्यावसायिक योजना सन् २०२१ मै पारित भए तापनि सो अनुरुप कार्यसम्पादन नभएको । उक्त योजनामा निर्धारित लक्ष्य अनुरुपको लगानी परिचालन हुन नसकेको ।
- लगानी बोर्डमार्फत आयोजना बैङ्क तयारी गर्ने कार्य अत्यन्त न्यून रहेको । आयोजनाको पाइपलाइनका निम्ति बोर्ड मूलतः निजी लगानीकर्ताहरुको प्रस्तावमा भर परेको अवस्था ।

**अवसरहरुः**

- संविधानले निजी क्षेत्रलाई मुलुकको विकासको प्रमुख खम्बाका रुपमा पहिचान गरेको र सो अनुरुप निजी क्षेत्रमैत्री कानुनी व्यवस्था भएको ।
- संविधानमाथि सबै राजनैतिक पार्टीहरुको अपनत्व र स्वामित्व रहेको र उनीहरुले विकास तथा समृद्धिलाई प्रमुख एजेण्डा बनाएका ।
- सबै तहका सरकारहरु निजी क्षेत्रमा रहेको पूँजी, ज्ञान, सीप र प्रविधिको परिचालन गरी विकास तथा समृद्धिको लक्ष्य प्राप्तिमा प्रतिबद्ध रहेका र सो अनुरुपका नीतिगत, कानुनी एवं संस्थागत व्यवस्थातर्फ लागेका ।
- सोह्रौं योजनाले निजी क्षेत्रको लगानी परिचालनको हिस्सा ६७.२५ निर्धारण गरी सोही अनुसार कार्यान्वयन रणनीति तय गर्ने अवधारणा अघि सारेको । राष्ट्रिय योजना आयोग तथा विभिन्न मन्त्रालय एवं विभागहरुले समेत निजी क्षेत्रको लगानी परिचालनका निम्ति आयोजना बैंकको तयारी कार्य गरिरहेका ।
- नेपाल जनसांख्यिक लाभको अवस्थामा रहेको, नेपालमा सस्तो दरमा श्रमशक्ति उपलब्ध भई उत्पादन हुने वस्तुको मूल्य अन्तर्राष्ट्रिय बजारमा समेत प्रतिस्पर्धी हुने अवस्था ।
- अन्तर्राष्ट्रिय लगानीकर्ताहरु नेपालमा लगानी गर्न उत्सुक रहेका र लगानी प्रतिबद्धता व्यक्त गरिरहेका ।
- आर्थिक एवं जनसंख्याको हिसाबले विश्वकै ठूलो बजार रहेका छिमेकी मुलुक भारत र चीनबीच पुलको रुपमा रही नेपालले ठूलो फाइदा लिनसक्ने अवस्था रहेको ।

- भारत, चीन, बेलायत, युएई लगायतका मुलकहरुसँग लगानी तथा व्यापार प्रवर्द्धनका निम्ति BIPPA, DTA लगायतका सम्झौता भई ती मुलुकबाट लगानी आकर्षित गर्न सकिने अवसर भएको ।
- प्रचुर जलविद्युत् उत्पादन, हिमाल, पहाड र तराइमा मौसमी विशेषता अनुरुपका कृषि, प्राकृतिक एवं धार्मिक पर्यटनको ठूलो संभावना एवं विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रहरुको व्यवस्था सहित उद्योगहरुलाई विशिष्ट सहुलियत प्रदान एवं नेपालमा लगानी हुने आयोजनाहरुबाट निजी क्षेत्रले राम्रो प्रतिफल प्राप्त गर्न सक्ने अवस्था रहेको ।
- नेपाललाई सहयोग गर्ने विकास साझेदारहरु लगानी बोर्डको संस्थागत सुदृढीकरण तथा विकास मार्फत नेपालमा निजी क्षेत्रको लगानी अभिवृद्धिमा हरतरहले सहयोग गर्न प्रतिबद्ध ।
- नेपाल SAARC, BIMSTEC, MIGA, WTO लगायतका अन्तर्राष्ट्रिय संगठन एवं मञ्चहरुको सदस्य भएका कारण नेपालको आर्थिक विकासमा उक्त अन्तर्राष्ट्रिय संस्थाहरुको विशेष सहयोग रहने ।
- विवाद समाधानका लागि अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य कानुनी प्रबन्ध रहेको ।

चुनौतीहरुः

- अस्थिर राजनैतिक अवस्था र त्यसबाट सृजित नीतिगत अस्पष्टताका कारण विदेशी एवं स्वदेशी लगानीकर्ताहरु संशकित भैरहने । पूर्वाधार क्षेत्रमा गरिने लगानी दीर्घकालीन प्रकृतिको हुने भएकाले निजी क्षेत्रको विश्वासको वातावरण बिग्रने र बढी जोखिम महसुस हुने । यसले लगानी नआउने र आएकोमा पनि आयोजनाको लागत बढ्न जाने स्थिति भएको ।
- निजी क्षेत्रबाट संचालन गरिने ठूला आयोजनाहरुको कार्यान्वयनका सन्दर्भमा राजनैतिक तहमा विवाद देखा परिरहने र सरकार परिवर्तन हुँदा अघिल्लो सरकारले शुरु गरेका आयोजना कार्यान्वयनमा ध्यान नदिने प्रवृत्ति रहेको ।

  आयोजनाहरुको कार्यान्वयनका क्रममा जग्गा अधिग्रहण, वातावरणीय प्रभाव मूल्याङ्कन, रुख कटान तथा स्थानीय समुदायसँगको विवाद जस्ता कारणहरुले आयोजनाहरुको लागत बढ्न जाने, कार्यान्वयन प्रक्रिया ढीलो हुने एवं प्रक्षेपित आम्दानी घट्न गई सरकार तथा निजी क्षेत्र दुवैलाई घाटा हुने अवस्था रहेको ।

- लगानी बोर्डले गर्ने कार्यप्रति अन्य मन्त्रालय तथा सरकारी निकायहरुले अपनत्व नलिने प्रवृत्ति र यसले गर्ने कार्यलाई सहजीकरण गर्न तत्पर नदेखिएको ।
- सरकारी निकायहरुमा निजी क्षेत्रप्रति हेर्ने दृष्टिकोणमा अझै पनि नकारात्मक धारणा रहेको र निजी क्षेत्रसँग सम्बन्धित कार्यहरुमा ढीलासुस्ती गर्ने प्रवृत्ति रहेको ।
- नेपाली निजी क्षेत्रमा आफ्नो व्यावसायिक दक्षता र कौशलका  आधारमा मुनाफा कमाउने भन्दा सरकारका कमी-कमजोरीमा टेकेर र कानुनका छिद्र खोजेर मुनाफा आर्जन गर्ने प्रवृत्ति ।
- नेपाली निजी क्षेत्र र सरकारका बीच सानिसा अवधारणाका सम्बन्धमा अस्पष्टता भई जोखिम तथा लाभको बाँडफाँट प्रभावकारी हुन नसकेको ।
- कोभिड-१९, रुस-युक्रेन युद्ध, शक्ति राष्ट्रहरुबीचको खिंचातानी जस्ता कारणहरुले सिर्जना भएको विश्व आर्थिक मन्दीका कारण निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रबाट हुने लगानी परिचालन तथा उत्पादित वस्तुहरुको खपतमा न्यूनता आएको ।

- निजी क्षेत्रलाई आयोजनाका लागि हदबन्दीभन्दा बढीको जग्गा उपलब्ध गराउनका निम्ति प्रक्रियागत एवं कानुनी झञ्झट रहेका कारण त्यस प्रकृतिका आयोजनामा लगानी गर्नमा निजी क्षेत्र हच्केको स्थिति ।
- सडक, विद्युत्, सूचना प्रविधि लगायतका पूर्वाधारहरुको गुणस्तरीयता र पर्याप्तताको अभाव ।

## ३. अन्तर्राष्ट्रिय अभ्यास र अनुभव

### ३.१ परिचय

आर्थिक वृद्धिलाई अगाडि बढाउन र सामाजिक-आर्थिक विकासको गतिलाई तीव्र बनाउनमा पूर्वाधार र लगानीले निर्णायक भूमिका निर्वाह गर्दछन् । यो तथ्यलाई मनन गर्दै कैयन उदीयमान विकासशील मुलुकहरुले विविध स्रोतबाट लगानी भित्र्याउनका लागि अनुकूल वातावरण निर्माण गर्ने विषयलाई उच्च प्राथमिकतामा राख्ने गरेका छन् । सार्वजनिक-निजी साझेदारी (सानिसा) वा निजी लगानीका माध्यमबाट सफलतापूर्वक उल्लेखनीय परिमाणमा लगानी परिचालन गर्ने मुलुकहरुले लगानी-मैत्री परितन्त्र (Investment–Friendly Ecosystem) को निर्माण एवं विकास होस् भनेर नै एउटा छुट्टै निकाय बनाउने गरेका छन् । नेपालको लगानी बोर्डको जस्तै प्रकृतिका ती निकायहरु आयोजना विकास, आयोजना संरचना तथा सानिसा एवं लगानी नीतिहरुको तर्जुमाजस्ता महत्त्वपूर्ण कार्यमा संलग्न देखिन्छन् । यस्ता निकायहरुले पूर्वाधार विकास तथा लगानी अभिवृद्धिको कार्यमा समन्वित रूपमा सघाउने कार्य गर्छन् । परन्तु, अधिकांश मुलुकहरुमा भने सानिसा र लगानी अभिवृद्धिको काम गर्ने निकाय छुट्टाछुट्टै छन् । यी सबै प्रकारका कार्य गर्ने निकायहरु भएका मुलुकहरुको संक्षिप्त विश्लेषणात्मक जानकारी यस खण्डमा दिइएको छ । यसबाट लगानी बोर्डलाई लगानीका संभाव्य क्षेत्र पहिल्याउने सन्दर्भमा आफ्नो कार्यदिशा तय गर्न मद्दत पुग्नेछ ।

### ३.२ विश्व परिदृश्य

### क.सार्वजनिक-निजी साझेदारी (PPP) र परियोजना विकास संस्थाहरू :

सार्वजनिक-निजी साझेदारी र परियोजना विकास संस्थाहरूले निजी क्षेत्रको विशेषज्ञता, कार्यदक्षता, र वित्तीय स्रोतहरू आकर्षित गर्न महत्वपूर्ण भूमिका खेल्छन् । नीति निरन्तरता सुनिश्चित गर्दै र अनुकूल वातावरण प्रदान गरेर, यस्ता संस्थाहरूले देशमा निजी क्षेत्रको लगानीका लागि अनुकूल परिवेश सिर्जना गर्छन् । साथै, यी संस्थाहरूले सम्भावित लगानीकर्ताहरूका लागि आर्थिक एवं वित्तीय रूपमा आकर्षक लगानीयोग्य परियोजनाहरू विकास गर्न मद्दत गर्छन् ।

यस सन्दर्भमा, विश्वभरका विभिन्न सानिसा (PPP) निकायहरूको कार्यादेश (Mandate) र गतिविधिहरू राम्रोसँग बुझ्नका लागि, सन् २०१३-२०२३ को अवधिमा सानिसा मार्फत कुल लगानीको करिब ४०% आकर्षित गर्न सफल पाँच देशहरूको पहिचान गरिएको छ । यस विश्लेषणले ती देशहरूमा निजी लगानी आकर्षित गर्न प्रभावकारी रणनीति र अभ्यासहरू उजागर गर्ने उद्देश्य राखेको छ ।

**तालिका ८ : छनोट गरिएका देशहरू र तिनका सानिसा निकायहरू**

| देश | निकायको नाम |
|---|---|
| ब्राजिल | Comitê Gestor de PPPs Federais/ PPP Committee |
| मेक्सिको | Investments Unit |
| भारत | Infrastructure Finance Secretariat |
| इन्डोनेसिया | The PPP Directorate of Indonesia |
| फिलिपिन्स | Public-Private Partnership Center |

तलका अनुच्छेदहरुमा, अनुकूल वातावरण सिर्जना गर्न महत्वपूर्ण रूपमा प्रभाव पार्ने प्रमुख मानकहरू पहिचान गरिएका छन्, र माथि उल्लिखित सबै निकायहरूलाई ती मानकहरूको आधारमा मूल्यांकन

गरिएको छ । यसबाट ती निकायहरूले आफ्ना सम्बन्धित देशहरूमा सानिसा परियोजनाहरू कार्यान्वयन गर्न प्रदान गर्ने सहयोगको स्तर बुझ्न सहज हुनेछ ।

**तालिका ९ : उल्लिखित निकायहरूको कार्यादेश (Mandate) को संक्षिप्त विवरण**

| Functions | Investment Unit (Mexico) | Comitê Gestor de PPPs Federais (Brazil) | Infrastructure Finance Secretariat (India) | PPP Directorate of Indonesia | PPP Partnership Center (Philippines) |
|---|---|---|---|---|---|
| सानिसा नियमन र नीतिगत मार्गदर्शन | छ | छ | छ | छ | छ |
| अन्य सार्वजनिक निकायहरूका लागि सानिसा क्षमता निर्माण | छ | छ | छ | छ | छ |
| राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा सार्वजनिक वा निजी क्षेत्रबीच सानिसा प्रवर्द्धन | छ | छ | छ | छ | छ |
| सानिसा परियोजनाहरू कार्यान्वयन गर्न प्राविधिक सहायता | छ | छ | छ | छ | छ |
| सानिसा परियोजनाहरू पहिचान र छनोट | छैन | छ | छैन | छ | छैन |
| सरकारले बेहोर्ने वित्तीय जोखिमको पुनरावलोकन | छैन | छैन | छ | छैन | छैन |
| सानिसा परियोजनाहरूको स्वीकृति | छ | छ | छ | छ | छैन |
| सानिसा प्रक्रियाको खरिद कार्य | छैन | छैन | छैन | छैन | छैन |
| सानिसा कार्यान्वयनको निरीक्षण | छ | छैन | छ | छ | छ |
| सम्पन्न परियोजनाको लेखाजोखा र लेखापरीक्षण | छैन | छैन | छैन | छैन | छैन |
| न्यून परिपूर्ति कोष (VGF) | छैन | छैन | छ | छ | छैन |
| परियोजना विकास कोष | छैन | छैन | छ | छ | छ |
| परियोजना विकास/तयारीमा सहायता | छ | छ | छ | छ | छ |
| परियोजना सूची (Project Pipeline) | छ | छ | छ | छ | छ |

<u>तलिका १० : संस्थागत संरचना र वित्तीय स्रोत</u>

| Parameters | Investment Unit (Mexico)# | Comitê Gestor de PPPs Federais (Brazil)* | Infrastructure Finance Secretariat (India) | PPP Directorate of Indonesia | PPP Partnership Center (Philippines) |
|---|---|---|---|---|---|
| वित्तीय स्रोतहरु | Fondo Nacional de Infraestructura/ Mexico's infrastructure fund (FONADIN) | Government Budgetary Support | Budgetary Support and Donor Agencies | Budgetary Support | Budgetary Support and Donor Agencies |
| आन्तरिक सांगठनिक विभाजन | NA | NA | 2 (Infrastructure Policy & Planning, Infrastructure Support & Development Unit) | 4 (Synchronization & policy strategy, PPP coordination, Financing Identification & Selection, Market & Information) | 6 (Project Development Service, Project Development & Monitoring Facility, Legal Services, Admin, Policy Formulations, Capacity Building) |
| प्रतिवेदन दिनुपर्ने मन्त्रालय (Reporting Ministry) | Ministry of Finance | Ministry of Planning, Budget and Management | Ministry of Finance | Ministry of National Development Planning | National Economic & Development Authority |

#यो (मेक्सिको) अर्थ मन्त्रालय अन्तर्गतको प्रशासनिक कार्यालय हो, जसको कार्य कार्यक्रम र परियोजनाहरूको सूची (Pipeline) एकत्रित र व्यवस्थापन गर्नु हो ।

*यसको (ब्राजिलको) कुनै संगठनात्मक संरचना उपलब्ध छैन । अर्थ मन्त्रालयका अनुसार, संघीय सरकारले एक सानिसा व्यवस्थापन समिति गठन गरेको छ, जसको उद्देश्य प्राथमिकताप्राप्त परियोजनाहरू छनोट गर्नु र सानिसा कानुनमार्फत तिनको अनुगमन गर्नु हो । विभिन्न मन्त्रालयहरूलाई फरक-फरक कार्यहरू सञ्चालन गर्न तोकिएको छ ।

<u>मुख्य सन्देशहरू:</u>

मेक्सिको, ब्राजिल, भारत, इन्डोनेसिया, र फिलिपिन्सका सानिसा निकायहरूको उल्लिखित तुलनात्मक विश्लेषणले केही महत्वपूर्ण दृष्टिकोणहरू र रणनीतिहरू प्रस्तु गरेको छ, जसलाई नेपालको सानिसा संरचना सुदृढ गर्ने प्रयोजनार्थ लगानी बोर्डले अपनाउने विषयमा विचार गर्न सक्छ । मुख्य निष्कर्षहरू निम्नानुसार छन्:

- **सानिसा नियमन, नीतिगत मार्गदर्शन, क्षमता निर्माण, प्रवर्द्धन, र प्राविधिक सहायता यी पाँच विषयलाई उल्लिखित पाँचोटै निकायहरूले प्राथमिकताका रूपमा लिएका छन्** । यी विषयहरू सशक्त सानिसा प्रणालीका आधारशिला हुन् । नेपालमा सानिसा संरचना मजबुत बनाउन लगानी बोर्डले अल्पकालीन र मध्यकालीन अवधिमा यी विषयहरूलाई प्राथमिकता दिनु आवश्यक छ ।
- **सानिसा परियोजनाहरूको पहिचान र छनोटमा ब्राजिल र इन्डोनेसियाका निकायहरू मात्र सक्रिय रूपमा संलग्न छन् भने अन्य अधिकांश निकायहरू अन्य कार्यान्वयनकारी निकायहरूलाई परियोजना विकासमा सहायता प्रदान गर्छन्** । लगानी बोर्डले आफ्नो हालको परियोजना सूची (Pipeline) लाई उपयोग गरी कार्यान्वयनयोग्य (Viable) सानिसा परियोजनाहरू पहिचान गर्न र मूल्यांकन गर्न सक्छ ।
- **सानिसा परियोजनाको स्वीकृतिलाई फिलिपिन्सबाहेक अन्य अधिकांश देशहरूले आफ्नो प्रमुख जिम्मेवारीका रूपमा लिएका छन्** । सानिसा कार्यान्वयनको अनुगमन ब्राजिल बाहेक सबै देशहरूले प्राथमिकताका रूपमा लिएका छन्, जुन लगानी बोर्डको हालको कार्यादेशसँग मेल खान्छ ।
- **परियोजनासम्बन्धी खरिद कार्य, कार्यान्वयन र व्यवस्थापनमा लगानी बोर्डको भूमिका चयन गरिएका अन्य निकायहरूको भन्दा फरक छ** । यो भिन्नताले नेपालले सानिसा लगानीकर्ताहरूका लागि एकीकृत सेवा केन्द्र (OSSC) को अवधारणा अपनाएको देखाउँछ ।
- **भारत, इन्डोनेसिया र ब्राजिलले संभाव्यता न्यून परिपूरक कोष (VGF) को प्रावधानलाई पूर्वाधार परियोजनाहरूको व्यापारिक आकर्षण वृद्धि गर्न र निजी लगानी आकर्षित गर्नमा प्रयोग गर्छन्** । भारत र फिलिपिन्सले 'चक्रीय कोष' (Revolving Fund) को अतिरिक्त उपकरण प्रयोग गरी परियोजना तयारी कार्यमा सहायता गर्छन् । लगानीकर्ताहरूको विश्वास बढाउन र कार्यान्वयनयोग्य सानिसा परियोजनाहरूको सूची विकास गर्न नेपालमा VGF संयन्त्रका साथै एक परियोजना विकास कोष (Project Development Fund) समेत स्थापना गर्नु आवश्यक छ ।
- **वित्तीय स्रोतहरू भने देशअनुसार फरक छन्, जसमा बजेटमै विनियोजन गरिने अनुदानदेखि लिएर स्थानीय तथा विदेशी वित्तीय स्रोतहरू पर्दछन्** । लगानी बोर्डले पनि यस्ता कोषहरू उपयोग गरेर सानिसा गतिविधिहरूका लागि आवश्यक वित्तीय स्रोत जुटाउन सक्छ ।
- **उत्तम विश्वव्यापी अभ्यासलाई अनुसरण गर्दै लगानी बोर्डले पनि आफ्नो सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि कार्यसँग सम्बन्धित संगठनात्मक संरचना (Activity–Linked Organogram) विकास गर्नु आवश्यक छ ।**

यी रणनीतिहरू अवलम्बन गरेमा, लगानी बोर्डले निजी लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्न सक्नेछ र साथै नेपालमा सानिसा परियोजनाहरूको सफल कार्यान्वयनलाई प्रवर्द्धन गर्न समेत मद्दत पुग्नेछ ।

## ख.लगानी प्रवर्द्धन निकायहरु :

विदेशी लगानीको महत्वपूर्ण भूमिकालाई स्वीकार्दै, विश्वभरका सरकारहरूद्धारा लगानी आकर्षित गर्न र सहज बनाउन लगानी प्रवर्द्धन निकायहरु (Investment Promotion Agencies/IPAs) स्थापना गरिएको छ । आजको समयमा यस्ता निकायहरु राष्ट्रिय विकास रणनीतिका अभिन्न हिस्सा बनेका छन् र यिनले प्रायः विदेशी तथा स्वदेशी लगानीकर्ताहरूका लागि पहिलो सम्पर्क बिन्दुका रूपमा कार्य गर्छन् । लगानी प्रवर्द्धन अन्तर्गत विभिन्न सेवा समेटिन्छन्, जस्तै बजारसम्बन्धी तथ्यांक प्रदान गर्ने, सम्भाव्यता अध्ययन

(Feasibility Study) गर्ने र वातावरणीय प्रभाव मूल्यांकन (Environmental Impact Assessment) गर्ने, आदि । आर्थिक सहयोग तथा विकास संगठन (OECD) मा आबद्ध पश्चिमी विकसित देशहरुमा IPAs ले लगानी प्रवर्द्धनमा विशेष ध्यान दिने गर्छन् । यस क्रममा लगानीकर्ता पहिचान (Investor Targeting) र लगानीपछिको सहायता (Post–Investment Support) मुख्य प्राथमिकतामा पर्ने गरेको पाइन्छ । अन्य विकासशील देशका निकायहरूले पनि यस्तै नीति अपनाएका छन् भने संक्रमणकालीन अर्थतन्त्र भएका देशहरूमा त यी निकायहरूले अझ थप जिम्मेवारी वहन गर्ने गरेका छन् ।

यी निकायको भूमिका र जिम्मेवारी विस्तृत रूपमा बुझ्न केही देशका सम्बन्धित निकायहरूको अभ्यास र अनुभवले सघाउन सक्ने ठानी तिनको विवरण तल दिइएको छ । यस्ता निकाय मार्फत ती देशहरूले आफ्नो देशमा भित्रिने विदेशी लगानीको प्रवाह (FDI Flow) मा उल्लेखनीय सुधार गर्न सफलता हासिल गरेको पाइन्छ ।

तालिका ११ : छनोट गरिएका देशहरू र तिनका लगानी प्रवर्द्धन निकायहरू

| Name of the Country | Name of the Agency |
|---|---|
| भारत | Invest India |
| श्रीलंका | Board of Investment Sri Lanka (BOI) |
| भियतनाम | IPA Vietnam |
| स्पेन | ICEX |
| ब्राजिल | Apex Brasil |
| कतार | Invest Qatar |

## मुख्य सन्देशहरु

भारत, श्रीलंका, भियतनाम, ब्राजिल, स्पेन, र कतारका लगानी प्रवर्द्धन निकायहरू (IPAs) को माथिको मूल्यांकनले केही महत्वपूर्ण दृष्टिकोण र क्रियाकलापहरूका वारेमा सूचित गर्दछ, जसलाई लगानी बोर्डले नेपाललाई प्रमुख लगानी गन्तव्यका रूपमा स्थापित गर्न उपयोग गर्न सक्छ । मूल्यांकनका मुख्य निष्कर्षात्मक सन्देशहरू निम्नानुसार छन्:

- सबै लगानी प्रवर्द्धन निकायहरू सम्बन्धित देशको वाणिज्य, औद्योगिक, र आर्थिक विकाससँग सम्बन्धित मन्त्रालयको समन्वयमा गठन गरिएका छन् । लगानी प्रवर्द्धन गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयसँगको सहकार्य र निजी क्षेत्रको सहभागिता आवश्यक देखिन्छ, जसको उदाहरण भारत र ब्राजिलमा देख्न सकिन्छ । **यहाँपनि, लगानी बोर्डले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (Ministry of Industry, Commerce and Supplies/MOICS) लगायतका निकायहरूसँग सहकार्य गर्ने प्रभावकारी संयन्त्र विकास गर्नु आवश्यक छ ताकि सम्भावित लगानीकर्ताहरूलाई सहज अनुभव प्रदान गर्न सकियोस् ।**
- भारत, स्पेन, ब्राजिल, र कतारका निकायहरूले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूसँग पहुँच बढाउन विभिन्न सम्मेलन, गोलमेच छलफल, शिखर सम्मेलन, र रोड शोहरू आयोजना गर्छन् । स्पेनले अनुसन्धान तथा विकास (R&D -Innova Invest & ERDF) र स्टार्ट अप्सलक्षियत लगानी कार्यक्रमहरू पनि सञ्चालन गरेको छ । **यस्ता बाह्य प्रचार-प्रसार तथा प्रवर्द्धन (Outreach) कार्यक्रमहरूमा लगानी**

**बोर्डको सहभागिताले नेपाललाई सम्भावित लगानी गन्तव्यका रूपमा स्थापित गर्न र थप लगानीकर्ताहरूलाई आकर्षित गर्न मद्दत गर्नेछ ।**

- विभिन्न देशका लगानी प्रवर्द्धन निकायहरूले प्रभावकारी संगठनात्मक संरचना विकास गरेका छन्, जसमा निजी क्षेत्रका उद्यमी-व्यवसायीहरु, औद्योगिक विशेषज्ञहरू, र बहु-क्षेत्रगत अनुभव भएका व्यक्तिहरूलाई समावेश गराइएको छ । Invest Qatar मा कार्यकारी (Executive) र परामर्शदाता (Advisory) दुई फरक टोलीहरू छन्, जबकि ब्राजिलमा Fiscal Council (आन्तरिक निगरानी तथा नियन्त्रण निकाय) र Deliberative Council (विभिन्न मन्त्रालयहरू र औद्योगिक निकायका प्रतिनिधिहरू सहितको परामर्श निकाय) रहेका छन् । **नेपालमा पनि लगानी बोर्डको संगठनात्मक संरचनामा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू र औद्योगिक विशेषज्ञहरूलाई समावेश गर्दा नीति निर्माणमा सुधार हुनेछ र लगानीकर्ताहरूलाई आकर्षित गर्न सहज हुनेछ ।**
- अधिकांश लगानी प्रवर्द्धन निकायहरूले लगानीकर्ताहरूलाई परामर्श, कानूनी सहायता, र परिस्थितिसँग अनुकूलित लगानी समाधान प्रदान गर्छन्, जसले गर्दा लगानी निर्णय प्रक्रिया सहज बन्छ । **यस्ता सेवा लगानी बोर्डले पनि प्रदान गर्न सकेमा लगानीकर्ताहरूसँग विश्वासिलो र दिगो सम्बन्ध कायम गर्न मद्दत पुग्नेछ ।**
- अधिकांश लगानी प्रवर्द्धन निकायहरूले लगानीकर्ताहरूका लागि लगानीपछिको सेवा (Aftercare Services) समेत प्रदान गर्छन्, जसले लगानीकर्ताहरूलाई दीर्घकालीन रूपमा लगानी गर्न प्रेरित गर्छ । यसले लगानीकर्ताहरूकै मुखबाट बजार प्रवर्द्धन (Word–of–Mouth Marketing) गर्नमा र थप लगानीकर्ताहरूलाई आकर्षित गर्नमा सहयोग पुऱ्याउँछ । **यस कुरालाई मनन गर्दै लगानी बोर्डले लगानीकर्ताहरूसँग बलियो सम्बन्ध निर्माण गरी लगानीको आवृत्ति (Repeated Investment) प्रवर्द्धन गर्ने लक्ष्य राख्नुपर्छ, जसले नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउनेछ ।**
- Sri Lanka को BOI बाहेक सबै लगानी प्रवर्द्धन निकायहरूका मुख्य वित्तीय स्रोत सरकारको बजेट सहयोग, बैंकहरू र संप्रभु सम्पत्ति कोष (Sovereign Wealth Funds) हुन् । BOI Sri Lanka ले भने सरकारी बजेट बाहेक, लाइसेन्स शुल्क, परियोजना स्वीकृति, आयात/निर्यात सेवाशुल्क जस्ता सञ्चालन तथा गैर-सञ्चालन गतिविधिहरू (Operating and Non-Operating Activities) बाट पनि आम्दानी गर्छ । **नेपालको लगानी बोर्डले पनि एकल विन्दु सेवा केन्द्र (One–Stop Service Center) बाट दिइने सेवाका साथै परियोजना विकास तथा व्यवस्थापन शुल्क मार्फत समेत लगानीकर्ताहरूबाट सेवाशुल्क लिई अतिरिक्त वित्तीय स्रोत जुटाउन सक्छ ।**

**लगानी बोर्डको आगामी कार्यदिशा :**

नेपालमा लगानी प्रवर्द्धन र सार्वजनिक-निजी साझेदारी (सानिसा) संरचना सुधार गर्न लगानी बोर्डले अन्तर्राष्ट्रिय सफल अभ्यासहरूबाट प्रेरित व्यापक दृष्टिकोण अवलम्बन गर्न आवश्यक छ । यसमा निम्न कुराहरू समावेश गर्न सकिन्छः

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (MoICS) लगायतका निकायहरूसँग र अन्य सम्बद्ध निकायहरूसँग सहकार्य गर्दै समन्वित लगानी रणनीति विकास गर्ने ।
- वैश्विक (Global) र स्थानीय लगानी सम्बन्धी कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाई नेपाललाई प्रमुख लगानी गन्तव्यका रूपमा स्थापित गर्ने ।

- निजी क्षेत्रका विज्ञहरूलाई संगठनात्मक संरचनामा समावेश गरी नीति निर्माण र लगानीकर्तासँगको संलग्नता प्रभावकारी बनाउने ।
- लगानीकर्ताहरूलाई विशेष परामर्श, कानूनी सहायता तथा लगानीपछिको सेवा (Aftercare Services) प्रदान गरी विश्वसनीय वातावरण सिर्जना गर्ने ।
- परियोजना विकास शुल्क र अन्य सेवा शुल्कको माध्यमबाट वित्तीय दिगोपन कायम राख्न अतिरिक्त स्रोतहरूको खोजी गर्ने ।
- सानिसा नियमन, नीतिगत समर्थन, परियोजना विकास, र **संभाव्य** न्यूनता परिपूरक कोष (VGF) जस्ता संयन्त्रहरू कार्यान्वयन गर्दै पूर्वाधार परियोजनाहरूलाई लगानीकर्ताहरूका लागि आकर्षक बनाउने ।

यी सबै लक्ष्यहरू प्राप्त गर्न, लगानी बोर्डले कार्यसँग सम्बन्धित संगठनात्मक संरचना (Activity–Linked Organogram) विकास गर्ने प्रस्ताव गरेको छ जसले नेपालमा दिगो आर्थिक विकासको मार्ग खोल्नेछ । यी रणनीतिहरू अवलम्बन गरेमा नेपाललाई एक प्रमुख वैश्विक लगानी गन्तव्यका रूपमा स्थापित गर्न उल्लेखनीय टेवा पुग्नेछ ।

## ४. भावी रणनीतिक योजना (२०८१/८२ - २०८५/८६)

माथि उल्लिखित नेपालको लगानी अवस्था, संभावना एवं लगानी बोर्डको कार्यसम्पादन अवस्था सहित यसका सबल एवं दुर्वल पक्षहरु तथा अवसर एवं चुनौतीहरुको विश्लेषणका आधारमा लगानी बोर्डको आगामी चार वर्षको रणनीतिक योजनालाई निम्न अनुसार दुई भागमा विभाजन गरी प्रस्ताव गरिएको छ। प्रथम खण्डमा यसको "लगानी लक्ष्य तथा लगानी योजना" राखिएको छ भने दोश्रो खण्डमा यसको संस्थागत सुदृढीकरण एवं विकास सहित उल्लिखित लगानी लक्ष्य प्राप्त गर्नका निम्ति अवलम्बन गर्नुपर्ने "रणनीति तथा कार्ययोजना" प्रस्तुत गरिएको छ ।

### क. लगानी लक्ष्य तथा लगानी योजना

सोह्रौं योजनाले निर्धारण गरेको विकास र समृद्धिका लक्ष्यहरु हासिल गर्न, नेपाल सन् २०२६ भित्रमा विकासशील मुलुकको स्तरमा उक्लन तथा नेपालले सन् २०३० भित्रमा दिगो विकासका लक्ष्यहरु हासिल गर्नका निम्ति आवश्यक पर्ने लगानी न्यूनतालाई परिपूर्ति गर्ने उद्देश्य सहित लगानी बोर्डले स्वदेशी तथा विदेशी लगानीकर्ताहरुबाट प्रत्यक्ष लगानी परिचालन गर्ने लक्ष्य तय गर्नु उपयुक्त हुन्छ। यस्तैगरी निजी क्षेत्रको लगानी परिचालनको अवस्था आयोजनाहरुको तयारी, खरिद प्रक्रिया, निजी क्षेत्रको छनौट एवम् सम्झौता र आयोजनाको कार्यान्वयन जस्ता पक्षहरुमा निर्भर गर्दछ। तसर्थ लगानी बोर्डले लगानी लक्ष्य तथा लगानी योजना तय गर्दा आयोजना तयारी तथा कार्यान्वयन पक्षसँग सम्बन्धित विभिन्न चरणलाई ध्यानमा राखी गर्नु उपयुक्त हुन्छ, जसले गर्दा वर्तमानमा लगानी परिचालन हुने कुराको सुनिश्चितताका साथसाथै भविष्यमा लगानी परिचालनका निम्ति पर्याप्त आयोजना बैंकको तयारी हुन सकोस् । यस अवधारणामा आधारित भई सोह्रौं योजनाले लक्ष्यित गरेका योजना तथा कार्यक्रम, विगतदेखि पाइपलाइनमा रहेका योजना, विभिन्न मन्त्रालय तथा विभाग एवं प्रदेश सरकार र स्थानीय तहहरुले आफ्नो रणनीति तथा योजनाहरुमा प्रस्ताव गरेका आयोजनाहरु तथा निजी क्षेत्रबाट विभिन्न समयमा प्रस्तावित आयोजनाहरुको अध्ययन गर्दा लगानी बोर्डले आगामी चार वर्षभित्र निम्नअनुसारका आयोजनाहरुको तयारीका साथसाथै कार्यान्वयनका चरणबद्ध माइलस्टोनहरु पुरा गर्ने र लगानी परिचालन गर्ने गरी लगानी लक्ष्य तथा लगानी योजना तर्जुमा गर्नु उपयुक्त देखिन्छ ।

**तलिका १२:**

| क्र.स | परियोजनाका चरणहरु | लक्ष्य (आ.व ०८१/८२) | | | | लक्ष्य (आ.व ०८२/८३) | | | | लक्ष्य (आ.व ०८३/८४) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न्यूनतम | | अधिकतम | | न्यूनतम | | अधिकतम | | न्यूनतम | | अधिकतम | |
| | | सख्या | रकम (अर्ब अेमरिकी डलर) | सख्या | रकम (अर्ब अेमरिकी डलर) | सख्या | रकम (अर्ब अेमरिकी डलर) | सख्या | रकम (अर्ब अेमरिकी डलर) | सख्या | रकम (अर्ब अेमरिकी डलर) | सख्या | रकम (अर्ब अेमरिकी डलर) |
| १ | परियोजना पाइपलाईन (पूर्व सम्भाव्यता अध्ययन सम्पन्न गेंन) | ४ | १.२३ | ११ | ३.४० | ६ | २.६० | १२ | ५.२० | ५ | २.२१ | १२ | ५.३० |
| २ | परियोजना खरिद (विकासकर्ता छनौट) | १ | ०.०२ | ६ | ४.४० | ३ | ०.९३ | ११ | ३.४० | ५ | २.१७ | १२ | ५.३० |
| ३ | पिडिए/पिआईए वार्ता र सम्झौता | ३ | २.२५ | ५ | ३.७५ | ६ | ३.३० | ६ | ३.३० | ४ | १.२३ | ११ | ३.४० |
| ४ | वित्तीय व्यवस्थापन र पूर्व विकास गतिविधिहरु | १ | ०.६४ | ३ | १.९० | १ | ०.८३ | ४ | ३.३० | ६ | ३.३० | ६ | ३.३० |
| ५ | निर्माण (जम्मा) | २ | १.६७ | ६ | ३.६० | २ | १.२६ | ९ | ५.६५ | २ | २.२६ | ७ | ५.३५ |
| ६ | सञ्चालन (जम्मा) | | | | | १ | १.१० | १ | १.१० | २ | १.७७ | ३ | ३.३० |
| ७ | निजी तथा अन्य निकायेल कार्यान्वयन गेंन परियोजना लगानी स्वीकृति | ८ | १.०२ | १३ | १.६५ | १० | १.१९ | १६ | १.९० | १४ | १.५७ | २१ | २.६५ |

| क्र.सं | परियोजनाका चरणहरु | लक्ष्य (आ.व ०८४/८५) | | | | लक्ष्य (आ.व ०८५/८६) | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न्यूनतम | | अधिकतम | | न्यूनतम | | अधिकतम | | न्यूनतम | | अधिकतम | |
| | | संख्या | रकम (अर्ब अेमरिकी डलर) | संख्या | रकम (अर्ब अेमरिकी डलर) | संख्या | रकम (अर्ब अेमरिकी डलर) | संख्या | रकम (अर्ब अेमरिकी डलर) | संख्या | रकम (अर्ब अेमरिकी डलर) | संख्या | रकम (अर्ब अेमरिकी डलर) |
| १ | परियोजना पाइपलाईन (र्पूव सम्भाव्यता अध्ययन सम्पन्न र्गन) | ५ | २.३२ | ११ | ५.१० | २ | ०.९६ | ११ | ५.३० | २२ | ९.३२ | ५७ | २४.३० |
| २ | परियोजना खरिद (बिकासकर्ता छनौट) | ४ | १.७७ | १२ | ५.३० | २ | ०.९३ | ११ | ५.१० | १५ | ५.८१ | ५२ | २३.५० |
| ३ | पिडिए/पिआईए वार्ता र सम्झौता | ६ | २.२२ | १० | ३.७० | २ | ०.७६ | १० | ३.८० | २१ | ९.७६ | ४२ | १७.९५ |
| ४ | वित्तीय व्यवस्थापन र र्पूव विकास गतिविधिहरु | ३ | १.०५ | १० | ३.५० | २ | ०.८२ | ९ | ३.७० | १३ | ६.६३ | ३२ | १५.७० |
| ५ | निर्माण (जम्मा) | ५ | ३.०२ | ९ | ५.३५ | ५ | २.४७ | १४ | ५.५५ | ७ | २.८३ | १४ | ५.५५ |
| ६ | सञ्चालन (जम्मा) | ३ | २.३८ | ६ | ४.७५ | ५ | ४.०७ | ११ | ८.९५ | ५ | ४.०७ | ११ | ८.९५ |
| ७ | निजी तथा अन्य निकायेल कार्यान्वयन र्गन परियोजना लगानी स्वीकृति | १६ | १.७९ | २१ | २.३५ | १६ | १.७९ | २१ | २.३५ | ६४ | ७.३६ | ९२ | १०.९० |

नोटः सञ्चालन अन्तर्गत नयाँ परियोजनाको विवरण मात्र समावेश गरिएको

माथि तालिकामा उल्लेख भएअनुसार, विभिन्न क्षेत्रका परियोजनाहरूमध्ये आर्थिक वर्ष २०८५/८६ सम्ममा अधिकतम २४.३० अर्ब अमेरिकी डलर बराबरका कुल ५७ वटा परियोजना पाइपलाइनमा राखी सम्भाव्यता अध्ययन गर्न प्रस्ताव गरिएका छन्, र न्यूनतम रूपमा १२.७८ अर्ब अमेरिकी डलर बराबरका ३० वटा परियोजना पाइपलाइनमा राखी सम्भाव्यता अध्ययन गरिनेछ । साथै, उक्त अवधिसम्म अधिकतम २३.५० अर्ब अमेरिकी डलरका ५२ वटा तथा न्यूनतन रूपमा ५.८१ अर्ब अमेरिकी डलरका १५ वटा परियोजनाहरू परियोजना खरीदमा लगिनेछ । अधिकतम १७.९५ अर्ब अमेरिकी डलरका ४२ वटा र न्यूनतम रूपमा ९.७६ अर्ब अमेरिकी डलरका २१ वटा परियोजनाहरू परियोजनाहरू पीडीए/पीआइए वार्ता र सम्झौताका लागि लगिनेछन् । साथै, अधिकतम १५.७० अर्ब अमेरिकी डलरका ३२ वटा र न्यूनतम रूपमा ६.६३ अर्ब अमेरिकी डलरका १३ वटा परियोजनाहरू वित्तीय व्यवस्थापन र पूर्व-विकास गतिविधिहरूमा लगिने लक्ष्य लिइएको छ । त्यस्तै, अधिकतम ५.५५ अर्ब अमेरिकी डलरका १४ वटा र न्यूनतम २.८३ अर्ब अमेरिकी डलरका ७ वटा परियोजनाहरू निर्माणको चरणमा पुग्नेछन्, जबकि अधिकतम ८.९५ अर्ब अमेरिकी डलरका जम्मा ११ वटा र न्यूनतम ४.०७ अर्ब अमेरिकी डलरका ५ वटा परियोजनाहरू संचालनमा ल्याउने प्रक्षेपण गरिएको छ । यी परियोजनाहरुको विस्तृत विवरण अनुसूची–२ मा प्रस्तुत गरिएको छ ।

चित्र ४:




साथै, निजी क्षेत्र तथा अन्य निकायले कार्यान्वयन गर्ने परियोजना लगानी स्वीकृतिको सन्दर्भमा आर्थिक वर्ष ०८५/८६ सम्ममा निजी लगानीका अधिकतम ६७ वटा परियोजनाका लागि करिब ७.४५ अर्ब अमेरिकी डलर र अन्य निकायबाट कार्यान्वयन हुने २५ वटा परियोजनाका लागि ३.१५ अर्ब अमेरिकी डलर बराबरको लगानी स्वीकृति प्रदान गरिने लक्ष्य रहेको छ भने न्यूनतम रूपमा आर्थिक वर्ष

०८५/८६ सम्ममा निजी तथा अन्य निकायबाट कार्यान्वयन हुने ६४ वटा परियोजनाका लागि ७.३५ अर्ब अमेरिकी डलर बराबरको लगानी स्वीकृति प्रदान गरिनेछ ।

चित्र ५:




## ख.रणनीति तथा कार्ययोजना :

आगामी ४ बर्षको लागि प्रस्तावित गरिएको यस रणनीति र कार्ययोजनाको मुख्य उद्देश्य मुलुकले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को दूरदृष्टि सहित सोह्रौं योजनाले तय गरेको विकास तथा समृद्धिका लक्ष्यहरूको प्राप्तिका निम्ति आवश्यक पर्ने स्वदेशी तथा विदेशी लगानी परिचालनार्थ लगानी बोर्डलाई एक सबल एवं सक्षम संस्था (Centre of Excellence) का रुपमा विकास गर्नु रहेको छ। यस उद्देश्यलाई प्राप्त गर्न निम्न अनुसारका ८ वटा प्रमुख कार्यक्षेत्रमा आधारित रही रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएका छन्:

चित्र ६:



## कार्यक्षेत्रः नीतिगत एवं कानुनी व्यवस्था

*रणनीति नं. १: लगानी बोर्ड मार्फत संचालन हुने ठूला एवं बृहत् आयोजनाहरुको कार्यान्वयन ढाँचा सम्बन्धमा राजनीतिक सहमतिको वातावरण सुनिश्चित गर्ने ।*

- कार्यनीति १.१: संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरु, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु, सम्बद्ध विज्ञ तथा सरोकारवालाहरुका बीच नियमित संवाद र छलफल गरी बृहत्तर सहमतिको वातावरण सुनिश्चित गर्ने ।

*रणनीति नं. २: सानिसा तथा लगानी ऐन, २०७५ तथा नियमावली, २०७५ को आवश्यकतानुसार परिमार्जन र सोअनुरुप तर्जुमा गर्न बाँकी सम्पूर्ण निर्देशिका, कार्यविधिजस्ता कानुनी व्यवस्था तयार पारी कार्यान्वयनमा ल्याउने ।*

- **कार्यनीति** २.१: लगानी बोर्डको कार्यसंचालन निर्देशिका (SoPs), एकल विन्दु सेवा केन्द्र संचालन सम्बन्धी निर्देशिका, सानिसा एवं निजी लगानी सम्बन्धी निर्देशिका तथा स्तरीकृत बोलपत्र कागजातहरु (SBDs), लगानी बोर्ड कोष संचालन कार्यविधि, जग्गा अधिग्रहण कोष एवं संभाव्य न्यूनता परिपूरकण कोष संचालन कार्यविधि, नाफा फिर्ता (Repatriation) सम्बन्धी कार्यविधि, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन कार्यविधि, आयोजना मूल्यांकन कार्यविधि आदि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- **कार्यनीति** २.२: सानिसा तथा लगानी ऐन, २०७५ मा आवश्यकतानुसार परिमार्जन मार्फत लगानी बोर्डले आफूलाई आवश्यक पर्ने संगठन संरचना र जनशक्ति आफैले निर्धारण गर्नसक्ने कानुनी व्यवस्था मिलाउने ।
- **कार्यनीति** २.३: भूमि व्यवस्थासँग सम्बन्धित कानुनमा आवश्यक परिमार्जन मार्फत ठूला पूर्वाधार आयोजनाका निम्ति निजी क्षेत्रलाई आवश्यक पर्ने जग्गाका लागि हदबन्दी नलाग्ने व्यवस्था मिलाउने ।
- **कार्यनीति नं** २.४: अर्थ मन्त्रालय एवं नेपाल राष्ट्र बैंकसँग समन्वय गरी हेजिङ्ग नियमावलीमा आवश्यक संशोधन मार्फत हेजिङ्ग कोषको संचालन सुनिश्चित गराउने । साथै लगानी नाफा फिर्ता (Repatriation) सँग सम्बन्धित कानुन संशोधन मार्फत लगानीकर्ताहरुले सहज ढंगले आफ्नो आम्दानी लैजान सक्ने व्यवस्था मिलाउने ।

## कार्यक्षेत्रः लगानी प्रबर्द्धन, समन्वय तथा संचार

*रणनीति नं. ३ : नेपालमा वैदेशिक लगानी भित्र्याउनका निम्ति स्वदेश तथा विदेशमा प्रवर्द्धनात्मक कार्य गर्ने ।*

- **कार्यनीति** ३.१: निश्चित लगानीकर्ता लक्ष्यित गरी स्वदेश तथा विदेशमा लगानी सम्मेलन, विशेष छलफल तथा अन्तरक्रिया गर्ने ।
- **कार्यनीति** ३.२: परराष्ट्र मन्त्रालयसँग समन्वय गरी विदेशस्थित नेपाली कुटनैतिक नियोगहरुमा लगानी प्रवर्द्धनका निम्ति छुट्टै डेस्क र फोकल कर्मचारी राख्ने व्यवस्था मिलाउने । यसका लागि प्रथम चरणमा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने प्रमुख मुलुक एवं क्षेत्रहरु जस्तै भारत, चीन, जापान, अमेरिका, युरोप तथा मध्यपूर्वमा यो व्यवस्था गर्ने ।

- **कार्यनीति** ३.३: लगानी प्रवर्द्धन गर्ने निकायहरुको अन्तर्राष्ट्रिय संजाल जस्तै WAIPA लगायतका संगठनहरुको सदस्यता लिई लगानी बोर्डको अन्तर्राष्ट्रिय सम्पर्क विस्तार र पहिचान अभिवृद्धिका साथै अनुभव र सिकाइ आदान-प्रदान गर्ने ।

*रणनीति नं. ४ : नेपालमा रहेका लगानी प्रवर्द्धन तथा निजी क्षेत्रसँग सम्बन्धित संयन्त्र तथा मन्चहरुमा प्रभावकारी समन्वय र सहकार्य गरी निजी क्षेत्रको लगानी परिचालनका निम्ति आवश्यक वातावरण सिर्जना गर्ने ।*

- **कार्यनीति** ४.१: तीनै तहका सम्बद्ध सरकारी निकाय, जनप्रतिनिधि, निजी क्षेत्र, वित्तीय क्षेत्र, विज्ञ तथा सरोकारवालाहरु सम्मिलित "नेपाल लगानी मञ्च" स्थापना गरी निजी क्षेत्रको क्षमता विकास गर्ने, लगानी परिचालन गर्ने तथा सबैको भूमिका र जिम्मेवारीलाई स्पष्ट बनाउनका निम्ति नियमित छलफल तथा अन्तरक्रिया आयोजना गर्ने ।

*रणनीति नं ५: लगानी बोर्डको सूचना तथा संचार प्रणालीलाई सुदृढ तुल्याउने ।*

- **कार्यनीति** ५.१: लगानी बोर्ड नेपालको सूचना तथा संचार योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- **कार्यनीति** ५.२: लगानी बोर्डको सूचना प्रणालीलाई स्वचालित प्रणालीमा लैजाने र यसको वेबसाइट, सोसल मिडिया तथा अन्य संचारप्रणाली मार्फत लगानीकर्ता तथा सरोकारवाला सबैलाई नियमित रुपमा सुसूचित गर्ने ।
- **कार्यनीति** ५.३: लगानी बोर्डको सूचना तथा संचार क्षेत्रसँग सम्बन्धित कार्य गर्नका निम्ति आवश्यक संस्थागत संरचना सहित जनशक्ति एवं बजेटको व्यवस्था मिलाउने ।

**कार्यक्षेत्रः वित्तीय तथा पूँजी बजार प्रबर्द्धन**

*रणनीति नं ६: नेपालको पूर्वाधार विकासका लागि आवश्यक पर्ने दीर्घकालीन पूँजी परिचालनार्थ नेपालको वित्तीय क्षेत्र तथा पूँजी बजारको क्षमता अभिवृद्धि गराउने ।*

- **कार्यनीति** ६.१: अर्थ मन्त्रालय, धितोपत्र बोर्ड तथा नेपाल राष्ट्र बैंक एवं सम्बद्ध दातृनिकाय लगायतका सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा नेपालको वित्तीय क्षेत्र तथा पूँजी बजारको विकास तथा प्रवर्द्धन गर्दै पूर्वाधार क्षेत्रका लागि आवश्यक पर्ने दीर्घकालीन पूँजी प्रवाहको व्यवस्था मिलाउने ।
- **कार्यनीति** ६.२: अर्थ मन्त्रालयद्वारा अघि बढाइएको वैकल्पिक लगानीसम्बन्धी मार्गचित्रको कार्यान्वयनका निम्ति आवश्यक समन्वय, सहजीकरण तथा सहकार्य गर्ने र वैकल्पिक लगानी सम्बन्धी विभिन्न उपकरणहरुको प्रयोग मार्फत निजी क्षेत्रलाई आवश्यक पर्ने लगानी परिचालनको व्यवस्था मिलाउने ।
- **कार्यनीति** ६.३: अर्थ मन्त्रालयद्वारा अघि बढाइएको Sovereign Credit Rating कार्य सम्पन्न गर्न आवश्यक समन्वय गरी नेपालमा लगानी गर्न चाहने निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्ने ।
- **कार्यनीति** ६.४: नेपाल सरकार, बीमा कम्पनी, संचय कोष लगायतका निकायहरुको समेत स्वामित्व रहने गरी विदेशी दाताहरुको समेत सहयोगमा कम्तीमा दुई खर्व रुपैँयाको "नेपाल लगानी कोष – (NIF)" को स्थापना गर्नमा सहजीकरण गरी निजी क्षेत्र मार्फत संचालन हुने लगानीयोग्य आयोजनाहरुका लागि चाहिने आयोजना तयारी, स्व-पूँजी तथा ऋण लगानी लगायतका क्षेत्रमा दीर्घकालीन लगानी उपलब्ध गराउने ।

- **कार्यनीति ६.५:** विभिन्न पूर्वाधार आयोजनाहरुमा लगानी गर्ने उद्देश्य सहित स्थापित नेपाल पूर्वाधार बैंक, नगर विकास कोष, जलविद्युत् लगानी तथा विकास कम्पनी लगायतका वित्तीय संस्थाहरुलाई थप सुदृढ तुल्याउँदै सम्बन्धित निकायलाई पर्याप्त दीर्घकालीन लगानी उपलब्ध हुने वातावरण मिलाउने ।

**कार्यक्षेत्रः रणनीति तथा व्यावसायिक योजना तर्जुमा एवं कार्यान्वयन**

*रणनीति नं ७ः मुलुकले अवलम्बन गरेको सोह्रौं योजनामा उल्लिखित विकासको लक्ष्य प्राप्तिका निम्ति लगानी बोर्डको कार्यक्षेत्र तथा उद्देश्य अनुरुप यसको रणनीति तथा व्यावसायिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।*

- **कार्यनीति ७.१:** लगानी बोर्डको वर्तमान रणनीति तथा व्यावसायिक योजनाको समीक्षा गरी सोह्रौं योजनाको लक्ष्यसँग मेलखाने गरी यसको रणनीति तथा व्यावसायिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- **कार्यनीति ७.२:** स्वीकृत रणनीति तथा व्यावसायिक योजना अनुरुप लगानी बोर्डको कार्यालय तथा अन्तर्गतका महाशाखा, शाखा तथा इकाइहरुका लागि समयतालिका सहितको प्रमुख कार्यसम्पादन सूचक (KPIs) तयार पार्ने र उक्त सूचक अनुरुप प्रमुख कार्यकारी अधिकृतले अध्यक्षसंग तथा सम्बन्धित कर्मचारीहरुले प्रमुख कार्यकारी अधिकृतसँग कार्यसम्पादन करार गर्ने ।
- **कार्यनीति ७.३:** प्रत्येक कर्मचारीहरुको तलब/भत्ता तथा सुविधा एवं करार सम्झौताको नवीकरणलाई उक्त कार्यसम्पादन करार बमोजिमको उपलब्धिसँग आवद्ध गरी लागू गर्ने ।
- **कार्यनीति नं ७.४:** लगानी बोर्डको व्यावसायिक योजनालाई अघिल्लो आ.व.को प्रगति अवस्थाका आधारमा वार्षिक रुपमा संशोधन गर्ने र सम्बन्धित कर्मचारीहरुसँग गरिने करार सम्झौता उक्त योजना अनुरुपका (KPIs) सँग आबद्ध गराउने ।

**कार्यक्षेत्रः आयोजना तयारी तथा व्यवस्थापन**

*रणनीति नं ८ः स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित हुनसक्ने आयोजनाहरुको आयोजना बैंक तयार पार्ने ।*

- **कार्यनीति नं ८.१:** राष्ट्रिय योजना आयोग, नेपाल सरकारका सम्बद्ध निकाय, प्रदेश एवं स्थानीय सरकार तथा अन्य सरोकारवाला निकाय एवं निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा निजी क्षेत्रको लगानी परिचालन हुन सक्ने आयोजनाहरुको पहिचान गरी सबै आयोजनाहरुको प्रारम्भिक अध्ययन गर्ने ।
- **कार्यनीति नं ८.२:** कार्यनीति नं ८.१ बाट छनौट भएका आयोजनाहरुको संभाव्यता अध्ययन गरी संभाव्य आयोजनाहरु लगानी बोर्डको आयोजना बैंकमा प्रविष्ट गर्ने र कार्यान्वयन प्रक्रिया अघि बढाउने ।

*रणनीति नं.९: निजी क्षेत्रको लगानीमा संचालन हुने आयोजनाहरुको तयारी तथा व्यवस्थापनमा लगानी बोर्ड एवं सम्बन्धित निकायहरुको संस्थागत क्षमता विकास गर्ने ।*

- ***कार्यनीति ९.१:*** लगानी बोर्डको विशिष्ट कार्य संचालन निर्देशिका अनुरुप आयोजना व्यवस्थापनका प्रत्येक चरणका लागि विशिष्ट आयोजना मूल्याङ्कन कार्यविधि (Project Assessment Manual-PAM)

तथा कागजात (Templates) तयार पारी कार्यान्वयनमा ल्याउने र सो आधारमा आवश्यक कम्प्युटर सफ्टवेयरहरुको विकास तथा प्रयोग गर्ने ।

- *कार्यनीति ९.२:* प्रत्येक क्षेत्रगत आयोजनासँग सम्बन्धित विशिष्ट जनशक्ति सहितको सूची तयार पारी आवश्यकता अनुसार करार सेवामा परिचालन गर्ने ।
- *कार्यनिति ९.३:* सानिसा तथा निजी लगानीका आयोजनाहरुको खरीद कार्यका निम्ति विशिष्ट खरीद निर्देशिका तथा बोलपत्र कागजातहरु तयार पारी कार्यान्वयनमा ल्याउने र लगानी बोर्डको खरीद कार्यमा पूर्ण पारदर्शिता कायम गराउने ।
- *कार्यनीति ९.४:* विभिन्न क्षेत्रगत आयोजनाहरुका लागि आयोजना विकास सम्झौता (PDA) तथा आयोजना लगानी सम्झौता (PIA) का विशिष्ट ढाँचाहरु तयार पारी कार्यान्वयनमा ल्याउने, तिनलाई नियमित संशोधन गर्ने ।

### कार्यक्षेत्रः सहजीकरण तथा एकल बिन्दु सेवा केन्द्र

***रणनीति नं १०: ऐनमा रहेको व्यवस्था बमोजिम एकल विन्दु सेवा केन्द्रको स्थापना गरी पूर्ण संचालनमा ल्याउने ।***

- *कार्यनीति नं १०.१:* लगानी बोर्डको संगठन संरचनामा एकल विन्दु सेवा केन्द्रको व्यवस्था गरी सम्बन्धित मन्त्रालय र विभाग/निकाय मार्फत सक्षम कर्मचारीहरुको व्यवस्था मिलाउने ।
- *कार्यनीति नं १०.२:* एकल विन्दु सेवा केन्द्रको संचालनका निम्ति विशिष्ट कार्य संचालन निर्देशिका (SOPs)तयार पारी डिजिटल प्रणालीमा आबद्ध गराई कार्यान्वयनमा ल्याउने । यसका लागि प्रत्येक सेवा उपलब्ध गराउन लाग्ने समय किटान गरी कार्यान्वयन गर्ने/गराउने र यसलाई सम्बन्धित मन्त्रालय र विभाग/निकायसँग आबद्ध गराउने ।

### कार्यक्षेत्रः संस्थागत विकास

***रणनीति नं ११: लगानी बोर्डको संगठनात्मक पुनःसंरचना सहित संस्थागत क्षमता विकास गर्ने ।***

- *कार्यनीति नं ११.१:* सानिसा तथा लगानी ऐन, २०७५ तथा नियमावलीमा आवश्यक संशोधन समेतका माध्यमबाट लगानी बोर्डको नयाँ संगठनात्मक संरचनाको स्वीकृतिका साथै यसलाई आवश्यक पर्ने जनशक्ति बोर्ड आफैले समेत नियुक्ति गर्न सक्ने कानुनी व्यवस्था मिलाई कार्यान्वयन अगाडि बढाउने ।
- *कार्यनीति ११.२:* बोर्डको नयाँ रणनीति तथा व्यावसायिक योजना तथा परिवर्तित सन्दर्भलाई समेत विचार गरी बोर्डको संगठनात्मक संरचना परिमार्जन सहित नयाँ दरबन्दी स्वीकृति र जनशक्ति व्यवस्थापन गर्ने ।
- *कार्यनीति ११.३:* बोर्डद्वारा नियुक्त हुने सबै कर्मचारीहरु वार्षिक कार्यसम्पादन करारका आधारमा चारवर्षे अवधिका लागि नियुक्त हुने र निजहरुको कार्यसम्पादन प्रभावकारी भएमा पुनः नियुक्ति गर्न सकिने व्यवस्था मिलाउने । बोर्डका नियमित कर्मचारी सकेसम्म न्यून राखी संभव भएसम्म सेवा करार वा बाहिरबाट भर्ना (Outsourcing) मा काम गराउने व्यवस्था गर्ने ।

- ***कार्यनीति ११.४:*** एकल विन्दु सेवा केन्द्रमा आवश्यक पर्ने कर्मचारी लगानी बोर्डले माग गरेको अवस्थामा नेपाल सरकारका सम्बद्ध निकायले तत्काल उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था मिलाई त्यसलाई कार्यान्वयनमा ल्याउने । नेपाल सरकार तथा अन्य निकायबाट बोर्डमा काजमा आउने कर्मचारीहरुसँग समेत कार्यसम्पादन करार सम्झौता गर्ने र उनीहरुलाई बोर्डका कर्मचारी सरह सेवा/सुविधा उपलब्ध गराउने ।
- ***कार्यनीति ११.५:*** लगानी बोर्डको विशिष्ट कार्यप्रकृतिलाई विचार गरी बोर्डमा काम गर्ने कर्मचारीहरुका लागि आवश्यक सेवा/सुविधा उपलब्ध गराउने व्यवस्था सहित बजारबाट सक्षम एवं प्रतिस्पर्धी जनशक्ति आकर्षित गर्ने ।

***रणनीति १२: लगानी बोर्डद्वारा सम्पादन गर्नुपर्ने कार्यहरुका लागि भौतिक पूर्वाधार तथा पर्याप्त वित्तीय स्रोतको व्यवस्था मिलाउने।***

- ***कार्यनीति १२.१:*** लगानी बोर्डको कार्यसम्पादनलाई प्रभावकारी बनाउन उपयुक्त सुविधायुक्त, लगानीकर्तामैत्री कार्यालय भवन सहित आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्ने ।
- ***कार्यनीति १२.२:*** लगानी बोर्डद्वारा स्वीकृत रणनीति तथा व्यावसायिक योजना कार्यान्वयन गर्न तथा यसको नियमित कार्यसंचालनार्थ आवश्यक पर्ने वित्तीय स्रोतको आकलन सहित वित्तीय व्यवस्थापन योजना तयार पारी कार्यान्वयनमा ल्याउने ।
- ***कार्यनिति १२.३:*** लगानी बोर्डको रणनीति, व्यावसायिक योजना तथा वित्तीय व्यवस्थापन योजना मुताविक आवश्यक स्रोत परिचालनार्थ अर्थ मन्त्रालय एवं सम्बद्ध दातृनिकायहरु समक्ष पहल गर्ने ।
- ***कार्यनीति १२.४:*** लगानी बोर्डको कोष परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी तत्काल कार्यान्वयनमा ल्याउने र उक्त कोषमा नेपाल सरकार एवं दातृ निकायको सहयोगका साथै बोर्डद्वारा संचालित आयोजनाबाट प्राप्त हुने शुल्क तथा रोयल्टी बापतको नियमित आम्दानी प्राप्त भइरहने व्यवस्था मिलाई सोलाई कार्यान्वयनमा ल्याउने ।
- **कार्यनीति १२.५:** ऐनमा रहेको व्यवस्था बमोजिम स्थापना गर्नुपर्ने जग्गा अधिग्रहण कोष, न्यून परिपूरण कोष तथा पहुँच सडक एवं विद्युत् लाइन उपलब्ध गराउनका निम्ति आवश्यक पर्ने रकमका लागि नेपाल सरकार एवं दातृ निकायसँग पहल गरी बजेट व्यवस्था मिलाउने ।

**कार्यक्षेत्रः प्राविधिक सहयोग तथा परामर्श सेवा**

***रणनीति नं १३: ऐनमा रहेको व्यवस्था अनुरुप संघ, प्रदेश एवं स्थानीय तहका सरकारहरु एवं अन्य सम्बद्ध निकायहरुलाई सानिसा, निजी लगानी तथा वैदेशिक लगानी परिचालनका क्षेत्रमा आवश्यक पर्ने प्राविधिक सहयोग तथा परामर्श सेवा उपलब्ध गराउने ।***

- ***कार्यनीति १३.१:*** सानिसा तथा निजी लगानीसँग सम्बन्धित नमूना नीति, कानुन तथा कार्यसंचालन निर्देशिका लगायतका आवश्यक निर्देशिका, कार्यविधि आदि तयार पारी संघ, प्रदेश एवं स्थानीय तहका सम्बन्धित निकायलाई उपलब्ध गराउने र त्यसलाई स्थानीय परिवेश अनुरुप लागु गराउन प्रोत्साहित गर्ने ।

- *कार्यनीति १३.२:* प्रदेश एवं स्थानीय तहमा सानिसा तथा निजी लगानी प्रवर्द्धनका निम्ति विशिष्ट संस्थागत संरचना र जनशक्ति व्यवस्था गर्न प्रोत्साहित एवं सहयोग गर्ने र क्षमता विकाससंग सम्बन्धित आवश्यक कार्यक्रमहरु संचालन गर्ने ।

***रणनीति नं १४: संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायलाई सानिसा तथा निजी लगानीका आयोजनाहरुको तयारी तथा कार्यान्वयनका निम्ति प्रोत्साहित गर्ने एवं आवश्यक प्राविधिक सहयोग तथा परामर्श सेवा उपलब्ध गराउने ।***

- *कार्यनीति १४.१:* अर्थ मन्त्रालय तथा सम्बन्धित दातृ निकायहरुसँग समन्वय गरी प्रदेश एवं स्थानीय तहमा सानिसा तथा निजी लगानी सम्बन्धी आयोजनाहरुको पहिचान, छनौट तथा कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने ।

## ५. संस्थागत पुनःसंरचना

### ५.१ औचित्य र परिप्रेक्ष्य

- लगानी बोर्डलाई लगानी प्रवर्द्धन, सानिसा प्रवर्द्धन, र परियोजना विकास तथा व्यवस्थापन गरी तीनवटै भूमिका समेट्ने विशेष संस्थाको रूपमा कानुनी र कार्यगत रूपमा तोकिएको छ। यस अन्तर्गत सानिसा तथा निजी लगानी दुवै समेटिन्छन्।
- यसका लागि लगानी बोर्डको कार्यालय (OIBN) लाई एउटा "विशिष्टीकृत" निकायका रूपमा सञ्चालन गरिनु आवश्यक छ, जसमा चार प्रकारको कर्मचारी संरचना समावेश हुनेछः
    - नेपाल सरकारका विभिन्न सेवा, समूह तथा उप-समूहहरूबाट सरुवा वा काजमा आएका कर्मचारीहरू,
    - बोर्डको कार्यालयका लागि ऐनको नयाँ व्यवस्थाबमोजिम कार्यालयको विशेष आवश्यकताअनुसार लोक सेवा आयोगद्वारा नियुक्त उपसचिव तहसम्मका कर्मचारीहरू,
    - बाहिरबाट नियुक्त गरिएका विज्ञ, विशेषज्ञ तथा सल्लाहकारहरू, र
    - कार्यालय व्यवस्थापक, सहयोगी, माली, सरसफाइकर्मी जस्ता सहायक पदले गर्ने कार्यहरूका लागि करारबाट भर्ना गरिएका कर्मचारीहरू।
- नयाँ संस्थागत संरचना कार्यालयको कार्यादेश, भूमिका, आवश्यकताहरू, र विशेषताहरू अनुरूप प्रस्ताव गरिएको छ।
- कार्यालयका संरचनागत इकाइहरूको नयाँ व्यवस्था र तिनमा नयाँ दरबन्दी प्रस्ताव गर्दा दक्षता, मितव्ययिता र प्रभावकारितालाई उच्च प्राथमिकता दिइएको छ।
- प्रस्तावित संरचनालाई "अधिकृत-केन्द्रित, कार्य आवश्यकता-आधारित, कार्य सम्पादन-आबद्ध र नतिजा-उन्मुख" बनाउने गरी प्रस्ताव गरिएको छ। साथै, प्रस्तावित संरचना कार्यकारी निर्देशक (Executive Director), निर्देशक (Director), उपनिर्देशक (Deputy Director), सहायक निर्देशक (Assistant Director), व्यवस्थापन सहायक (Management Associate) जस्ता पदहरू निजामती सेवाका साबिकका दरबन्दीका पदहरूलाई पुनर्नामकरण गरी तिनलाई बढीभन्दा बढी कार्यालयको कार्य प्रकृति, कार्य आवश्यकता र कार्यसम्पादनलाई प्रतिविम्बित गर्ने ढंगबाट आवश्यकतानुसार लागू गर्ने सोंचबाट प्रस्ताव गरिएको छ।
- तलका अनुच्छेदहरुमा बोर्ड तथा बोर्डको कार्यालय सहित प्रमुख सांगठनिक इकाइहरूको संक्षिप्त कार्य-जिम्मेवारी उल्लेख गरिएको छ। यी इकाइहरूमध्ये केही साबिककै निरन्तरताप्राप्त छन् भने केही नयाँ गठनका लागि प्रस्ताव गरिएका छन्। लगानी बोर्डको कार्यालयले ल्याउन खोजेको कार्यदिशा परिवर्तन र संस्थागत रूपान्तरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यी इकाइहरूले मुख्य सञ्चालक र नवप्रवर्तकका रूपमा कार्य गर्नेछन्। यी इकाइहरूमा कार्यरत वा प्रस्तावित पदाधिकारी तथा कर्मचारीहरुको विस्तृत कार्य विवरण (Job Descriptions-JDs) अनुसूची–१ मा संलग्न गरिएको छ।

- **लगानी बोर्ड (IBN)**: सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ५ मा "स्वदेशी वा विदेशी स्रोतको परिचालन गरी पूर्वाधार संरचनाको निर्माण तथा सेवा क्षेत्रको विकास गरी लगानी प्रवर्द्धन गर्ने समेतको कार्यका लागि" लगानी बोर्डको व्यवस्था गरिएको छ। सम्माननीय प्रधानमन्त्री अध्यक्ष हुने यो बोर्डमा अर्थ, उद्योग, वन र ऊर्जासहित परियोजनासँग सम्बन्धित मन्त्रालयका मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, राष्ट्र बैंकका गभर्नर, मुख्य सचिव र उद्योग, पर्यटन, पूर्वाधार विकास, वाणिज्य, कानुन

तथा वित्तीय क्षेत्रका विशेषज्ञहरु मध्येबाट एकजना महिला सहित तीन जना मनोनीत विज्ञहरु सदस्य र प्रमुख कार्यकारी अधिकृत सदस्य-सचिव रहने गरी जम्मा १३ जना रहने व्यवस्था छ । सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ८ र सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को नियम ६ मा उल्लिखित बोर्डको काम, कर्तव्य र अधिकारको एकीकृत रूप अनुसूचीमा उल्लेख गरिएको छ ।

- **सल्लाहकार परिषद (Advisory Council):** प्रधानमन्त्री तथा लगानी बोर्डका अध्यक्षको अध्यक्षतामा रहने गरी नयाँ प्रस्तावित यस परिषद्का सह-अध्यक्ष संसदको प्रतिपक्षी दलका नेता हुनेछन् । यो निकायले ठूला रूपान्तरणकारी लगानी परियोजनाहरूलाई अगाडि बढाउन आवश्यक बृहत् राजनीतिक सहमति सुनिश्चित गर्नेछ । यसले नयाँ परियोजनाहरू अगाडि बढाउने बारे प्रारम्भिक दिशानिर्देश गर्ने तथा सञ्चालित परियोजनाहरुका कार्यान्वयनगत अवरोध हटाउन सहयोगी हस्तक्षेप गर्ने दुबै कार्य गर्नेछ । परिषद्को पूर्ण संरचना बोर्डद्वारा तय गरिनेछ, जसमा बोर्ड सदस्यहरूका साथै आवश्यकतानुसार बाह्य आमन्त्रित सदस्यहरू पनि समावेश गरिनेछन् ।

- **विषयगत समितिहरू (Thematic Committees):** लगानी बोर्डद्वारा सञ्चालित लगानी परियोजनासँग सम्बन्धित चुनौतीहरू पहिचान गर्न र समाधान खोज्न यी समितिहरू गठन गरिनेछन् । नयाँ प्रस्तावित यी समितिहरूले परियोजनासँग सम्बन्धित कानूनी विवाद, जग्गा प्राप्ति, मुआब्जा वितरण विवाद र स्थानीय सामुदायिक द्वन्द्व, आर्थिक तथा वित्तीय संभाव्यता, अन्तर-निकाय समन्वय, वातावरणीय र सामाजिक प्रभाव मूल्यांकन तथा कार्यान्वयनमा देखिएका अन्य अवरोधहरूका विषयमा गहिराइपूर्वक अध्ययन गरी समस्या समाधानका उपाय पहिल्याउनेछन् । बोर्डमा प्रतिनिधित्व गर्ने सम्बन्धित मन्त्रीहरूद्वारा अध्यक्षता गरिने यी समितिहरू मुख्य पाँचवटा विषयवस्तुका वरिपरि गठन गरिनेछन्: सामाजिक, आर्थिक,भौतिक पूर्वाधार, सानिसा तथा लगानी प्रवर्द्धन, र संस्थागत विकास । आवश्यकतानुसार, समितिहरूको कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

- **अनुगमन तथा सहजीकरण समिति (Monitoring and Facilitation Committee):** सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ९ अनुसार गठन गरिने यो समितिले बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई दफा १३ मा उल्लिखित जिम्मेवारीहरू प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग गर्नेछ । यस समितिले बोर्डको कार्यालयका कार्यहरूको अनुगमन र सहजीकरण गर्ने (दफा ११) तथा बोर्डलाई त्यसका कार्यहरू सहज रूपमा सञ्चालन गर्न सहयोग गर्ने (दफा ८) जिम्मेवारी समेत वहन गर्नेछ । सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७७ को नियम ९ ले तोकेको समितिको काम, कर्तव्य र अधिकार अनुसूचीमा समावेश गरिएको छ ।

- **लगानी परामर्श मंच (Investment Consultative Forum – ICF):** यो पनि नयाँ प्रस्तावित निकाय हो, जसले बोर्डको कार्यालयलाई स्वदेशी तथा विदेशी निजी लगानीकर्ता र वित्तीय संस्थाहरू (व्यक्तिगत वा संस्थागत, दुवै) सँग सम्पर्क स्थापित गरी लगानीसँग सम्बन्धित उनीहरुको रुचि, मनोविज्ञान, धारणा र दक्षता बुझ्न मद्दत गर्नेछ । यस मंचमार्फत लगानीका नयाँ क्षेत्रहरू र अवसरहरू, बजार पहुँच, वित्तीय स्रोतहरू, प्रविधि तथा नवप्रवर्तन, र विश्वव्यापी सञ्जाल (Global Networking) जस्ता विषयमा छलफल

र सहकार्य गरिनेछ । यस मंचको अध्यक्षता लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (CEO) ले गर्नेछन् । यसमा आवश्यकतानुसार निजी क्षेत्रका प्रमुखहरूलाई समावेश गरिनेछ ।

- **लगानी बोर्डको कार्यालय** (OIBN): प्रमुख कार्यकारी अधिकृत कार्यकारी प्रमुख रहने यस कार्यालयको मुख्य काम र जिम्मेवारी मुलुकमा सार्वजनिक-निजी साझेदारी वा निजी लगानीका माध्यमबाट बढीभन्दा बढी स्वदेशी वा विदेशी लगानी प्रवर्द्धन तथा परिचालन गर्ने सम्बन्धी कानुनी कार्यादेश तथा बोर्डको नीतिगत एवं प्रक्रियागत निर्देशनका अधीनमा रही बोर्डका निर्णयको कार्यान्वयन गर्नु, गराउनु र प्रशासनिक तथा अन्य कार्य गर्नु हो । सानिसा तथा लगानी ऐनको दफा ११ ले यसका काम, कर्तव्य, र अधिकारहरू विस्तृत रुपमा तोकेको छ जसको उल्लेख अनुसूचीमा गरिएको छ ।

- **प्रमुख कार्यकारी अधिकृत**: ऐनको दफा १२ ले बोर्डका प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गरेको छ जसले बोर्डको कार्यालयका कार्यकारी प्रमुख (Executive Head) र बोर्डका सदस्य-सचिव समेत भई महत्वपूर्ण संस्थागत कडीका रूपमा कार्य गर्छन् । ऐनको प्रावधानअनुसार उनी पूर्णकालीन रूपमा बोर्डमा कार्यरत प्रमुख प्रशासनिक अधिकारी (Chief Administrative Officer) हुन् । उनको नियुक्ति तथा सेवा शर्तका सम्बन्धमा ऐनको दफा १२ तथा नियमावलीको नियम ७ मा उल्लेख गरिएको छ भने ऐनको दफा १३ मा उनका काम, कर्तव्य, र अधिकारहरू निर्दिष्ट गरिएको छ जुन अनुसूचीमा उल्लेख गरिएको छ ।

- **सल्लाहकार तथा विशेषज्ञ समूह (Advisors' and Experts Group):** ऐनको दफा १६ अनुसार बोर्डको कार्यालयले संगठनको कार्यसम्पादनमा आवश्यक पर्ने विषयहरूमा सल्लाह वा सहयोग लिन विज्ञ, विशेषज्ञ र सल्लाहकारहरूको टोली नियुक्त गर्न सक्छ । यस्ता विशेषज्ञ र सल्लाहकारहरू खास गरी इन्जिनीयरिङ्ग, पूर्वाधार निर्माण तथा सञ्चालन, स्वास्थ्य तथा चिकित्सा, सञ्चार तथा सूचना प्रविधि, वित्तीय विश्लेषण तथा लेखा परीक्षण, व्यवस्थापन, वाणिज्य, अर्थशास्त्र, बैंकिङ्ग तथा बीमा, कानुन, वन तथा वन्यजन्तु संरक्षण, कृषि, वातावरण संरक्षण, आयोजना परीक्षण तथा विश्लेषण, बौद्धिक सम्पत्ति एवं पर्यटनजस्ता क्षेत्रमा दक्षता र विशेषज्ञता हासिल गरेका व्यक्तिहरु हुनेछन् । यिनीहरुले बोर्ड वा बोर्डको कार्यालयले चाहेको र मागेको विषयमा वा बोर्डलाई आवश्यक देखिने, बोर्डको उद्देश्यसँग मिल्ने कुनैपनि विषयमा वा बोर्डबाट कार्यान्वयन भइरहेको आयोजनाका कुनै समस्या वा मुद्दाका सम्बन्धमा नमागेकै भएपनि स्वतन्त्र अध्ययन र अनुसन्धानका आधारमा राय, सल्लाह, सुझाव, धारणा वा पृष्ठपोषण दिनेछन् ।

- **प्रमुख कार्यकारी अधिकृतको सचिवालय (CEO's Secretariat)**: सचिवालयको साबिकको संरचनालाई पुनर्व्यवस्थित गरी योग्य, सक्षम र काममा उत्प्रेरित कर्मचारीहरूलाई नयाँ कार्यविवरण एवं कार्यादेशका साथ परिचालन गरिएपछि **प्रमुख कार्यकारी अधिकृत**लाई आफ्ना जिम्मेवारीहरू प्रभावकारी रूपमा सम्पादन गर्नमा पूर्ण सहयोग प्रदान गर्न सचिवालय सक्षम हुनेछ ।

- **सचिव**: यो नेपाल प्रशासन सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (Gazetted Special Class) को नयाँ प्रस्तावित पद हो, जसले लगानी बोर्डको कार्यालय र नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरुका बीचमा अधिक प्रभावकारी र सशक्त रूपमा समन्वय गर्न, निर्देशालयहरू तथा तिनका प्रमुखहरूलाई निर्देशन, सुपरिवेक्षण, र मार्गदर्शन गर्न, तथा प्रमुख कार्यकारी अधिकृतलाई आफ्नो कार्य अझ प्रभावकारी रूपमा सम्पादन गर्नमा मद्दत गर्नेछ । बोर्डको कार्यालयलाई थप अधिकारपूर्ण र प्रभावकारी बनाई समन्वयात्मक

रुपमा संचालन गर्नका लागि सृजना गर्न लागिएको यो पदका पदाधिकारीले निर्देशनालय मात्र नभई सो अन्तरगतका शाखाहरुलाई समेत मार्गदर्शन गर्ने र निर्देशन दिने समेत काम गर्नेछन् ।

- **निर्देशनालयहरू (Directorates):** बोर्डको कार्यालयमा हाल विद्यमान महाशाखाहरु (Divisions) को नाम परिमार्जन गरी निर्देशनालय (Directorate) राखिएको छ, जसले प्रशासन र व्यवस्थापन क्षेत्रका नवीनतम विशेषताहरूलाई समेट्दै संस्थाको नवीन स्वरुपको कार्यदिशा, कार्यपद्धति र कार्यशैलीलाई प्रतिबिम्बित गर्नेछ । कार्यालयमा अब कुल चारवटा निर्देशालयहरू रहनेछन्, जसका नाम र प्रमुख जिम्मेवारी निम्नानुसार हुनेछन्:
  - **योजना, प्रशासन, तथा वित्तीय व्यवस्थापन निर्देशनालय (Planning, Administration and Financial Management Directorate):** यो बोर्डको कार्यालयको ठूलोमध्येको संगठनात्मक एकाइ हुनेछ, जसमा ३ वटा शाखाहरू र १५ जना कर्मचारीहरू रहनेछन् । शाखाहरूमा मानव संसाधन व्यवस्थापन (Human Resources Management/HRM); वित्तीय तथा खरीद व्यवस्थापन (Financial and Procurement Management); योजना, अनुगमन, मूल्यांकन तथा गुनासो सुनुवाइ (Planning, M&E and Grievances Handling) र कानून, विवाद निरुपण तथा फैसला कार्यान्वयन (Legal, Dispute Resolution and Verdict Enforcement) रहेका छन् । यो निर्देशनालयका मुख्य जिम्मेवारीहरूमा बोर्डको कार्यालयको सामान्य प्रशासन सञ्चालन तथा कर्मचारी व्यवस्थापनको कार्य सम्पादन गर्नु, वार्षिक तथा आवधिक योजना तर्जुमाको कार्य गर्नु, अनुगमन तथा मूल्यांकनको ढाँचा, आधार, मापदण्ड तथा परिसूचकहरुको निर्माण गरी तिनलाई अद्यावधिक गर्दै तिनको कार्यान्वयन गर्नु,गराउनु तथा गुनासो सुनुवाइको संयन्त्र निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु, वित्तीय तथा खरीद व्यवस्थापनको कार्य गर्नु, कानूनी राय दिनु तथा कानुनी विवाद निरुपण गर्नु, र अदालतका आदेशहरूको कार्यान्वयन सुनिश्चित गर्नु आदि रहेका छन् ।
  - **सार्वजनिक निजी साझेदारी/सानिसा निर्देशनालय (PPP Directorate):** यो निर्देशनालयमा ३ शाखाहरू रहनेछन्, जसमा १२ जना कर्मचारीहरू कार्यरत रहनेछन् । शाखाहरूमा सानिसा प्रवर्द्धन तथा आयोजना विकास सहयोग–संघीय स्तर (PPP Promotion and Project Development Support Section -Federal Level), सानिसा प्रवर्द्धन तथा आयोजना विकास सहयोग–प्रदेश एवं स्थानीय स्तर र सूचना प्रविधि तथा तथ्यांक शाखा (Information Technology and Statistics Section) रहनेछन् । यस निर्देशनालयले साबिकको सानिसा एकाइ (PPP Unit) लाई प्रतिस्थापन गरेको छ, जुन नयाँ अध्यादेशमार्फत प्रस्तावित ऐन संशोधन अनुसार गरिएको हो । यसको मुख्य कार्य सानिसा परियोजनाहरू, नीतिहरू, नियमहरू, तथा संचालन प्रक्रियाहरू (SOPs) विकास गर्नु हुनेछ, जसले संघ, प्रदेश, र स्थानीय सरकारहरूलाई परियोजनाहरूको कल्पना, अवधारणा, विकास, तर्जुमा, डिजाइन, विश्लेषण, मूल्याङ्कन र कार्यान्वयनमा आवश्यक सूचना, ज्ञान, सीप तथा प्रविधिको हस्तान्तरण एवं तालीम, प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन आदिका माध्यमबाट सहयोग गर्नेछ । यसरी यो निर्देशनालय सानिसा नीति र रणनीति निर्माण तथा तिनको कार्यान्वयन तथा अनुगमन सम्बन्धी ज्ञान र अभ्यासका क्षेत्रमा "सानिसा उत्कृष्टता केन्द्र" (PPP Center of Excellence) का रुपमा सुस्थापित हुनेछ । साथै यो निर्देशनालयले बोर्डको उद्देश्य र काम-कारबाहीसँग सम्बन्धित तथ्याङ्क निर्माण, विकास, परिशोधन र प्रयोगका साथै बोर्डको संस्थागत संरचनाभित्र विद्युतीय एवं तथ्याङ्कीय आबद्धता सञ्जाल (Digital Connectivity) को स्थापना र सञ्चालनको नेतृत्व गर्ने जिम्मेवारी पनि लिनेछ ।

- **लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय (Investment Promotion and Facilitation Directorate):** यस निर्देशनालयमा ३ शाखाहरू रहनेछन्: स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण (Domestic Investment Promotion and Facilitation), विदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण ( Domestic Investment Promotion and Facilitation), र एकल विन्दु सेवा केन्द्र (One Stop Service Coordination Center-OSSC) । यो निर्देशनालयले नयाँ अध्यादेशमार्फत प्रस्तावित ऐन संशोधनअनुसार साबिकको लगानी एकाइ (Investment Unit) लाई प्रतिस्थापन गरेको हो । सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ दफा १५ र सोही नियमावलीको नियम १२ मा उल्लिखित साबिकको लगानी एकाइको काम, कर्तव्य र अधिकारलाई हेर्दा यो निर्देशनालयको मुख्य जिम्मेवारी लगानी बोर्डको कार्यादेश अन्तर्गत कार्यान्वयन र व्यवस्थापन गरिने आयोजनाहरुका लागि स्वदेशी तथा विदेशी लगानी जुटाउने तथा भित्र्याउनेजस्ता लगानी प्रवर्द्धनसम्बन्धी कार्य गर्नु तथा देशमा लगानी तथा लगानीकर्तामैत्री वातावरण विकास गर्नका लागि आवश्यक नीतिगत, कानुनी, संस्थागत तथा प्रक्रियागत समन्वय, सहकार्य तथा सहजीकरण गर्नु रहेको छ । सोही अनुसार स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धनका लागि आवश्यक नीति, रणनीति, योजना तथा कार्यक्रमको निर्माण गर्नु, जनशक्ति विकास तथा परिचालन गर्नु तथा लगानीकर्ताहरुलाई सहजीकरण गर्नुका साथै एकल विन्दु सेवा केन्द्र (OSSC) मार्फत १४ वटा विभिन्न सरकारी निकायहरूसँग सम्बन्धित सेवा डेस्कहरु स्थापना गरी तीमार्फत लगानीकर्ताहरुलाई आवश्यक पर्ने विभिन्न सेवा-सुविधाको व्यवस्थापन गर्नु यो निर्देशनालयको समग्र कार्यक्षेत्र हो । ती १४ वटा सरकारी निकायहरूले समेट्ने विषयगत कार्यहरूमा भौतिक पूर्वाधारको उपलब्धता, वन तथा वातावरणीय स्वीकृति, वैदेशिक लगानी स्वीकृति र नाफा फिर्ता (Profit Repatriation), भिसा र श्रम स्वीकृति, कर र भन्सार भुक्तानी, कम्पनी तथा उद्योग दर्ता, खानी तथा खनिज (Mines and Minerals), विद्युत् तथा दूरसञ्चार सेवा र अन्य सम्बन्धित सरकारी सेवा समाविष्ट छन् । यी सेवाप्रदायक डेस्कहरूमा सम्बन्धित सरकारी निकायहरूबाट कार्यादेश, जिम्मेवारी र निर्णय गर्ने अख्तियारीसहित खटाइएका दक्ष र सक्षम कर्मचारीहरू रहनेछन्, जसले एकै स्थानबाट सेवा (One–Stop Service) प्रदान गर्नेछन् । OSSC डेस्कमा खटाइएका कर्मचारीहरू बाहेक, यो निर्देशनालयमा ११ जना कर्मचारीहरू कार्यरत रहनेछन् ।

- **आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय (Project Development and Management Directorate):** यो निर्देशनालयमा २ वटा शाखाहरू रहनेछन्: आयोजना तर्जुमा तथा व्यवस्थापन (Project Planning and Management) र २) आयोजना मूल्याङ्कन (Project Appraisal)। आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा अन्तर्गत लगानी बोर्डको अधिकारक्षेत्रभित्र पर्ने ९ वटा प्रमुख क्षेत्रगत विषयहरू समेट्ने डेस्कहरू (Sectoral Desks) रहनेछन् जसमा जलस्रोत तथा ऊर्जा ( Water Resources and Energy), स्वास्थ्य, शिक्षा तथा सामाजिक विकास (Health, Education and Social Development), सूचना तथा सञ्चार प्रविधि (ICT), उद्योग तथा औद्योगिक पूर्वाधार निर्माण (Industry and Industrial Infrastructure), कृषि तथा वन (Agriculture and Forest), सडक तथा यातायात (Road and Transport), शहरी विकास (Urban Development), पर्यटन (Toursim) र खानी तथा खनिज पदार्थ (Mines and Minerals) समाविष्ट छन् । यो निर्देशनालय नयाँ रूपमा प्रस्ताव गरिएको हो, जसले लगानी बोर्डलाई सानिसा तथा निजी लगानी दुवै प्रकारका आयोजनाहरू विकास गर्ने आफ्नो कार्यादेश पूरा गर्नका निम्ति थप दक्षताका साथ सहयोग गर्नेछ। निर्देशनालयको

मुख्य भूमिका परियोजनाहरूको प्राविधिक-आर्थिक (Techno–Economic), वित्तीय (Financial), तथा राजनीतिक-सामाजिक (Politico–Social) विश्लेषण गर्दै तिनलाई बोर्डबाट स्वीकृति दिलाउने र तिनको समन्वय, सहजीकरण तथा अनुगमन मार्फत प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु हुनेछ । निर्देशनालयमा मूलतः प्राविधिक क्षेत्रका विभिन्न सेवा, समूह तथा उप-समूहहरूका २५ जना कर्मचारी रहनेछन्, जसमा निर्देशनालय प्रमुख पनि समावेश हुनेछ ।

लगानी बोर्डको कार्यालयलाई कार्यादेश, कार्यक्षमता, कर्मचारी संरचना, वित्तीय स्रोत, र उत्तरदायित्वका दृष्टिले संस्थागत पुनःसंरचना (Institutional Re-engineering) गर्नु आवश्यक छ, जसले यसलाई परिणाममुखी र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने संस्थाका रूपमा स्थापित गर्न सकियोस् । यही लक्ष्य हासिल गर्न यो रणनीति तथा व्यावसायिक योजना (Strategy and Business Plan) तयार गरिएको हो । संस्थागत पुनःसंरचनाका लागि प्रस्तावित यस योजनामा लगानी बोर्डको कार्यालयलाई अधिकृत-केन्द्रित, कार्य आवश्यकतामा आधारित, कार्य सम्पादनसँग आबद्ध, नतिजा-उन्मुख र प्रोत्साहन-प्रेरित (Incentives–Driven) संस्था बनाउने लक्ष्य राखिएको छ । यसका लागि सरकारी तथा निजी क्षेत्र दुवै स्रोतबाट कर्मचारी प्राप्त र परिचालन गर्ने मिश्रित संरचना (Blended Staff Structure) प्रणाली अवलम्बन गरिनेछ । यस सम्पूर्ण पुनःसंरचनाको अन्तिम उद्देश्य परिणाम प्राप्ति (Delivery of Results) नै हो, र त्यही दिशातर्फ नै लगानी बोर्डको कार्यालयको सम्पूर्ण संस्थागत संरचना केन्द्रित र समर्पित हुनेछ ।

## ५.२ प्रस्तावित संगठनात्मक संरचना (Organogram)

लगानी बोर्डको कार्यालयले आफ्नो रणनीतिक मार्गनिर्देशलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एक लचिलो (Agile) र लगानी अवसर-लक्ष्यित संस्थागत संरचना स्थापित गर्नु आवश्यक छ, जसले गर्दा लगानीका वास्तविक आवश्यकताहरू बुझ्न सकियोस् । यसका लागि छिटो अनुकूलित हुन सक्ने गतिशील (Dynamic) जनशक्तिको व्यवस्थापन र परिचालन, तिनको तालिम र क्षमता विकासमा लगानी, कर्मचारीहरूलाई आवश्यक ज्ञान, सही सोच र दक्षता (Knowledge, Attitude and Skills-KAS) द्वारा दीक्षित गरी तिनको सक्षमीकरण र सशक्तीकरण (Enabling and Empowerment), नवप्रवर्तन (Innovation) को संस्कारको प्रवर्द्धन, लगानी बजारको मागसँग संस्थाको कार्यादेश र सेवाप्रवाहको प्रभावकारी समायोजन र प्रक्रिया सरलीकरण (Streamlining) मार्फत संस्थागत समन्वय र निर्णय-निर्माण क्षमतामा सुधार गरिनेछ । यी उपायहरूले OIBN लाई द्रुत परिवर्तनशील व्यावसायिक वातावरण (Rapidly evolving business environment) मा दिगो वृद्धि (Sustainable Growth) तथा प्रतिस्पर्धात्मक लाभ (Competitive Advantage) हासिल गर्न मद्दत गर्नेछन् ।

उल्लिखित गतिविधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न एवं संस्थाको दीर्घकालीन दिगोपन सुनिश्चित गर्न प्रस्ताव गरिएको नयाँ संगठनात्मक संरचना अन्तर्गतका निर्देशालय (Directorate), शाखा (Section) र डेस्क (Desk) हरु तथा तिनमा कार्यरत रहने जनशक्तिको विस्तृत कार्य विवरण (Job Descriptions/JDs) अनुसूची - १ मा प्रस्तुत गरिएको छ ।

चित्र ७: संगठन संरचना (प्रस्तावित)

**सल्लाहकार परिषद्**
अध्यक्ष: प्रधानमन्त्री
उपाध्यक्ष: प्रमुख प्रतिपक्षी दलको नेता

**लगानी बोर्ड**
(अध्यक्ष: सम्माननीय प्रधानमन्त्री)

**विषयगत समितिहरु**

**लगानी परामर्श मञ्च**
**संयोजक- प्रमुख कार्यकारी अधिकृत**

**अनुगमन तथा सहजीकरण समिति**
(संयोजक- मा. अर्थमन्त्री)

## लगानी बोर्डको कार्यालय

**सल्लाहकार तथा विशेषज्ञ समूह**

**प्रमुख कार्यकारी अधिकृत**

**सचिवालय**
निर्देशक (रा.प.द्वि.) (ने.प्र.से./सा.प्र.)-१
ना.सु.( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१,
क.अ.(नेपाल विविध सेवा/रा.प.अनं. प्र.) -१

**सचिव (रा.प. विशिष्ट श्रेणी/प्रशासन)**

**सचिवालय**
शाखा अधिकृत (ने.प्र.से./सा.प्र.रा.प.तृ/) -१
ना.सु.( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१,

**योजना, प्रशासन, तथा वित्तीय व्यवस्थापन निर्देशनालय**
सहसचिव (रा.प.प्र.)
(ने.प्र.से./सा.प्र.)
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**मानव संसाधन व्यवस्थापन शाखा**
निर्देशक (रा.प.द्वि.) (ने.प्र.से./सा.प्र.)-१
शाखा अधिकृत (रा.प.तृ)(ने.प्र.से./सा.प्र.) -१
ना.सु.( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१,
क.अ. (रा.प.अनं.प्र.) (नेपाल विविध सेवा)-१

**वित्तीय तथा खरिद व्यवस्थापन शाखा**
निर्देशक (रा.प.द्वि.) (ने.प्र.से./लेखा)-१
लेखा अधिकृत ( रा.प.तृ.) (ने.प्र.से./लेखा) -१
लेखापाल (रा.प.अनं.प्र.) (ने.प्र.से./लेखा)-१

**योजना, अनुगमन, मूल्यांकन तथा गुनासो सुनुवाइ शाखा**
निर्देशक (रा.प.द्वि.) (ने.प्र.से./सा.प्र.)-१
शाखा अधिकृत (रा.प.तृ) (ने.प्र.से./सा.प्र.)-१
व्यवस्थापन सहायक (रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**कानुन, विवाद निरुपण तथा फैसला कार्यान्वयन शाखा**
उपसचिव (रा.प.द्वि.)(नेपाल न्याय सेवा/कानुन) -१
कानुन अधिकृत( रा.प.तृ.)(नेपाल न्याय सेवा/कानुन) -१
ना.सु.( रा.प.अनं.प्र.)(ने.प्र.से./सा.प्र.)-१

**सार्वजनिक निजी साझेदारी निर्देशनालय**
सुपरिन्टेण्डेण्ट इन्जिनियर (रा.प.प्र.)
(ने.इ.से./ सिभिल/जनरल)
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**सानिसा प्रबर्द्धन तथा आयोजना विकास सहयोग शाखा (संघीय तह)**
सि.डि. इ.( रा.प.द्वि)(ने.इ.से./ सिभिल/जनरल)-१
इन्जिनियर(रा.प.तृ) (ने.इ.से./इलेक्ट्रिकल/जनरल इ. )-१,
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**सानिसा प्रबर्द्धन तथा आयोजना विकास सहयोग शाखा (प्रदेश एवं स्थानीय तह)**
सि.डि.इ.( रा.प.द्वि) (ने.इ.से./ सिभिल/जनरल/)- १
इन्जिनियर ( ने.इ.से./ सिभिल/जनरल/रा.प.तृ) -१,
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**सुचना प्रविधि तथा तथ्यांक शाखा**
वरिष्ठ कम्प्यूटर इन्जिनियर (रा.प.द्वि.) (नेपाल विविध सेवा) -१
तथ्यांक अधिकृत (रा.प.तृ.)(नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा/तथ्यांक) -१
कम्प्यूटर इन्जिनियर (रा.प.तृ.) (नेपाल विविध सेवा)-१
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**लगानी प्रबर्द्धन तथा सहजीकरण निर्देशनालय**
सहसचिव (रा.प.प्र.)
(ने.प्र.से./सा.प्र.)
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा**
निर्देशक (रा.प.द्वि.) (ने.प्र.से./सा.प्र.)-१
लगानी प्रबर्द्धक (रा.प.तृ.)(नेपाल विविध सेवा)-१
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**वैदेशिक लगानी प्रबर्द्धन तथा सहजीकरण शाखा**
वरिष्ठ वित्तीय विश्लेषक (रा.प.द्वि.)(नेपाल विविध सेवा)-१
अर्थशास्त्री (रा.प.तृ.) (नेपाल विविध सेवा)-१
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**एकल विन्दु सेवा केन्द्र**
निर्देशक (रा.प.द्वि.) (ने.प्र.से./सा.प्र.)-१
उद्योग अधिकृत (रा.प.तृ.)(ने.प्र.से./सा.प्र.)-१
ना.सु. ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**एकल विन्दु सेवा डेस्कहरु**
**(नियम ४६(क) बमोजिम )**

१. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (प्रमुख नापी अधिकृत) (रा.प.द्वि/ ने.इ.से./सर्भे)-१
२. भौतिक,,पूर्वाधार तथा यातायात मन्त्रालय (सि.डि.ई.) (रा.प.द्वि/ ने.इ.से./सिभिल/हाइवे)-१
३. वन तथा वातावरण मन्त्रालय (वरिष्ठ वन अधिकृत) (रा.प.द्वि/ ने.व.से./जनरल फरेष्ट्री)-१
४. नेपाल राष्ट्र बैंक (उपनिर्देशक) -१
५. अध्यागमन विभाग (उपसचिव) (रा.प.द्वि/ ने.प्र.से./सा.प्र.)-१
६. आन्तरिक राजश्व विभाग (उपसचिव) (रा.प.द्वि/ ने.प्र.से./राजश्व)-१
७. उद्योग विभाग (प्रमुख उद्योग अधिकृत) (रा.प.द्वि/ ने.प्र.से./सा.प्र.)-१
८. खानी तथा भूगर्भ विभाग (सि.डि.ई. जिओलोजिष्ट) (रा.प.द्वि/ ने.इ.से./जिओलोजी/इन्जिनियरिङ्ग जिओलोजी)-१
९. भन्सार विभाग (उपसचिव) (रा.प.द्वि/ ने.प्र.से./राजश्व)-१
१०. श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग (उपसचिव) (रा.प.द्वि/ ने.प्र.से./सा.प्र.)-१
११. विद्युत विकास विभाग (सि.डि.ई) (रा.प.द्वि/ ने.इ.से./सिभिल/हाइड्रोपावर)-१
१२. कम्पनी रजिष्ट्रारको कार्यालय (उपसचिव) (रा.प.द्वि/ ने.प्र.से./सा.प्र.)-१
१३. नेपाल दुरसञ्चार प्राधिकरण (उपनिर्देशक) (प्राविधिक-१)
१४. नेपाल विद्युत प्राधिकरण ( बरिष्ट इलेक्ट्रिकल इन्जिनियर (दशौं तह)-१)
१५. बोर्डले तोकेका अन्य निकाय

**आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय**
सुपरिन्टेण्डेण्ट इन्जिनियर (रा.प.प्र.)
(ने.इ.से./ सिभिल/हाइड्रो पावर)
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा**
सि.डि.इ. (रा.प.द्वि.) (ने.इ.से./ सिभिल/हाइड्रो) -१
आर्किटेक्ट प्लानर (रा.प.तृ.) (ने.इ.से./ सिभिल/वि. एण्ड आर.)-१
इन्जिनियर (रा.प.तृ.) (ने.इ.से./सिभिल/हाइड्रो)-१
व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**विषयगत डेस्कहरु**

१. जलश्रोत तथा ऊर्जा (सि.डि.ई.)(रा.प.द्वि./ने.इ.से./सिभिल/हाइड्रो)-१
२. स्वास्थ्य, शिक्षा तथा सामाजिक विकास (प्रमुख मेडिकल अधिकृत) (दशौं तह/ज.हे.स.)-१
३. सूचना, संचार तथा प्रविधि (उपनिर्देशक)(प्राविधिक)-१
४. उद्योग तथा औद्योगिक पूर्वाधार (प्रमुख उद्योग अधिकृत) (रा.प.द्वि./ने.प्र.से./सा.प्र.)-१
५. कृषि तथा वन (विकास अधिकृत) (रा.प.द्वि./ने.कृ.से./ए.इ./इन्जिनियर)-१
६. सडक तथा यातायात (सि.डि.ई.)(रा.प.द्वि./ने.इ.से./सिभिल/हाइवे)-१
७. शहरी विकास (वरिष्ठ आर्किटेक्ट प्लानर) (रा.प.द्वि.) (ने.इ.से./ सिभिल/वि. एण्ड आर.)-१
८. पर्यटन (उपसचिव) (रा.प.द्वि./ने.प्र.से./सा.प्र.)-१
९. खानी तथा खनिज पदार्थ (सि.डि.जिओलोजिष्ट) (रा.प.द्वि./ ने.इ.से./जिओलोजि/जनरल जिओलोजि)-१
१०. बोर्डले तोकेका अन्य क्षेत्रहरु

**आयोजना मूल्यांकन (Appraisal) शाखा**

१. वरिष्ठ वित्तीय विश्लेषक (रा.प.द्वि.) (नेपाल विविध सेवा) -१
२. वरिष्ठ अर्थशास्त्री (रा.प.द्वि.) (नेपाल विविध सेवा) -१
३. वरिष्ठ वातावरण निरीक्षक(रा.प.द्वि.) (नेपाल वन सेवा/वातावरण)-१
४. वरिष्ठ समाजशास्त्री (रा.प.द्वि.) (नेपाल विविध सेवा) -१ *
५. सि.डि.ई. (रा.प.द्वि.) (ने.इ.से./सिभिल/जनरल) -१
६. उपसचिव (रा.प.द्वि) (नेपाल न्याय सेवा/कानुन)-१
७. बरिष्ठ सुशासनविद् (रा.प.द्वि) (नेपाल विविध सेवा) -१ *
८. वित्तीय विश्लेषक (रा.प.तृ.) (नेपाल विविध सेवा) -१
९. वातावरण निरीक्षक (रा.प.तृ) (नेपाल वन सेवा/वातावरण)-१
१०. व्यवस्थापन सहायक ( रा.प.अनं.प्र.) (ने.प्र.से./सा.प्र.)-१

**नोट:**

१. उल्लिखित दरवन्दी अनुसारका पदहरुमा बोर्डले आवश्यकता अनुसार स्थायी वा करार सेवाबाट पदपूर्ति गर्नेगरी तोक्न सक्नेछ। तथापि व्यवस्थापन सहायक-१२, हलुका सवारी चालक-८, कार्यालय सहयोगी-८, गार्डेनर-२, क्लिनर-१ जस्ता पदहरुमा करार सेवाबाट पदपूर्ति गरिनेछ।
२. कार्यालयले विशेषज्ञ सेवा लिन आवश्यकतानुसार विशेषज्ञ समिति वा कार्यदल गठन गर्नेछ।
३. एकल विन्दु सेवा केन्द्र र विषयगत क्षेत्रका आयोजना संचालन गर्न आवश्यक पर्ने जनशक्तिको सेवा, समूह, श्रेणी तथा पद र सोको संख्या बोर्डले सम्बन्धित निकायको समन्वयमा आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।
४. एकल विन्दु सेवा डेस्कमा रहने पदाधिकारीहरुलाई सम्बन्धित सरोकारवाला निकायहरुबाट प्रचलित कानून बमोजिम निर्णय गर्ने अख्तियारी प्राप्त हुनेछ।
५. शाखा अधिकृत तथा रा.प.तृ. श्रेणीका कर्मचारीहरुले सहायक निर्देशकको रुपमा काम गर्नेछन्।
६. यस संगठन संरचनामा उल्लेखित पदहरुको पदपूर्ती नहुँदासम्म लगानी वोर्डको कार्यालयले स्विकृत दरवन्दीको सीमा भित्र रही रा.प.द्वि. श्रेणी भन्दा मूनीका पदहरुमा सेवा करारमा लिइ काममा लगाउन सक्नेछ।
७.कार्यालयको कार्यबोझका आधारमा कार्यालयले बोर्डको स्वीकृति लिएर थप बिज्ञ तथा कर्मचारी राख्न सक्नेछ।
* नयाँ पदनामको व्यवस्था गर्नुपर्ने।

तलिका १३: दरबन्दी तेरिज

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | विद्यमान दरबन्दी | थप | घट | प्रस्तावित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | | | | | १ | | | १ | |
| २. | सचिव | राजपत्रांकित विशिष्ट श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | ० | १ | | १ | |
| ३. | सहसचिव | राजपत्रांकित प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | १ | १ | | २ | |
| ४. | सुपरिन्टेण्डेण्ट इन्जिनियर | राजपत्रांकित प्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल इन्जिनियर | जनरल | ० | १ | | १ | |
| ५. | सुपरिन्टेण्डेण्ट इन्जिनियर | राजपत्रांकित प्रथम श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल इन्जिनियर | हाइड्रोपावर | १ | | | १ | |
| ६. | निर्देशक | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | १ | ४ | | ५ | |
| ७. | उपसचिव | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | | १ | | १ | |
| ८. | निर्देशक | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल प्रशासन सेवा | लेखा | | ० | १ | | १ | |
| ९. | उपसचिव | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल न्याय सेवा | कानुन | | १ | १ | | २ | |
| १०. | सिनियर डिभिजन इन्जिनियर | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | जनरल | ० | ३ | | ३ | |
| ११. | सिनियर डिभिजन इन्जिनियर | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | हाइड्रो | १ | १ | | २ | |
| १२. | सिनियर डिभिजन इन्जिनियर | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | हाइवे | ० | १ | | १ | |
| १३. | बरिष्ठ आर्किटेक्ट प्लानर | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | विण्डिङ्ग एण्ड आर्किटेक्ट | | १ | | १ | |
| १४. | सि.डि. जिओलोजिष्ट | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | जिओलोजि | जनरल जिओलोजि | | १ | | १ | |
| १५. | बरिष्ठ अर्थशास्त्री | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल विविध सेवा | | | ० | १ | | १ | |
| १६. | बरिष्ठ कम्प्यूटर इन्जिनियर | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल विविध सेवा | | | ० | १ | | १ | |
| १७. | बरिष्ठ वित्तीय विश्लेषक | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल विविध सेवा | | | | २ | | २ | |
| १८. | बरिष्ठ वातावरण अधिकृत | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल विविध सेवा | | | | १ | | १ | |
| १९. | वरिष्ठ समाजशास्त्री * | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल विविध सेवा | | | | १ | | १ | |
| २०. | बरिष्ठ सुशासन विद् * | राजपत्रांकित द्बितीय श्रेणी | नेपाल विविध सेवा | | | | १ | | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१. | बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल स्वास्थ्य सेवा | हेल्थ एजुकेशन | | | १ | | १ | |
| २२. | विकास अधिकृत | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल कृषि सेवा | एग्रीकल्चर इन्जिनियर | इन्जिनियर | | १ | | १ | |
| २३. | प्रमुख उद्योग अधिकृत | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | | १ | | १ | |
| २४. | उपनिर्देशक | - | - | - | | | १ | | १ | |
| २५. | शाखा अधिकृत | राजपत्रांकित तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | २ | १ | | ३ | |
| २६. | उद्योग अधिकृत | राजपत्रांकित तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | ० | १ | | १ | |
| २७. | इन्जिनियर | राजपत्रांकित तृतीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | जनरल | १ | ० | | १ | |
| २८. | इन्जिनियर | राजपत्रांकित तृतीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | हाइड्रो | १ | ० | | १ | |
| २९. | इन्जिनियर | राजपत्रांकित तृतीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | इलेक्ट्रिकल | जनरल इलेक्ट्रिकलन | ० | १ | | १ | |
| ३०. | आर्किटेक्ट प्लानर | राजपत्रांकित तृतीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | विण्डिङ्ग एण्ड आर्किटेक्ट | ० | १ | | १ | |
| ३१. | कानुन अधिकृत | राजपत्रांकित तृतीय श्रेणी | नेपाल न्याय सेवा | कानुन | | ० | १ | | १ | |
| ३२. | लेखा अधिकृत | राजपत्रांकित तृतीय श्रेणी | नेपाल प्रशासन सेवा | लेखा | | १ | | | १ | |
| ३३. | वातावरण निरीक्षक | राजपत्रांकित तृतीय श्रेणी | नेपाल वन सेवा | वातावरण | | १ | | | १ | |
| ३४. | अर्थशास्त्री | राजपत्रांकित तृतीय श्रेणी | नेपाल विविध सेवा | | | ० | १ | | १ | |
| ३५. | तथ्यांक अधिकृत | राजपत्रांकित तृतीय श्रेणी | नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | तथ्यांक | | ० | १ | | १ | |
| ३६. | कम्प्यूटर इन्जिनियर | राजपत्रांकित तृतीय श्रेणी | नेपाल विविध सेवा | | | ० | १ | | १ | |
| ३७. | लगानी प्रबर्द्धक | राजपत्रांकित तृतीय श्रेणी | नेपाल विविध सेवा | | | ० | १ | | १ | |
| ३८. | वित्तीय विश्लेषक | राजपत्रांकित तृतीय श्रेणी | नेपाल विविध सेवा | | | ० | १ | | १ | |
| ३९. | नायव सुब्बा | राजपत्र अनंकित प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | ३ | २ | | ५ | |
| ४०. | लेखापाल | राजपत्र अनंकित प्रथम श्रेणी | नेपाल प्रशासन सेवा | लेखा | | | १ | | १ | |
| ४१. | कम्प्यूटर अपरेटर | राजपत्र अनंकित प्रथम श्रेणी | नेपाल विविध सेवा | | | २ | | | २ | |
| ४२. | खरिदार | राजपत्र अनंकित द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | १ | | १ | ० | |
| ४३. | जम्मा | | | | | १८ | ४१ | १ | ५८ | |

* पदनाम थप गर्नुपर्ने।

**सेवा करारबाट काम लगाउनेः**

| क्र.सं. | पद | विद्यमान संख्या | थप | प्रस्तावित संख्या |
|---|---|---|---|---|
| १ | व्यवस्थापन सहायक | ० | १२ | १२ |
| २ | हलुका सवारी चालक | ४ | ४ | ८ |
| ३ | कार्यालय सहयोगी | ४ | ४ | ८ |
| ४ | गार्डेनर | २ | ० | २ |
| ५ | क्लिनर | १ | ० | १ |
| | जम्मा | ११ | २० | ३१ |

**अन्य निकायबाट प्राप्त हुने जनशक्तिः**

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख नापी अधिकृत | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सर्भे | | १ | |
| २. | सि.डि.ई. | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | हाइवे | १ | |
| ३. | वरिष्ठ वन अधिकृत | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | जनरल फरेष्ट्री | | १ | |
| ४. | उपनिर्देशक | राजपत्रांकित द्वितीय श्रेणी | | | | १ | नेपाल राष्ट्र बैंङ्क |
| ५. | उपसचिव | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | १ | |
| ६. | उपसचिव | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | राजश्व | | २ | |
| ७. | प्रमुख उद्योग अधिकृत | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल प्रशासन सेवा | सामान्य प्रशासन | | ३ | |
| ८. | सि.डि.ई. जिओलोजिष्ट | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | जिओलोजी | इन्जिनियरिङ्ग जिओलोजी | १ | |
| ९. | सि.डि.ई | राजपत्रांकित द्वितीय श्रेणी | नेपाल इन्जिनियरिङ्ग सेवा | सिभिल | हाइड्रोपावर | १ | |
| १०. | उपनिर्देशक | प्राविधिक | | | | १ | दुर सञ्चार |
| ११. | बरिष्ट इलेक्ट्रिकल इन्जिनियर | दशौं तह | | | | १ | विद्युत प्राधिकरण |
| | जम्मा | | | | | १४ | |

## ६. खर्च र आम्दानीका स्रोतहरु :

प्रस्तुत रणनीति तथा व्यावसायिक योजनाका उल्लिखित खण्डहरुमा नेपालको पूर्वाधार विकासमा सरकारी तथा निजी लगानीको वर्तमान अवस्था र सम्भावना, वैदेशिक लगानीको आवश्यकता र वर्तमान स्थिति, सानिसाको महत्व र उपादेयता, लगानी बोर्डको गठनको प्रयोजन र यसको कार्यादेश सहित सवल र दुर्वल पक्षहरुका साथै अवसर र चुनौतीहरु तथा यससम्बन्धी अन्तर्राष्ट्रिय अनुभव र अभ्यासको चर्चा गर्दै पाँच वर्षका लागि लगानी बोर्डको रणनीति तथा व्यावसायिक कार्ययोजनाबारे विस्तृत प्रकाश पारिसकिएको छ । यसैगरी, त्यो कार्ययोजना पूरा गर्न आवश्यक पर्ने नयां सागठनिक संरचना पनि औचित्यसहित माथि प्रस्ताव गरिसकिएको छ । यस खण्डमा बोर्डको कार्यालयलाई आफ्नो कार्यादेश सम्पन्न गर्न र सोहीबमोजिम बोर्डका प्रमुख कार्यकारी अधिकृतलाई कार्यसम्पादन सम्झौतामा समेत उल्लिखित आफ्नो प्रतिबद्धता पूरा गर्नका लागि आवश्यक पर्ने वित्तीय स्रोतको जोहो कहांबाट कसरी गर्ने, त्यो के-के क्रियाकलापमा कसरी खर्च गर्ने, बाह्य स्रोतमाथिको निर्भरता कम गर्दै लगेर दीर्घकालीन र दिगो रूपमा बोर्डको कार्यालय कसरी आत्मनिर्भर बन्दै जाने भन्ने सम्बन्धमा प्रकाश पार्न खोजिएको छ। यस क्रममा, पहिले सांगठनिक पुनःसंरचनापश्चात् विभिन्न चारवटा निर्देशनालयको मानव संसाधन आपूर्ति र परिचालनसँगै ती निर्देशनालय र तदन्तर्गतका शाखाहरुबाट संचालन र सम्पादन गरिने कार्यक्रम र क्रियाकलापहरुको खर्च (लागत) को प्रक्षेपण गरिएको छ भने त्यसपछि बोर्डको कार्यालयले ती खर्च जुटाउन सरकारबाट प्राप्त हुने बजेटरी अनुदान, विकास साझेदारहरुबाट अपेक्षा गरिएको वित्तीय वा प्राविधिक सहायता र कार्यालय स्वयंले आफुलाई प्राप्त कानुनी कार्यादेशको कार्यान्वयन गर्दै सेवा सुविधाको प्रक्रियागत सहजीकरण वा परियोजना विकास र कार्यान्वयन वा कानुनबमोजिम विभिन्न कोषहरुको स्थापना र परिचालन मार्फत प्राप्त गर्ने राजस्व (रोयल्टी, शुल्क, अनुदान, आदि) को अनुमान प्रस्तुत गरिएको छ । आम्दानी र खर्च (लागत) को प्रक्षेपण गर्दा चालु आर्थिक वर्ष २०८१/८२ का दुइ चौमासिक व्यतीत भइसकेकाले आगामी आर्थिक वर्ष २०८२/८३ लाई पहिलो वर्ष मानी अनुमान प्रस्तुत गरिएको छ ।

### ६.१ मुख्य लागतहरूको विवरण

तलको तालिका अनुसार, एकल विन्दु सेवा केन्द्रको स्थापना र सञ्चालनको प्रारम्भिक पूँजीगत लागतका कारण पहिलो आर्थिक वर्ष २०८२/८३ मा समग्र लगानी बोर्डको कार्यालयको खर्च लगभग रु. ५२.७३ करोड पुग्ने अनुमान गरिएको छ भने पछिका वर्षहरूमा लगभग ४६.५ करोडमा स्थिर रहने अनुमान गरिएको छ ।एकल विन्दु सेवा केन्द्रको सक्रिय संचालनसँगै नयां सांगठनिक पुनःसंरचनाका कारण मानव संसाधन व्यवस्थापनमा र प्रस्तावित रणनीति अन्तर्गतको कार्ययोजनाको कार्यान्वयनमा पूंजीगत र चालु खर्चको धेरै अंश केन्द्रित रहनेछ । यस्तो अनुमानित खर्चको विवरण ४ वटै निर्देशनालयका लागि विभिन्न शीर्षकमा विभक्त गरी तल प्रस्तुत गरिएको छ ।

तालिका १४ : लागत र बजेट अनुमान (रु. करोडमा)

| विवरणहरू /आ.व. | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|
| हाल विद्यमान कर्मचारीहरु | १८ | ५८ | ५८ | ५८ |
| थप | ४० | ० | ० | ० |
| **जम्मा** | **५८** | **५८** | **५८** | **५८** |
| | | | | |
| **चालु खर्च** | | | | |
| **योजना, प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालय** | | | | |
| कर्मचारी तलब-भत्ता | ५.१८ | ५.१८ | ५.७० | ५.७० |
| निवृत्तिभरण | ०.४८ | ०.४८ | ०.५३ | ०.५३ |
| इन्धन र सवारी साधन | ०.७७ | ०.८० | ०.८५ | ०.८९ |
| भाडा | १.६७ | १.७५ | १.८४ | १.९३ |
| कार्यालय स्टेशनरी | ०.३२ | ०.३३ | ०.३५ | ०.३६ |
| प्रशिक्षण/तालीम | १.०५ | १.१० | १.१६ | १.२२ |
| युटिलिटिज् (बिजुली, धारा, टेलिफोन आदिको महसूल, शुल्क) | ०.१६ | ०.२८ | ०.२९ | ०.३० |
| संचालनमा आइराखेको डिजिटल सफ्टवेयर | ०.२१ | ०.२२ | ०.२३ | ०.२४ |
| करारमा कर्मचारी आपूर्ति र सेवा | १.५० | १.५० | १.६५ | १.६५ |
| परामर्श सेवा: विशेषज्ञहरूको उपलब्धता | १.०५ | १.१० | १.१६ | १.२२ |
| एकल विन्दु सेवा केन्द्रका कर्मचारीको तलब/भत्ता | १.२४ | १.२४ | १.३६ | १.३६ |
| संस्थागत क्षमता सुदृढीकरण | २.१० | २.२१ | २.३२ | २.४३ |
| | **१५.७४** | **१६.२** | **१७.४५** | **१७.८४** |
| **सार्वजनिक निजी साझेदारी निर्देशनालय** | | | | |
| आइटी सम्पत्ति | ३.१५ | ३.३१ | ३.४७ | ३.६५ |
| परियोजना बैंक र परियोजना सूचना मेमोरेण्डम (आइएम) | २.१० | २.२१ | २.३२ | २.४३ |
| | **५.२५** | **५.५२** | **५.७९** | **६.०८** |
| **आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय** | | | | |
| परियोजना सर्वेक्षणहरू | १.०५ | १.१० | १.१५ | १.२१ |
| प्राविधिक अध्ययनहरू | ३.१५ | ३.३० | ३.४७ | ३.६४ |
| परियोजना विकास र ट्रान्ज्याक्शन एडभाइजरी | ३.१५ | ३.३० | ३.४७ | ३.६४ |
| विज्ञहरूको आपूर्ति र सेवा | १.०५ | १.१० | १.१५ | १.२१ |
| | **८.४०** | **८.८०** | **९.२४** | **९.७०** |
| **लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय** | | | | |
| लगानी प्रवर्द्धन तथा सहजीकरण सम्बन्धी भ्रमण तथा भेटघाट | १.०५ | १.१० | १.१६ | १.२२ |
| लगानी प्रवर्द्धन तथा सहजीकरण कार्यक्रमहरू (Summits, Events, Fairs, Roadshows, etc.) | ३.१५ | ३.३१ | ३.४७ | ३.६५ |

| | | | | |
|---|---|---|---|---|
| लगानी प्रवर्द्धन तथा सहजीकरण आउटरिच (Use of information and communications channels) | १.०५ | १.१० | १.१६ | १.२२ |
| लगानी प्रवर्द्धन तथा सहजीकरण टेक्नोलोजी | २.१० | २.२१ | २.३२ | २.४३ |
| लगानी प्रवर्द्धन तथा सहजीकरण मिडिया | २.१० | २.२१ | २.३२ | २.४३ |
| लगानी प्रवर्द्धन तथा सहजीकरण प्रायोजन (Sponsorship) | १.०५ | १.१० | १.१६ | १.२२ |
| | **१०.५०** | **११.०३** | **११.५९** | **१२.१७** |
| **अतिरिक्त स्थिर लागत (Additonal Fixed Cost) (योजना, प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालयको खर्चमा थपिने)** | | | | |
| थप उपकरण | ०.२४ | ०.२५ | ०.२७ | ०.२८ |
| कार्यालय नयाँ ठाउँ | २.१० | २.२१ | २.३२ | २.४३ |
| एकल विन्दु सेवा केन्द्र | १०.५० | ०.११ | ०.१२ | ०.१२ |
| | **१२.८४** | **२.५७** | **२.७१** | **२.८३** |
| | | | | |
| **कुल खर्च** | **५२.७३** | **४४.१२** | **४६.७७** | **४८.६१** |
| | | | | |

## ६.२ राजस्वका सम्भावित स्रोतहरू

| राजस्वका अनुमानित स्रोतहरू | स्रोतहरू |
|---|---|
| लगानी प्रवर्द्धन र लगानीकर्ता सहजीकरण | **लगानी निर्णय पूर्व** उपलब्ध गराइने **सेवाहरू (Pre-Investment Services)**<br>• बजार अनुसन्धान (Market Research)<br>• व्यापार मिलान (Business Matchmaking)<br>• विदेशी लगानीकर्ताहरूलाई उपलब्ध गराइने सेवाहरू (Expat Services)<br>• सम्भावित लगानीकर्ताहरूका लागि सूचना सेवाहरू<br>• परियोजना डाटाबेस<br>**लगानीको निर्णय पछि** उपलब्ध गराइने **सेवाहरू (After Care Services)**<br>• दर्ता/लाइसेन्स<br>• कानुनी सहायता<br>• कर/भन्सार सहायता<br>• स्थानीय कर्मचारीहरूको छनोट<br>• कम्पनी सेवाहरू<br>• व्यक्तिगत विशिष्ट सेवाहरू |
| परियोजना विकास र कार्यान्वयन व्यवस्थापन | **परियोजना सक्षमीकरण सेवाहरू (Project Enabling Services)**<br>• जग्गा अधिग्रहण<br>• संघ, प्रदेश र स्थानीय सरकारसँग समन्वय |

| | |
|---|---|
| | • युटिलिटिज् र पूर्वाधार सम्बन्धी सहयोग (बिजुली, पानी आदि)<br>• वातावरण सम्बन्धी स्वीकृति र सेवाहरू<br>**ट्रान्ज्याक्शन सल्लाहकार र परियोजना व्यवस्थापन सेवाहरू**<br>• परियोजना विकास शुल्क<br>• परियोजना सम्बन्धि कार्यहरु समापन (Transaction Closure) र कारोबार शुल्क<br>• कार्यक्रम व्यवस्थापन एकाइ<br>• इन्जिनियरिंग सेवा प्रदायक (Owners' Engineers) |

## ६.३ बजेट र वित्तीय दिगोपनका स्रोतहरू

| राजस्वका सम्भावित स्रोतहरू | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| लगानी बोर्डको बजेटरी आवश्यकता (रु. करोडमा) | १०.२ | २०.९ | १९ .४ | ५२.७३ | ४४.१२ | ४६.७७ | ४८.६१ |
| सरकारबाट प्राप्त बजेट सहयोग | ८.०२ | १७.५२ | १९.४० | ५१.४१ | ४१.९१ | ४२.०९ | ३८.८९ |
| विकास साझेदार हरूबाट प्राप्त सहयोग | २.१८ | ३.३८ | - | - | - | - | - |
| कुल राजस्वको % को रूपमा लगानी बोर्डको कार्यालयको राजस्व (लगानी सहजीकरण र परियोजना विकास) | - | - | - | २.५% | ५% | १०% | २०% |

## ६.४ परियोजना विकासका लक्ष्य

| क.सं. | कार्यक्षेत्र | जम्मा प्रस्तावित परियोजना संख्या (४ वर्षको अवधिमा) |
|---|---|---|
| १. | ऊर्जा (प्रसारण लाइनसहित) | ९ |
| २. | शहरी पूर्वाधार | ७ |
| ३. | पर्यटन | ८ |
| ४. | औद्योगिक पूर्वाधार | ६ |
| ५. | सामाजिक पूर्वाधार | ७ |
| ६. | यातायात | ९ |
| ७. | कृषि | ६ |
| ८. | सूचना तथा सञ्चार प्रविधि | ३ |
| ९. | अन्य | २ |
| | **जम्मा** | **५७** |

## ६.५ सम्भाव्य राजस्व

| क.सं. | चरण | संख्या | कुल लागत (अमेरिकी डलर–करोडमा) | लगानी बोर्डलाई प्राप्त हुने अनुमानित राजस्व (रु. करोडमा) | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्ययन गरिएका परियोजनाहरु | ५७ | २४३० | | लागत/खर्च केन्द्र (Cost Center) |
| २. | परियोजना खरिद कार्य (हाल संचालनमा रहेका समेत) | ५२ | २३४० | २.६० | आवेदन र अन्य शुल्कहरु |
| ३. | पिडिए/पिआइए सम्बधमा वार्ता तथा सम्झौता | ४२ | १७९५ | २३८.७३ | पिडिए सम्झौता शुल्क (0.१0%) |
| ४. | परियोजना तयारीको सोधभर्ना | ५२ | | ४८ | अनुमानित ६0% रुपान्तरण (Conversion Rate) |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | निर्माण | २७ | | १३५ | सहजीकरण शुल्कहरु |
| ६. | लगानी स्वीकृती | ९२ | १०६ | ४६ | स्वीकृति र पिआइए शुल्कहरु |
| | **जम्मा राजस्व** | | | ४७०.३३ | |

आर्थिक वर्ष २०८५/८६ सम्ममा यस रणनीति तथा व्यवसायिक योजनाको **खण्ड ४(क) लगानी लक्ष्य तथा लगानी योजना**मा उल्लिखित आयोजनाहरुको तयारीका साथसाथै कार्यान्वयनका चरणबद्ध माइलस्टोनहरु पुरा गरी लगानी परिचालन हुँदा ती परियोजनाहरुबाट लगानी बोर्डलाई अनुमानित रु ४ अर्ब ७० करोड राजस्व प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

## ७. प्रस्तावित कार्ययोजना

| **A: कार्यसञ्चालन उत्कृष्टता हासिल गर्ने (Achieve Operational Excellence)** | | | | | |
|---|---|---|---|---|---|
| कार्यहरू (Actions) | क्रियाकलाप (Activity) | लागत कारक (Cost Driver) | अनुमानित लागत (रु.करोड) | खर्चको स्रोत | समयसीमा (Timeline) |
| **अग्रसरताहरु (Initiatives): (i) संस्थागत सुदृढीकरण (Institutional Strengthening)** | | | | | |
| क) लगानी बोर्डको कार्यालयको पुन:संरचना (Restructure the Investment Board) | संस्थागत पुनर्संरचना गर्ने | कानून विशेषज्ञ/संरचनागत व्यवस्थापन विज्ञहरु | ७०.४६ | GGN+ | T3 २०८१ |
| | नयाँ संगठनात्मक संरचनामा बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | GGN+ | T3 २०८१ |
| | वार्षिक कार्यसम्पादन सम्झौताका आधारमा कर्मचारी नियुक्त गर्ने | कर्मचारी खर्च, नियुक्ति लागत | | GGN+ | T2 २०८२ |
| ख) बाँकी कानूनी दस्ताबेजहरुको (निर्देशिका, कार्यविधि, आदि) को तर्जुमा तथा कार्यान्वयन (Implement remaining legal guidelines and procedures) | OIBN लाई कानूनी दिशानिर्देश तथा प्रक्रियाको कार्यान्वयनका लागि आवश्यक कानूनी रूपरेखा निर्माण गर्ने | कानूनी विज्ञ | ८४.५५ | | T3 २०८१ |
| | SOPs तथा दिशानिर्देशका लागि बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | GGN+ | T1 २०८२ |
| ग) मानव संसाधन सुदृढीकरण (Building Human Resources) | विज्ञहरूलाई सूचीबद्ध गर्न संस्थागत अनुमोदन प्राप्त गर्ने | | | | T3 २०८१ |
| | परियोजनाको आवश्यकताअनुसार विशेषज्ञहरू नियुक्त गर्ने (सम्झौताका आधारमा वा स्थायी रूपमा) | विशेषज्ञ परामर्श शुल्क | १५८.५४ | | T3 २०८१ |
| | कार्यालय भवन तथा पूर्वाधार व्यवस्थापन गर्ने | भाडा, कार्यालय फर्निचर, सूचना तथा सञ्चार प्रविधि | २२०.१९ | | T2 २०८२ |
| घ) सञ्चार प्रणाली सुदृढीकरण | सरोकारवालाहरूलाई लगानी बोर्डका गतिविधि तथा प्रगतिबारे जानकारी | विज्ञहरूको संलग्नता | ६३.४१ | | T3 २०८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| (Strengthening Communication Systems) | गराउन “सूचना तथा सञ्चार योजना“ को मस्यौदा निर्माण गर्ने | | | | |
| | सूचना तथा सञ्चार योजनाको कार्यान्वयनका लागि बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | | T3 २०८१ |
| ङ) लगानी बोर्डको रणनीति राष्ट्रिय योजनासँग समायोजन (Aligning Strategy with National Goals) | सोह्रौं योजनाका लक्ष्यहरूसँग बोर्डको रणनीतिक तथा व्यावसायिक योजनालाई समायोजन गर्ने | विज्ञहरूको संलग्नता | ५६.३७ | GGN+ | T3 २०८१ |
| | वार्षिक पुनरावलोकन तथा प्रगतिअनुसार व्यावसायिक योजना पुनःसंशोधन गर्ने | OIBN कर्मचारी | | | प्रत्येक वर्षको T4 |
| च) वित्तीय स्रोतको सुनिश्चितता (Ensuring Availability of Financial Resources) | बोर्डको कार्यालय सञ्चालनका लागि वित्तीय व्यवस्थापन योजना विकास गर्ने | वित्तीय व्यवस्थापन विज्ञ/योजना, प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालय | ५६.३७ | GGN+ | प्रत्येक वर्षको T1 २०८२ मा अन्तिम रूप दिने |
| | प्रस्तावित VGF कोष, जग्गा प्राप्ति/ अधिग्रहण कोष, र IBN कोष परिचालन गर्ने | विकास साझेदारहरुबाट प्राप्त वित्तीय सहयोग/ सरकारी बजेट सहयोग | १७६१.५० | | T3 २०८२ |
| अग्रसरताहरु **(Initiatives): (ii) कार्यात्मक श्रेष्ठता (Functional Brilliance)** | | | | | |
| क) बाह्य सञ्चार प्रणालीको स्वचालन र सुदृढीकरण (Automating External Communication Systems) | IBN को सूचना प्रणालीलाई स्वचालित बनाई सञ्चार प्रक्रियालाई प्रभावकारी बनाउने | सूचना प्रविधिको उच्चतम प्रयोग | २२०.१९ | GGN+ | T3 २०८२ |
| | लगानीकर्ताहरूलाई वेबसाइट, सामाजिक सञ्जाल, तथा अन्य माध्यमबाट नियमित अद्यावधिक जानकारी प्रदान गर्ने | सहयोगी कर्मचारी (आइटी विज्ञहरू) | | | निरन्तर |
| ख) परियोजना व्यवस्थापनका लागि सफ्टवेयर | परियोजना मूल्यांकन तथा व्यवस्थापन क्षमतामा सुधार गर्न वेब-आधारित | सूचना प्रविधिको उच्चतम प्रयोग | ३१४.४३ | | T3 २०८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| उपकरण जडान र प्रयोग (Implement Software Tools for Project Management) | उपकरण, परियोजना अनुगमन ड्यासबोर्ड आदि विकास गर्ने | | | | |
| | प्रमुख कार्यसम्पादन सूचकांक (एक्ष्क) को नियमित अनुगमन गर्ने | सहयोगी कर्मचारी (आइटी विज्ञहरू) | | | निरन्तर |
| ग) डिजिटल परियोजना बैंक स्थापना (Digital Project Bank) | लगानीका अवसरहरूमा सहज पहुँच प्रदान गर्न परियोजना बैंक वेबसाइट सुधार गर्ने | आइटी विज्ञहरू + प्लेटफर्म विकास | १७३.५१ | GGN+ | T1 २०८२ |
| | लगानीकर्ताहरूका लागि परियोजना विवरण उपलब्ध गराउने डिजिटल "लगानी परियोजना बैंक" सञ्चालन गर्ने | आइटी विज्ञहरू | | | T1 २०८२ |
| **अग्रसरताहरु (Initiatives): (iii) राष्ट्रिय लक्ष्यसंग मेल खाने गरी राजनीतिक सहमति निर्माण (Building Political Consensus while Aligning with National Goals)** | | | | | |
| | संघीय, प्रादेशिक, तथा स्थानीय सरकारका प्रतिनिधिहरू, प्रमुख राजनीतिक दलका सदस्यहरू तथा सरोकारवालाहरूबीच त्रैमासिक/अर्धवार्षिक संवाद तथा छलफल आयोजना गर्ने | कार्यक्रम खर्च | | | प्रत्येक त्रैमासिक अन्त्यमा |
| **B: नेपाललाई लगानी गन्तव्यको रूपमा प्रवर्द्धन गर्ने (Bolster Nepal as an Investment Destination)** | | | | | |

| कार्यहरू (Actions) | क्रियाकलाप (Activity) | लागत कारक (Cost Driver) | अनुमानित लागत (रु.करोड) | खर्चको स्रोत | समयसीमा (Timeline) |
|---|---|---|---|---|---|
| **अग्रसरताहरु (Initiatives): (i) लगानी प्रवर्द्धन कार्यलाई सुदृढीकरण गर्ने (Strengthen Investment Promotion)** | | | | | |
| | नेपाल तथा अन्तर्राष्ट्रिय स्तरमा विशिष्ट लगानीकर्ताहरूलाई लक्ष्यित गरी लगानी सम्मेलनहरू, विशेष छलफलहरू तथा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गर्ने | सम्मेलन, कार्यशाला तथा रोडशो आयोजनाको खर्च | २२०.१९ | GGN+ | निरन्तर |
| | ज्ञान साझेदार (Knowledge Partner) | परिचालन लागत | ८८.०८ | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | पहिचान गरी सूचीबद्ध गर्ने | | | | |
| | नेपाली कूटनीतिक मिशनहरूमा लगानी प्रवर्द्धनका लागि विशेष डेस्क वा सम्पर्क अधिकारी स्थापना गर्ने | पूर्वाधार लागत | ७०.४६ | | T2 २०८२ |
| | नेपाली कूटनीतिक मिशनहरूमा लगानी प्रवर्द्धनका लागि विशेष डेस्क वा सम्पर्क अधिकारी स्थापना गर्ने | कर्मचारीको तलब तथा प्रोत्साहन | | | निरन्तर |
| | नेपालको लगानी बोर्डलाई अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन नेटवर्क, जस्तै WAIPA मा सदस्यता दिलाउने | दर्ता तथा सदस्यता शुल्क | १७.६२ | | T3 २०८२ |
| | वार्षिक रूपमा कम्तीमा २० लगानीयोग्य परियोजनाहरू अन्तर्राष्ट्रिय प्रवर्द्धन मञ्चमा पुऱ्याउन प्राथमिकताप्राप्त क्षेत्र, प्रमुख व्यवसायहरू, बजारहरू तथा विश्वव्यापी मूल्य श्रृंखला पहिचान गर्ने | आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय, विज्ञहरू | ८८.०८ | | वार्षिक |
| | परियोजना विकास तथा संरचना निर्माण (Project Development and Structuring) | विस्तृत परियोजना प्रतिवेदन (DPR), प्रविधि-आर्थिक सम्भाव्यता अध्ययन (TEV), परियोजना तयारी लागत | ३५२.३० | GGN+ | निरन्तर |
| | नेपाल लगानी मञ्च स्थापनाका लागि बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | | T1 २०८२ |
| | नेपाल लगानी मञ्चको नियमित बैठक तथा छलफल कार्यक्रम संचालन गर्ने | कार्यक्रम खर्च | | | प्रत्येक त्रैमासिक |
| | लक्ष्यित लगानी प्रवर्द्धन अभियान सञ्चालन गर्ने | ज्ञान साझेदारहरुलाई सूचीबद्ध गर्ने, | १७६.१५ | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालयको कर्मचारी खर्च, सडक प्रदर्शनी (रोड शो), कार्यशाला, फ्लायर, ब्रोसर, सामाजिक सञ्जाल प्रवर्द्धन | | | |
| **अग्रसरताहरु (Initiatives): (ii) एकल विन्दु सेवा केन्द्र (One-Stop Service Center - OSSC) स्थापना गर्ने** | | | | | |
| | OSSC सञ्चालनमा ल्याउन संस्थागत संरचनालाई एकीकृत गर्ने तथा कार्यदक्षताको लागि स्वचालित सूचना प्रवाह प्रणाली लागू गर्ने | आइ टी विज्ञहरू | १०५.६९ | GGN+ | T3 २०८२ |
| | कार्य प्रक्रियाहरूलाई सरल बनाउन पर्याप्त जनशक्ति व्यवस्थापन गर्ने | प्रशासनिक कर्मचारी खर्च | | | T3 २०८२ |
| | OSSC का लागि कार्य सञ्चालन प्रक्रिया (SOPs) विकास गर्ने | OIBN कर्मचारी/बिज्ञ | | GGN+ | T1 २०८२ |
| | OSSC कार्यान्वयनका लागि SOPs तथा कर्मचारी नियुक्तिका लागि बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | | T1 २०८२ |
| **अग्रसरताहरु (Initiatives): (iii) लगानीकर्ताको अनुभवका आधारमा सुधार गर्ने (Improvement Based on Investors' Experience)** | | | | | |
| | महत्त्वपूर्ण लगानीकर्ताहरूलाई लगानीपछिको सहयोग, पुनः लगानी प्रवर्द्धन तथा विवाद समाधान गर्ने उद्देश्यले "लगानीकर्ता अफ्टरकेयर कार्यक्रम"को मस्यौदा तयार गर्ने तथा त्यसमा बोर्डबाट स्वीकृति प्राप्त गर्ने | आइ टी विज्ञहरू तथा प्रविधि प्लेटफर्म | ४४०.३८ | | T3 २०८२ |
| | "लगानीकर्ता अफ्टरकेयर कार्यक्रम" कार्यान्वयन गर्ने | लगानी प्रबर्दन तथा सहजीकरण निर्देशनालय | | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | संघीय, प्रादेशिक, तथा स्थानीय तहका नीतिहरूलाई एकरूपता दिन अन्तर-सरकारी लगानी समन्वय समिति गठन गर्ने | | | | T3 २०८१ |
| | लगानी प्रक्रियामा अवरोध गर्ने नीतिगत असंगति तथा द्विविधा पहिचान गर्ने | कानूनी तथा नीतिगत विज्ञहरू | ८४.५५ | GGN+ | T3 २०८१ |
| | नीतिगत असंगतिहरूलाई सम्बोधन गर्न संघीय तथा प्रादेशिक सरकारहरूसँग समन्वय गर्ने | | | | निरन्तर |
| | नेपाल राष्ट्र बैंक तथा अर्थ मन्त्रालयसँग समन्वय गरी हेजिङ नियम संशोधन गर्ने तथा लगानीकर्ताहरूको आम्दानी फिर्ता प्रक्रियालाई सहज बनाउने | पूर्वाधार वित्त विज्ञ, नीतिगत विज्ञहरू | ८४.५५ | GGN+ | T3 २०८२ |
| **C: पूर्वाधार विकास तथा PPP परियोजनामा सहकार्य (Collaboration for Infrastructure Development and PPP Projects)** | | | | | |
| कार्यहरू (Actions) | क्रियाकलाप (Activity) | लागत कारक (Cost Driver) | अनुमानित लागत (रु.करोड) | खर्चको स्रोत | समयसीमा (Timeline) |
| **अग्रसरताहरु (Initiatives): (i) पूर्वाधारको न्यूनता पहिचान गर्ने (Identify Infrastructural Gaps)** | | | | | |
| | IBN, सम्बन्धित बिषयगत मन्त्रालय, प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय गरी देशव्यापी रुपमा पूर्वाधारको न्यूनता पहिचान गर्ने | पूर्वाधार विज्ञहरू | ७०.४६ | | T3 २०८२ |
| | राष्ट्रिय प्राथमिकतासँग मेल खाने मुख्य क्षेत्रहरु पहिचान गर्ने | पूर्वाधार विज्ञहरू | ७०.४६ | | T3 २०८१ |
| **अग्रसरताहरु (Initiatives): (ii) लगानीयोग्य परियोजनाको सूची तयार पार्ने तथा परियोजना विकास सुनिश्चित गर्ने (Create Pipeline of Investable Projects and Enable Development)** | | | | | |
| | परियोजनाहरूको सूची तयार गर्ने तथा मानक परियोजना विकास संयन्त्र (Standard Project Development | OIBN कर्मचारी खर्च | | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | Development Mechanism) को आधारमा मूल्यांकन गर्ने | | | | |
| | उचित जांच (Due Diligence) तथा परियोजना स्तरको विश्लेषण गर्ने | विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी, प्रविधि-आर्थिक सम्भाव्यता अध्ययन (Technical and Economic Viability-TEV), तथा सर्वेक्षण खर्च | | | निरन्तर |
| | पूर्वानुमानित लगानी आवश्यकताको आकलन गर्ने तथा सानिसा क्षमतामार्फत ती परियोजनाहरूको विकास सुनिश्चित गर्ने | OIBN कर्मचारी खर्च | | | निरन्तर |
| **अग्रसरताहरु (Initiatives): (iii) सानिसा उत्कृष्टता केन्द्र स्थापना गर्न (PPP Center of Excellence - CoE)** | | | | | |
| क) परियोजना बैंक विकास (Develop a Project Bank) | निजी क्षेत्रको सहभागिताका लागि १० उच्च प्रभाव पार्ने परियोजनाहरू पहिचान गर्ने, सम्भाव्यता अध्ययन गर्ने तथा तयारी गर्ने | प्राविधिक तथा वित्तीय सम्भाव्यता विज्ञहरू | ७९२.६८ | | T2 २०८३ |
| | परियोजना बैंकमा सम्भावनायुक्त परियोजनाहरू समावेश गर्ने तथा लगानीकर्ताको लागि लगानीयोग्य परियोजनाहरूको एकीकृत सूची निर्माण गर्ने | सूचना प्रविधि -आइ टी) विज्ञहरू, पूर्वाधार विज्ञहरू | १०५.६९ | GGN+ | निरन्तर |
| ख) PPP परियोजनाको संरचना तथा जोखिम व्यवस्थापन संयन्त्र सुधार गर्ने (Enhance PPP Project Structuring and Risk | निजी पूर्वाधार लगानीमा जोखिम न्यूनीकरण गर्न 'सानिसा जोखिम न्यूनीकरण संयन्त्र (PPP Risk Mitigation Facility) विकास गर्ने | PPP विज्ञ, कारोबार (Transactions)_ सल्लाहकार | ५६.३७ | GGN+ | T1 २०८२ |
| | PPP परियोजनाहरू संरचना निर्माणका लागि पूर्वस्वीकृत PPP विज्ञहरू र कारोबार सल्लाहकारको सूची (Pool) निर्माण गर्ने | | | | T3 २०८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| Mitigation Mechanisms) | पारदर्शिता तथा प्रभावकारिता सुनिश्चित गर्न PPP परियोजना विकास निर्देशिका निर्माण गर्ने | PPP विज्ञ/कारोबार सल्लाहकार/कानून विज्ञहरू | ५६.३७ | GGN+ | T1 २०८२ |
| | मानक PPP परियोजना विकास निर्देशिकालाई बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | | T1 २०८२ |
| ग). PPP परियोजनाको तयारी तथा व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढीकरण गर्ने (Strengthen Institutional Capacity for Project Preparation and Management) | पारदर्शिता सुनिश्चित गर्न निजी क्षेत्रका परियोजनाहरूको लागि मानक खरिद प्रक्रिया, करार-सम्झौता तथा जोखिम व्यवस्थापन निर्देशिका सहितको राष्ट्रिय PPP ढाँचा – (Framework) तयार गर्ने | PPP विज्ञ/कारोबार सल्लाहकार | ५६.३७ | GGN+ | T1 २०८२ |
| | उल्लिखित ढाँचाका लागि बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | | T1 २०८२ |
| | परियोजना विकास तथा लगानी सम्झौताका मानक ढाँचाहरू (Standard Templates) नियमित अद्यावधिक गर्ने | OIBN कर्मचारी/विज्ञ | | | T1 २०८२ |
| घ) प्रादेशिक तथा स्थानीय तहमा PPP परियोजनाहरूलाई सहयोग गर्ने (Support PPP Projects at | स्थानीय तहमा PPP परियोजनाको पहिचान तथा कार्यान्वयनका लागि प्राविधिक तथा वित्तीय सहायता प्रदान गर्ने | आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय कर्मचारी खर्च | | | निरन्तर |
| | PPP तथा निजी लगानी प्रवर्द्धनका लागि प्रादेशिक तथा स्थानीय तहमा संस्थागत संरचना तथा जनशक्तिको व्यवस्था गर्ने | कर्मचारी खर्च, क्षमता अभिवृद्धि लागत (ज्ञान कार्यशाला) | ८४.५५ | | T3 २०८२ |
| | PPP सम्बन्धी नमूना नीतिहरू, ऐन कानून तथा निर्देशिकाको मस्यौदा तयार गर्ने | PPP विज्ञ/कारोबार सल्लाहकार | ५६.३७ | GGN+ | T2 २०८२ |
| | PPP सम्बन्धी नमूना नीतिहरू, कानूनी रूपरेखा तथा निर्देशिकाका लागि | | | | T2 २०८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| Provincial and Local Levels) | बोर्डबाट स्वीकृति प्राप्त गर्ने | | | | |
| | विभिन्न सरकारी तहमा नमूना नीतिहरू तथा निर्देशिकाहरू प्रसार गर्ने | सूचना प्रविधि सहयोगी कर्मचारी/OIBN कर्मचारी | | | T3 २०८२ |
| ङ) **PPP परियोजनाहरूको लागि डिजिटल रूपान्तरण गर्ने** (Digitalization for PPP) | PPP अग्रसरता लाई सहयोग गर्न तथा लगानी प्रवर्द्धन गर्न (Corporate Resource Management – CRM) प्रणाली तथा वेब-आधारित उपकरणहरू सहितको प्रविधि पूर्वाधार विकास गर्ने | PPP विज्ञहरूको समूह, कारोबार सल्लाहकार ( सामग्रीका लागि) र आइ टी विज्ञ (साइट विकासका लागि) | ११०.०९ | | T3 २०८२ |

| **D: नीतिगत सुधार मार्फत निजीक्षेत्रको पूँजी प्रवाह प्रवर्द्धन गर्ने (Drive Private Sector Capital Flow through Policy Interventions)** | | | | | |
|---|---|---|---|---|---|
| **अग्रसरताहरु (Initiatives): (i) नवीन वित्तीय संयन्त्र प्रवर्द्धन गर्ने (Spearhead Innovative Financing Mechanism)** | | | | | |
| कार्यहरू (Actions) | क्रियाकलाप (Activity) | लागत कारक (Cost Driver) | अनुमानित लागत (रु.करोड) | खर्चको स्रोत | समयसीमा (Timeline) |
| | नेपाल राष्ट्र बैंक, अर्थ मन्त्रालय, धितोपत्र बोर्ड, तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी पूर्वाधार क्षेत्रमा दीर्घकालीन पूँजी प्रवाह सुनिश्चित गर्ने | नीति विज्ञहरू, पूर्वाधार वित्त विज्ञहरू | ५६.३७ | | निरन्तर |
| | वैकल्पिक लगानी मार्गचित्र (Alternative Investment Roadmap) कार्यान्वयनका लागि समन्वय गर्ने तथा विभिन्न वैकल्पिक लगानीका माध्यमबाट निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने | वित्तीय तथा कानूनी विज्ञहरू | ५६.३७ | | T1 २०८३ |
| | कर्जा अभिवृद्धि (Credit Enhancement) सहयोग, डिमान्ड ग्यारेन्टी संयन्त्र, गैर-धितो (Non–recourse) ऋणजस्ता | वित्तीय विज्ञ, नियमन विज्ञ, विभिन्न सरोकारवालाहरूसँग कार्यशाला | २८.१८ | | T2 २०८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | वित्तीय उपकरणहरूको विकासका लागि सरकार तथा नियामक निकायहरूसँग समन्वय गर्ने | | | | |
| **अग्रसरताहरु (Initiatives): (ii) वित्तीय स्रोत सुनिश्चित गर्ने (Secure Financial Resources)** | | | | | |
| | निजी क्षेत्रको नेतृत्वका पूर्वाधार परियोजनाहरूमा दीर्घकालीन पूँजी प्रवाह सुनिश्चित गर्न नेपाल सरकार, बीमा कम्पनीहरू, सञ्चय कोषहरू तथा अन्य संस्थागत लगानीकर्ताहरूको सहभागितामा कम्तीमा रु.२०० अर्ब बराबरको "नेपाल लगानी कोष (Nepal Investment Fund – NIF)" स्थापना गर्ने | , विकास साझेदारहरुबाट प्राप्त वित्तीय अनुदान कोष। संस्थागत Funding तथा सरकारी बजेटीय सहायता - Government Budgetary Support) सम्बन्धी ढांचा तयार गर्ने विज्ञहरुको परिचालना । | ३५.२३ | | T3 २०८३ |

# ८.   अनुगमन तथा मूल्याङ्कन ढाँचा

प्रशासन र व्यवस्थापनका क्षेत्रमा अनुगमन र मूल्यांकन अत्यन्त महत्वपूर्ण विधाका रूपमा स्थापित हुँदाहुँदै पनि सांगठनिक धरातलमा भने प्रायः यो उपेक्षित  रहँदै आएको छ । यो तथ्यलाई मनन गरी लगानी बोर्डको कार्यालयको संगठनात्मक एवं कार्यात्मक पुनःसंरचनालाई दिगो, भरपर्दो र परिणाममुखी बनाउनका लागि अनुगमन तथा मूल्यांकनको कामलाई विशेष प्राथमिकतामा राखी गुनासो सुनुवाइसँग जोडेर एउटा छुट्टै शाखा समेत प्रस्तावित गरिएको छ र त्यसको कार्यविवरण पनि तय गरिएको छ । अनुगमन तथा मूल्यांकनको विषय कुनै एक शाखाको कार्यादेशमा मात्र सीमित हुने नभई समग्र संगठनको दूरदष्टि, उद्देश्य, लक्ष्य, नीति, रणनीति, कार्ययोजना तथा क्रियाकलापहरुका साथै संगठनमा काम गर्ने कर्मचारीहरुको कार्यविवरणसँग समेत जोडिने अन्तर-क्षेत्रगत वा अन्तर-शाखागत प्रकृतिको जिम्मेवारी भएकाले यसलाई सार्थक बनाउन यसको स्वरुप, क्षेत्र वा दायरा, यसको विधि र यसको संयन्त्र समेत परिभाषित गरिनु आवश्यक हुन्छ । यसका निम्ति संगठनका हरेक इकाइका दरबन्दीमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको कार्यविवरण, तिनको मापन विधि र त्यसका लागि मापनयोग्य कार्यसम्पादन परिसूrssf निर्माण समेत जरुरी हुन्छ । यस वास्तविकतालाई दृष्टिगत गरी यो खण्डमा अनुगमन तथा मूल्यांकन कार्यको ढांचा र यसपछिको खण्डमा प्रमुख कार्यसम्पादन परिसूचक प्रस्तुत गरिएको छ । यसबाट लगानी बोर्डको कार्य सञ्चालन दक्षता र रणनीतिक प्रभावलाई अभिवृद्धि गर्नका लागि मद्दत पुग्ने विश्वास लिइएको छ । साथै, प्रस्तुत ढाँचाले लगानी बोर्डको दूरदृष्टि, निर्देशनालयका उद्देश्यहरूको स्पष्टता, स्पष्ट मापनयोग्य सूचकहरू, प्रणालीगत तथ्याङ्क सङ्कलन र मूल्याङ्कन प्रक्रियाहरूको माध्यमबाट प्रत्येक निर्देशनालयद्वारा लगानी बोर्डको मूलभूत गन्तव्यमा पुग्न कसरी योगदान गर्न सकिन्छ भन्ने बारेमा व्यापक बुझाइ प्रदान गर्ने अभीष्ट समेत राखेको छ ।

यस अनुगमन तथा मूल्याङ्कन ढाँचाले नियमित लेखाजोखा र पृष्ठपोषणको संयन्त्रद्वारा लगानी बोर्डको कार्यालयलाई आन्तरिक र बाह्य मागहरूप्रति जबाफदेही हुन र nrsbfर बन्नमा सुनिश्चितता प्रदान गर्नेछ । साथै, यसले निरन्तर सुधार र सरोकारवालाको सन्तुष्टि बढाउने वातावरणलाई प्रोत्साहित गर्नेछ । यस ढाँचामा, तीन मुख्य स्तम्भहरू महत्वपूर्ण छन् - अनुगमनको कार्यक्षेत्र, मूल्याङ्कन योजना र तथ्याङ्क सङ्कलनका विधिहरू ।

## ८.१ अनुगमनको दायरा

अनुगमन ढाँचामा उल्लेख भएबमोजिम निर्देशनालय स्तरमा मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) को निरन्तर मापन हुनेछ जुन संगठनद्वारा परिकल्पना गरिएको रणनीतिक दूर-दृष्टि, ध्येय, उद्देश्य र लक्ष्यहरुसँग जोडिएको हुन्छ ।  यस ढाँचामा यतिखेर निर्देशनालयहरूमा कार्यरत रहने सबै पदका कर्मचारीहरुलाई समेत समेटेर KPIs निर्धारण गरिसकिएको त छैन, तर प्रस्तावित संगठन संरचना स्वीकृत हुनासाथ त्यो समेत गर्नुपर्नेछ । तत्कालका लागि यो ढाँचालाई निर्देशनालयको कार्य सम्पादन ट्र्याकिङ्ग र तथ्याङ्क सङ्कलन कार्यका लागि एउटा प्रमुख उपकरणका रूपमा प्रयोग गरिनेछ ।

## ८.२ मूल्याङ्कन योजना

मूल्याङ्कनको दायरा व्यावसायिक योजनाको अवधिभरमा KPIs मा समावेश भएबमोजिम समग्र कर्मचारीहरुको कार्यसम्पादनको विश्लेषणको आधारमा तय गरिनेछ । मूल्याङ्कन योजनाले व्यावसायिक योजनाको अवधि भरमा हुनुपर्ने मूल्याङ्कन कति-कति आवृत्तिमा गर्ने वा कति पटक गर्ने, र कस्तो प्रकारले गर्ने भन्ने कुरा तय गर्नेछ । मूNofĺgsf लागि तयार पारिने ढाँचाका लागि तीन प्रकारका मूल्याङ्कन विधि पहिचान गरिएको छ :-

क. कार्य सम्पादन सूचकहरूमा भएका कार्यहरुको वार्षिक मूल्याङ्कन निर्देशनालय स्तरमा गरिनेछ ।

ख. कार्य सम्पादनको लेखाजोखाका लागि व्यावसायिक योजनाको मध्यावधिक मूल्याङ्कन तीन वर्षमा गरिनेछ । मध्यावधिक मूल्याङ्कनले निर्देशनालयहरूको कार्यसम्पादनबाट सांगठनिक स्तरका परिणामहरूमा कस्तो प्रभाव पारेको छ भन्ने थाहा हुनेछ । यसबाट लगानी बोर्डको कार्यालयद्वारा मूल रुपमा निर्धारण गरिएका दूर-दृष्टि, ध्येय, उद्देश्य र लक्ष्यमा पुग्न पुनः के कस्ता थप कार्यहरू निर्देशनालय स्तरमा गर्नुपर्ला भन्ने कुराको निर्क्यौलमा पुग्न सघाउने छ ।

ग. पाचौं वर्षको अन्त्यमा योगात्मक (अन्तिम) मूल्याङ्कनका माध्यमबाट परिणामहरूको मूल्याङ्कन गर्न सकिन्छ । यसले निर्देशनालयहरूको कार्यादेश सफलतापूर्वक कार्यान्वयन भए नभएको स्पष्ट रूपमा प्रस्तुत गर्नेछ ।

<u>मूल्याङ्कन योजना</u>

| मूल्याङ्कनको प्रकार | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ |
|---|---|---|---|---|---|
| बार्षिक | | | | | |
| मध्यावधि मूल्याङ्कन | | | | | |
| योगात्मक (अन्तिम) मूल्याङ्कन | | | | | |

## ८.३ तथ्याङ्क संकलन विधि

लगानी बोर्ड कार्यालयका चारवटा निर्देशनालयहरूका लागि तथ्याङ्क सङ्कलनको एउटा प्रणाली डिजाइन गरिनेछ र त्यसलाई प्रत्येक निर्देशनालयको विशिष्टीकृत उद्देश्य र कार्यसँग मेल खाने गरी समायोजन गरिनेछ ।

सार्वजनिक निजी साझेदारी निर्देशनालयले परियोजनाको चौमासिक स्थिति प्रतिवेदनहरू, सरोकारवालासँगको सर्वेक्षण र नीति प्रभाव मूल्याङ्कनहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्नेछ । यसलाई कार्य सञ्चालन प्रक्रिया (SOPs) बनाउन, विस्तृत परियोजना प्रतिवेदन (DPRs) तयार पार्न, परियोजना पाइपलाइन तयार आदि गर्नमा प्रयोग गर्न सकिने छ ।

लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालयका लागि, लगानीको सोधपुछ, लगानीकर्तासँगको प्रतिक्रिया सर्वेक्षण र एकल विन्दु सेवा केन्द्रको कार्य सम्पादन प्रतिवेदनहरूको मासिक ट्र्याकिङ्गका

माध्यमबाट तथ्याङ्क सङ्कलन गरिनेछ, जसले गर्दा सोधपुछ वा खोजतलास गरिएको क्षेत्रमा लगानी भयो भएन र सेवामा कार्यकुशलता आयो आएन भन्ने कुराको मापन गर्न सकिनेछ ।

योजना, प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालय मासिक प्रशासनिक र वित्तीय प्रतिवेदनहरू, ICT सेवाहरूका लागि प्रयोगकर्ता सन्तुष्टि सर्वेक्षण र मानव संसाधन मेट्रिक्स प्रतिवेदनहरूमा निर्भर रहनेछ, जसका माध्यमबाट कार्य संचालनमा आएको प्रभावकारिता र कर्मचारीहरुको उपयोगिताको मूल्याङ्कन हुनेछ ।

अन्त्यमा, आयोजना विकास तथा व्यवस्थापन निर्देशनालयले परियोजना ट्र्याकिङ ड्यासबोर्डहरू, सरोकारवालाहरुका पृष्ठपोषण फारमहरू र क्षेत्रगत प्रभावको लेखाजोखाका माध्यमबाट परियोजना विकास र कार्यान्वयनको सफलता समेत मूल्याङ्कन गर्नेछ ।

माथि उल्लिखित तथ्याङ्क सङ्कलन विधिहरूले प्रत्येक निर्देशनालयका लागि प्रासंगिक, सशक्त र समयमै आवश्यक तथ्याङ्क उपलब्ध हुने कुरा सुनिश्चित गराउनेछन् जसले गर्दा तथ्यपरक निर्णय गर्न र रणनीतिक समायोजन गर्ने कार्य सहज बन्नेछ ।

## ९. प्रमुख कार्यसम्पादन परिसूचक (KPIs)

यस खण्डमा  लगानी बोर्डको प्रस्तुत रणनीति तथा व्यावसायिक योजनाको अवधिभर अनुगमन गरिने निर्देशनालय स्तरका प्रमुख कार्यसम्पादन परिसूचकहरु (KPIs) प्रस्तुत गरिएको छ । उक्त परिसूचक सँग सम्बन्धित लक्ष्यहरु वार्षिक कार्यक्रम तर्जुमाको चरणमा निर्धारण गरिनेछ ।

**सार्वजनिक-निजी साझेदारी निर्देशनालय :**

**निर्देशनालयको उद्देश्यः** सरकारका विभिन्न तहहरूमा सार्वजनिक-निजी साझेदारी परियोजनाहरूको कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउने ।

संगठनको उद्देश्यलाई मध्यनजर गर्दैः
१. नेपालले लिएको 'शून्य कार्बन उत्सर्जन' लक्ष्य प्राप्त गर्न विशेष ध्यान दिनुका साथै लगानी आकर्षित गर्नका लागि एक पथप्रदर्शक (Torchbearer) बन्ने ।
२. सार्वजनिक-निजी साझेदारीमार्फत लगानीलाई सक्षम बनाउनका लागि 'एकल-विन्दु सेवा केन्द्र' को भुमिका प्रभावकारी बनाउने ।

| **प्रमुख कार्य सम्पादन परिसूचकहरू (KPIs)** | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ |
|---|---|---|---|---|---|
| १. ५ वर्षको अवधिभित्र सुरु र समाप्त भएका सानिसा परियोजनाहरूको नाम, संख्या र लागत । | | | | | |
| २. परियोजनाको अवधारणा निर्माणदेखि कार्यान्वयनमा जाँदा सम्ममा लिइने औसत समय । | | | | | |
| ३. डिजाइन गरी कार्यान्वयन गरिएको कार्य सञ्चालन प्रक्रिया (SOPs) को संख्या, जस्तैः निजी लगानी निर्देशिका, खरिद कार्यविधि, कोष सञ्चालन प्रक्रिया, जग्गा अधिग्रहण कोष र भिजिएफ कोषको निर्देशिका, आदि। | | | | | |
| ४. लगानीकर्ताहरूलाई परियोजना विवरणमा पहुँच प्रदान गर्नको लागि डिजिटल "लगानी परियोजना बैंक" मा थपिएका विशेषताहरूको संख्या । | | | | | |
| ५. मस्यौदा गरिएका नमुना नीति, कानून र निर्देशकाहरूको संख्या । | | | | | |
| ६. सानिसा नीतिहरू र रणनीतिहरूप्रति सरोकारवालाहरुको सन्तुष्टि अङ्क (स्कोर) । | | | | | |
| ७.प्रादेशिक र स्थानीय सरकारहरूले प्राप्त गरेका सहयोगमा उनीहरुको प्रतिक्रिया । | | | | | |

**लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालयः**

| | | | | | |
|---|---|---|---|---|---|
| **निर्देशनालयको उद्देश्यः दक्षतापूर्ण सेवा प्रदानका माध्यम द्वारा अन्तर्राष्ट्रिय तथा घरेलु दुवै लगानीलाई आकर्षित र सजिलो बनाउने ।** | | | | | |
| १.संगठनको उद्देश्यलाई मध्यनजर गर्दैः<br><br>अन्तर्राष्ट्रिय र घरेलु लगानीलाई प्रवर्द्धन गर्ने, आकर्षित पार्ने, सजिलो बनाउने, व्यवस्थापन गर्ने र दिगो बनाउने अवस्था (Ecosystem) सिर्जना गर्नु । | | | | | |
| **प्रमुख कार्यसम्पादन परिसूचकहरू (KPIs)** | वर्ष १ | बर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
| १.लगानी सम्बन्धी चासोलाई वास्तविक लगानीमा रूपान्तरण गरिएको संख्या | | | | | |
| २.वैदेशिक प्रत्यक्ष लगानी (FDI) स्वीकृति र अन्य सेवाहरूको प्रक्रिया पुरा गर्न लागेको समय | | | | | |
| ३.एकल विन्दु सेवा केन्द्र (OSSC) का लागि विकास गरिएका कार्य संचालन प्रक्रियाहरू (SOPs) को संख्या | | | | | |
| ४.गुनासो समाधान प्रणाली अन्तर्गत सम्बोधन गरिएका लगानीकर्ताका गुनासोहरूको संख्या | | | | | |
| ५.स्थानीय र विदेशका विशेष लगानीकर्ताहरुलाई लक्ष्यित गरेर आयोजना गरिएका लगानी शिखर सम्मेलन, विशेष छलफल र अन्तरक्रियाहरूको संख्या | | | | | |
| ६.विभिन्न लगानी शिखर सम्मेलन अन्तर्गत हस्ताक्षर भएका सम्झौताहरूको मूल्य र परिमाण, र सम्झौताहरूलाई वास्तविक लगानीमा रूपान्तरण गरिएको मूल्य (VFM) | | | | | |
| ७.विदेशी दूतावास वा मिशनहरूमा स्थापना गरिएका समर्पित FDI डेस्कहरूको संख्या | | | | | |
| ८.लगानी बोर्डद्वारा सहजीकरण गरिएका घरेलु र विदेशी लगानीहरूको परिमाण | | | | | |
| ९.ओएसएससी बाट दिइएको सेवा प्रति लगानीकर्ताको सन्तुष्टि अङ्क (स्कोर) | | | | | |

**योजना, प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालय :**

**निर्देशनालयको उद्देश्यः  सुदृढ योजना, अनुगमन तथा मूल्याङ्कन, व्यवस्थित प्रशासन, प्रभावकारी विवाद निरुपण, उन्नत सूचना प्रविधि, दक्ष मानव संसाधन र कुशल वित्तीय व्यवस्थापन मार्फत प्रभावकारी रुपमा संगठन सञ्चालन गर्ने ।**

संगठनको उद्देश्यलाई मध्यनजर गर्दैः
१. अन्तर्राष्ट्रिय र घरेलु लगानीलाई प्रवर्द्धन गर्ने, आकर्षित गराउने, सजिलो बनाउने, व्यवस्थापन गर्ने र दिगो बनाउने अनुकूल अवस्था सिर्जना गर्ने ।

| **प्रमुख कार्यसम्पादन परिसूचकहरू (KPIs)** | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| १. कानूनी विवादहरू समाधान गर्न र फैसलाहरू कार्यान्वयन गर्नमा लागेको समय | | | | | |
| २. मानव संसाधन व्यवस्थापन प्रक्रियाको दक्षता - भर्ना, तालीम, र  निरन्तरता  (Retention) का दरहरू | | | | | |
| ३. विभिन्न निर्देशनालय अन्तर्गत भर्ना गरिएका कर्मचारी र विज्ञहरूको संख्या | | | | | |
| ४. विभिन्न निर्देशनालयहरू अन्तर्गत आयोजना गरिएका क्षमता विकास कार्यक्रमहरूको संख्या | | | | | |
| ५. पहिचान गरिएका क्षेत्र अन्तर्गत सङ्कलन भएको राजस्व; पहिचान गरिएका शीर्षकहरूमा भएको खर्च | | | | | |
| ६. सफ्टवेयर तथा उपकरणहरूको डाउनटाइम - वेबमा आधारित उपकरण सेट, परियोजनाहरुको अनुगमन ड्यासबोर्ड, ओएसएससि, आदि | | | | | |

**आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय :**

**निर्देशनालयको उद्देश्यः सानिसा र निजी लगानी क्याटोगरी अन्तर्गतका परियोजनाहरूको प्रभावकारी विकास र कार्यान्वयन व्यवस्थापन गर्ने ।**

संगठनको उद्देश्यलाई मध्यनजर गर्दैः
१ .  नेपालले लिएको शून्य कार्बन उत्सर्जनका लक्ष्यहरू प्राप्त गर्न विशेष ध्यान केन्द्रित गर्दै, लगानी आकर्षित गर्नको लागि नेतृत्वकर्ता बन्ने ।
२ .  विभिन्न संघीय, प्रदेश र स्थानीय तहका एजेन्सीहरू, विकास साझेदारहरू र बहुपक्षीय संस्थाहरूका साथ सहकार्य गर्ने ।

| **प्रमुख कार्यसम्पादन परिसूचकहरू ( KPIs)** | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ |
|---|---|---|---|---|---|
| १.विकास गरिएका र स्वीकृत गरिएका परियोजनाहरूको संख्या | | | | | |
| २.परियोजना तर्जुमा  गर्नेदेखि कार्यान्वयन गर्ने अवस्था पुर्‍याउँदासम्म लागेको औसत समय | | | | | |
| ३.सहजीकरण गरिएका प्रादेशिक सानिसा परियोजनाहरूको संख्या | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.साझेदारहरुको सन्तुष्टि सर्वेक्षणहरूको संख्या | | | | | |
| ५.क्षेत्रगत एबं विशिष्टीकृत परियोजनाहरूको प्रगति र सम्पन्नताको दर | | | | | |

## १०. संभाव्य जोखिम पहिचान तथा सम्बोधन

लगानी बोर्डको कार्यालयको कार्यसम्पादन र त्यसको प्रभावलाई विभिन्न आन्तरिक र बाह्य कारकहरूको परिणामले निर्धारण गर्दछ। आन्तरिक कारकहरूलाई कुशल संस्थागत नेतृत्वद्वारा नियन्त्रण गर्न सकिएला, तर बाह्य कारकहरूले भने यसको प्रभावकारितामा जोखिम निम्त्याउन सक्छन्। वास्तवमा, केही आन्तरिक कारकहरू पनि बृहत्तर राजनीतिक र पारिस्थितिक प्रभावहरुबाट प्रभावित हुन सक्छन्। तसर्थ, खण्ड ३ मा उल्लिखित रणनीतिक पहलहरूको सन्दर्भमा लगानी बोर्डको कार्यालयको कार्य प्रणालीमा आइपर्ने जोखिमहरू न्यूनीकरण गर्ने उपायहरू पहिचान गर्न, तिनलाई सम्बोधन गर्न, तिनको पूर्वानुमान गर्न र अन्य उपायहरू पत्ता लगाउन आवश्यक छ।

| सि.नं. | रणनीतिक दिशा-निर्देश | पहलहरू | जोखिमहरू | प्रभाव | निर्भरता | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|---|
| १. | **कार्य सञ्चालनमा उत्कृष्टता हासिल गर्नु** | संस्थागत सुदृढीकरण | कर्मचारीहरूको भर्नाको लागि उपयुक्त कानूनी मार्गदर्शन र नियमावली समयमा स्वीकृत हुँदैन | लगानी बोर्डको कार्यालयले प्रस्तावित परिणामहरू हासिल गर्न सक्दैन | बाह्य - नेपाल सरकार, लगानी बोर्ड | सम्बद्ध अधिकारीद्वारा समयमा स्वीकृति प्रदान गर्नुपर्ने |
| | | | भिजिएफ कोष, भूमि अधिग्रहण कोष र लगानी बोर्ड कोषको लागि आवश्यक रकम समयमा स्वीकृत/संचालित हुँदैन | | | |
| | | **कार्यात्मक उत्कृष्टता** | संबन्धित मन्त्रालयहरूका प्राविधिक सीमितताहरू | ओएसएससि लाई सञ्चालनमा ल्याउन गाह्रो | बाह्य - विषयगत मन्त्रालयहरू, नेपाल सरकार | अन्तर मन्त्रालय समन्वय समिति स्थापना गर्नुपर्ने |
| | | | कर्मचारी भर्ना प्रक्रियामा ढिलाइ | लक्ष्य प्राप्तिमा अवरोध र ढिलाइहरू | आन्तरिक - भर्ना प्रक्रिया | रूपान्तरणको चरणमा सहयोग पुऱ्याउनका लागि |

| सि.नं. | रणनीतिक दिशा-निर्देश | पहलहरू | जोखिमहरू | प्रभाव | निर्भरता | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|---|
| | | | | | | विशेषज्ञहरूको समूह सिर्जना गर्नुपर्ने |
| | | **राजनीतिक सहमति निर्माण गर्नु** | राजनीतिक मतभेद, असहयोग वा असंलग्नता, कार्यक्षेत्रको दोहोरोपना | कमजोर सेवा प्रवाह | आन्तरिक र बाह्य | संबध्द सरोकारवालासँग नियमित बैठकहरू राख्न |
| २. | **नेपाललाई लगानी गन्तव्यको रूपमा सुस्थापित गर्नु** | लगानी प्रवर्धनलाई सुदृढ बनाउनु | लगानी सम्मेलन र अन्य क्रियाकलापहरूको लागि स्वीकृतिहरू<br><br>यस्ता क्रियाकलापहरू सञ्चालन गर्नका लागि वित्तीय बजेट प्रबन्ध | परिणामहरू प्राप्त गर्नमा ढिलाई | बाह्य - नेपाल सरकार,<br><br>लगानी बोर्ड | समयमै स्वीकृतिहरू र बजेट प्रदान गर्नुपर्ने |
| | | एकल विन्दु सेवा केन्द्र स्थापना गर्ने | बजेट अभाव | कार्यान्वयनमा ढिलाइ | आन्तरिक र बाह्य | बजेटको व्यबस्था विकासका साझेदार, बहुपक्षीय बिकास बैंकहरू (एमडिबि), सरकारको बजेटरी सहयोग वा वित्तीय संस्थाहरूबाट गर्ने |
| | | लगानीकर्ताको सकारात्मक अनुभव | नीतिहरूमा रहने असंगति र विरोधाभासलाई समाधान गर्नमा ढिलाइ | लगानीकर्ताको खराब अनुभूति | बाह्य - नेपाल सरकार, | संबन्धित निकायहरूद्वारा समयमै स्वीकृति प्रदान गर्नुपर्ने |

| सि.नं. | रणनीतिक दिशा-निर्देश | पहलहरू | जोखिमहरू | प्रभाव | निर्भरता | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|---|
| ३. | **पूर्वाधार र सानिसा परियोजनाहरूको लागि सहकार्य गर्नु** | पूर्वाधारका खाँचोहरूको पहिचान गर्नु र परियोजनाहरूको पाइपलाइन सिर्जना गर्नु | विषयगत मन्त्रालयहरूसँग प्रभावकारी समन्वयको अभाव | कार्य योजनालाई अन्तिम रुप दिन ढिलाइ हुने | आन्तरिक- लगानी बोर्डको कार्यालयको नेतृत्व<br><br>बाह्य - विषयगत मन्त्रालयहरू, | समन्वयका लागि एक संयन्त्रमा सहमति जनाई कार्यान्वयन गर्नु आवश्यक |
| | | सानिसा उत्कृष्टता केन्द्र स्थापना गर्ने | बिषयगत मन्त्रालयहरू, प्रदेश र स्थानीय सरकारहरूसँग समन्वयको अभाव | लगानीका अवसरहरू गुम्न सक्छ | आन्तरिक- लगानी बोर्डको कार्यालयको नेतृत्व | विशिष्ट कार्यसम्पादन सूचक (केपिआइ) सहितको आन्तरिक संस्थागत संयन्त्र विकास गर्ने |
| | | | | | बाह्य - नेपाल सरकार, | छलफललाइ सहजीकरण गर्न र परियोजना विकासको लागि वजेट प्रदान गर्ने |
| | | | महत्वपूर्ण निर्देशिकाहरू र मानक सञ्चालन प्रक्रियाहरू (एसओपि) विकास गर्नमा ढिलाइ | सीमित रुपमा स्वीकार गरिएका वा परिणाम नआउने खालका अस्पष्ट ढाँचाहरू वा निर्देशिकाहरू | आन्तरिक- लगानी बोर्डको कार्यालयको नेतृत्व | योग्य र दक्ष कर्मचारी नियुक्त भएको सुनिश्चित गर्ने |
| | | | | | | सानिसाका लागि तयार गरिएका खाकाहरूको सहकर्मी (पीयर) समीक्षा गर्न प्राज्ञिक संस्थाहरू सँग समझदारी पत्रमा दस्तखत गर्ने |

| सि.नं. | रणनीतिक दिशा-निर्देश | पहलहरू | जोखिमहरू | प्रभाव | निर्भरता | जोखिम न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|---|---|
| ४. | **निजी क्षेत्रको पूँजी प्रवाहलाई प्रवर्द्धन गर्नु** | वित्तीय स्रोतहरू सुनिश्चित गर्नु | परियोजना विकास र सञ्चालन खर्च चलाउनको लागि अपर्याप्त कोषउ | लगानी बोर्डको कार्यालयको क्षमता सीमित पार्नु | बाह्य - नेपाल सरकार, | नेपाल सरकारले पर्याप्त बजेट निक्षेपणको सुनिश्चितता गर्ने, |
| | | | | | आन्तरिक- लगानी बोर्डको कार्यालय | साथै, लगानी बोर्डको कार्यालयले कोष बृद्धिका लागि अन्य उपायहरूको खोजी गर्न आवश्यक |
| | | नवीनतम खोजका संयन्त्रको नेतृत्व गर्नु | कोष परिचालनका संयन्त्र र संबन्धित वित्तीय उपकरणहरूको विकास नहुनु | लगानी बोर्डको कार्यालयले सम्भावित निजी लगानीकर्ताहरू गुमाउन सक्छ । | आन्तरिक- लगानी बोर्डको कार्यालयको नेतृत्व | लगानी बोर्डको कार्यालयलका प्राविधिक टोलीद्वारा मजबूत सम्पर्क र समन्वय |
| | | | | | बाह्य - नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेपाल सरकार | |

अनुसूची- १

## प्रस्तावित संगठन संरचना तथा पदाधिकारीहरुको

# कार्य विवरण

## लगानी बोर्डको कार्यालय, नेपाल

(फागुन २०८१)

विषयसूची


अ. सांगठनिक इकाईहरु १

क. लगानी बोर्डः १

ख. सल्लाहकार परिषद् ३

ग. विषयगत समितिहरु ३

घ. अनुगमन तथा सहजीकरण समिति ४

ङ. लगानी परामर्श मञ्च ४

च. लगानी बोर्डको कार्यालय ४

आ. पदाधिकारी तथा कर्मचारीहरु ५

१. प्रमुख कार्यकारी अधिकृतः ५

२. सल्लाहकार तथा विशेषज्ञ समूह ५

३. पद - सचिव, श्रेणी -रा.प. विशिष्ट, सेवा - प्रशासन ६

३.१. पदको नामः निर्देशक ७

३.२. पदको नामः शाखा अधिकृत, ७

३.३. पदको नामः ना. सु., ८

३.४. पदको नामः ना. सु., ८

क. योजना, प्रशासन, तथा वित्तीय ब्यबस्थापन निर्देशनालय ९

१. पदको नाम : सह-सचिव, ९

क.१. मानव संशाधन व्यवस्थापन शाखा १०

१. पदको नामः निर्देशक, १०

२. शाखा अधिकृत, ११

३. नायव सुब्बा १३

४. पदको नामः कम्प्युटर अपरेटर, १४

५. पदको नामः व्यवस्थापन सहायक १४
६. पदको नामः व्यवस्थापन सहायक १५
क.२. वित्तीय तथा खरिद व्यवस्थापन शाखा १५
१. पदको नामः  निर्देशक, १५
२. पदको नामः  लेखा अधिकृत, १६
क.३.  कानून, विवाद निरुपण तथा फैसला कार्यान्वयन शाखा १७
१.  पदको नामः उपसचिव, १७
२. पदको नामः कानून अधिकृत, १८
क.४ योजना, अनुगमन, मूल्याङ्कन तथा गुनासो सुनुवाई शाखा १९
१. पदको नाम  निर्देशक, १९
२. पदको नामः  शाखा अधिकृत, २०
ख. सार्बजनिक निजी साझेदारी निर्देशनालय २०
१. पदको नामः सुपरिन्टेन्डेन्ट इन्जिनियर (सु.इ.), २०
ख.१. सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा आयोजना विकास सहयोग शाखा (संघीय तह) २२
१. पदः सिनियर डिभिजनल इञ्जिनियर (सि.डि.इ.), २२
ख.२. सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा आयोजना विकास सहयोग शाखा (प्रदेश तथा स्थानीय तह) २४
१. पदः सिनियर डिभिजनल इन्जिनियर, २४
२. पदः इञ्जिनियर, २५
ख.३. सूचना प्रविधि तथा तथ्यांक शाखा २६
१. पदः वरिष्ठ कम्प्युटर इन्जिनियर, २६
२. पदः कम्प्युटर इञ्जिनियर, २७
३. पदः तथ्यांक अधिकृत, २८
ग.  लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय २९
१. पदको नाम : सह-सचिव, २९

ग.१. स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा ३०
१. पदको नामः निर्देशक, ३०
२. पदः लगानी प्रवर्द्धक, ३१
ग.२. वैदेशिक लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा ३१
१. पदको नामः वरिष्ठ वित्तीय विश्लेषक ३१
२.पदः अर्थशास्त्री, ३२
ग.३ एकल विन्दु सेवा केन्द्र ३३
१. पदको नामः निर्देशक, ३३
२.पदः उद्योग अधिकृत, ३४
३. पदः ना.सु. ३४
घ. आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय ३५
१. पदको नामः सुपरिटेनडेन्ट इन्जिनियर (सु.इ.), ३५
घ.१. आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा ३६
१. पदः सिनियर डिभिजनल इञ्जिनियर, ३६
२. पदः आर्किटेक्ट योजनाकार, ३८
३. पदः इन्जिनियर, ३९
घ.२. बिषयगत डेस्कहरुको कार्यविवरण ४०
१.पदः सि.डि.इ. ४०
२.पदः प्रमुख मेडिकल अधिकृत, ४१
३. पदः उपनिर्देशक (प्रा.) ४२
४. पदः प्रमुख उद्योग अधिकृत, ४३
५. पदः उपसचिव, कृषि इन्जिनीयर, ४३
६.पदः सि.डि.इ. ४४
७.पदः वरिष्ठ आर्किटेक्ट प्लानर, ४५

८. पदः उपसचिव, पर्यटन, ४६

९. पदः सिनियर इन्जिनियर जिओलोजिष्ट, ४७

घ.३ आयोजना मुल्यांकन (Appraisal) शाखाको कार्यविवरण ४८

१.पदः वरिष्ठ वित्तीय विश्लेषक, ४८

२.पदः वरिष्ठ अर्थशास्त्री, ४९

३.पदः वरिष्ठ वातावरण निरीक्षक, ५०

४.पदः वरिष्ठ समाजशास्त्री, ५२

५.पदः सि.डि.इ., ५३

६.पदः उपसचिव-कानुन, ५४

७. पदः वरिष्ठ सुशासन विज्ञ, ५५

८.पदः वित्तीय विश्लेषक, ५६

९.पदः वातावरण निरीक्षक, ५७

# अ. सांगठनिक इकाईहरु

## क. लगानी बोर्डः

सार्वजनिक—निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ८ र सार्वजनिक—निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को नियम ६ मा उल्लिखित बोर्डको काम, कर्तव्य र अधिकारको समन्वित रूप देहायबमोजिम छः-

- सार्वजनिक—निजी साझेदारी तथा निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्बन्धी नीति तर्जुमा गर्ने वा गराउने,
- सम्भाव्य परियोजनाहरुको विवरण संकलन गरी त्यस्ता परियोजनाहरुको अध्ययन तथा परियोजनाहरुको सूची तयार गर्ने वा गराउने,
- सार्वजनिक—निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरुमध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाहरुको छनौट गर्ने वा गराउने,
- प्रतिस्पर्धात्मक रूपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्यांकन गरी त्यस्ता परियोजनाहरुको पूर्व योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति, तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने वा गराउने,
- विशेष प्राथमिकताका परियोजनाहरुको रूपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको वार्ता मार्फत परियोजना विकास, निर्माण तथा संचालन गर्ने गरी सम्झौता गर्ने वा गराउने,
- आह्वान नगरिएका बोर्डमा सोझै प्राप्त हुन आएका प्रस्तावहरु आवश्यकतानुसार अध्ययन गरी सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लिखित परियोजनाको लागि कानुन बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, राइट अफ वेका लागि सम्बन्धित निकायमा पठाउने, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने वा गराउने,
- स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा संचालन भए वा नभएको अनुगमन गर्ने वा गराउने,
- पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने,
- आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने,
- स्वीकृत परियोजनाको लागि आवश्यक पर्ने हदबन्दी भन्दा बढीको जग्गा खरीद गर्न वा लिजमा उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने,
- स्वीकृत परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी अनुमति प्रदान गर्ने वा गराउने,
- परियोजना विकास समझौता (प्रोजेक्ट डेभलपमेण्ट एग्रिमेण्ट) तथा परियोजना लगानी सम्झौता ( प्ररोजेक्ट इन्भेष्टमेण्ट एग्रीमेण्ट) लगायतका सहुलियत सम्झौता (कन्सेसन एग्रीमेण्ट) स्वीकृत गर्ने,

- स्वीकृत परियोजना कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम आवश्यक पर्ने अनुमति, इजाजत तथा स्वीकृतिको लागि सम्बन्धित निकायमा लेखी पठाउने,
- लगानी मैत्री वातावरण तयार गरी नेपाललाई विदेशी लगानीको गन्तव्य स्थलको रूपमा विकास गर्न नेपाल सरकारका सम्बन्धित निकायसँग समन्वय गर्ने,
- विदेशी लगानी आकर्षित गर्नका लागि बोर्डले उपयुक्त ठहऱ्याएको मुलुकसँग द्विपक्षीय लगानी सम्झौता र दोहोरो कर उन्मुक्ति लगायतका लगानी प्रवद्र्धन सम्बन्धी वार्ता गर्ने वा संयन्त्र स्थापित गर्ने वा गराउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिश गर्ने,
- प्रत्यक्ष विदेशी लगानीमा वा सार्वजनिक—निजी साझेदारीमा संचालन हुने पूर्वाधार संरचना निर्माण, संचालन, पुनःस्थापना वा स्तरोन्नति गर्ने वा सार्वजनिक सेवा प्रवाह गर्ने परियोजना कार्यान्वयन र लगानीको सम्बन्धमा नेपाल सरकार लगायत त्यस सम्बन्धी अन्य निकायलाई आवश्यक विशेषज्ञ सेवा उपलब्ध गराउने तथा समन्वय एवं सहजीकरण गर्ने वा गराउने,
- परियोजना विकास, लगानी प्रवद्र्धन तथा परियोजना कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय, प्रदेश, स्थानीय तह एवं सरकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने वा गराउने,
- स्वीकृत परियोजनाहरुको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटो—छरितो सेवा प्रदान गर्ने वा गराउने,
- बोर्डको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,
- सफलतापूर्वक परियोजना कार्यान्वयन गर्ने लगानीकर्ताहरुको सूची तयार गरी आवश्यकतानुसार त्यस्ता लगानीकर्ताहरु वा पूर्व योग्यता निर्धारण भएका लगानीकर्ताहरु बीच नयां परियोजना कार्यान्वयन गर्न प्रतिस्पर्धा गराउने,
- विदेशी लगानी प्रवद्र्धन गर्ने सम्बन्धमा प्रचार—प्रसार तथा विदेशी लगानीकर्ता बीच अन्तरक्रिया तथा अन्य आवश्यक कार्य गर्नका लागि कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरुको सहकार्य तथा समन्वय स्थापित हुने गरी त्यस्ता निकायलाई परिचालन गर्ने वा गराउने,
- विदेशी लगानी आकर्षण गर्न र त्यस्ता लगानीमा स्थापना तथा सञ्चालन हुने कुनै पनि परियोजनाको लागि एकल विन्दु सेवा केन्द्रबाट सेवा प्रदान गर्ने वा गराउने,
- सम्झौता बमोजिम वित्तीय व्यवस्थापन भइसकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने वा गराउने,
- लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरे बापत वा परियोजना विकास गर्न बोर्डले पुर्याएको सेवा तथा सहजीकरण बापत तोकिएको बमोजिमको शुल्क, दस्तुर लिने,
- बोर्डबाट सहजीकरण गरिएका वा गरिने परियोजनालाई आवश्यक पर्ने पूर्वाधार संरचनाको निर्माण तोकिए बमोजिम लगानीकर्ता मार्फत गर्ने वा गराउने,
- लगानीसँग सम्बन्धित नीति वा कानुनको सुधार गर्न र प्रचलित कानुनलाई लगानीमैत्री बनाउन सम्बन्धित निकायलाई सुझाव दिने,
- नेपालमा लगानी गर्न विदेशी लगानीकर्ता, सरकार वा अन्तर्राष्ट्रिय संस्थालाई आग्रह वा आमन्त्रण गर्ने,
- लगानी प्रवद्र्धनका लागि विदेशी नियोगसँग आवश्यक सम्वाद, समन्वय वा सम्पर्क स्थापित गर्ने,

- लगानी प्रवद्र्धन गर्न नेपाल वा अन्य मुलुकमा लगानी सम्मेलन, कार्यशाला वा लगानी मेला आयोजना गर्ने,
- परियोजना पहिचान तथा स्वीकृत गरी आशयपत्र तथा प्रस्ताव आह्वान गर्न नेपाल वा अन्य मुलुकमा प्रस्तुतिकरण (शो केस) गर्ने वा गराउने,
- व्यावसायिक प्रतिष्ठान स्थापना गर्ने, रकम फिर्ता लैजाने वा स्थानान्तरण गर्ने लगायतका कार्यका लागि लगानीकर्तालाई सहजीकरण गर्ने तथा सोको लागि समन्वय गर्ने,
- कुनै परियोजनाका सम्बन्धमा आवश्यकतानुसार ट्रान्ज्याक्शन एडभाइजरी सेवा लिने,
- लगानी प्रवद्र्धनका क्षेत्रमा देखिएका समस्या समाधान गर्न वा लगानीका क्षेत्रलाई अझ बढी आकर्षक बनाउन लगानीकर्ता, लगानीकर्ताका प्रतिनिधि वा पदाधिकारीसँग समय—समयमा अन्तरक्रिया वा छलफल गर्ने,
- परियोजनाका लागि आवश्यक मेशिन, उपकरण, औजार वा अन्य सामग्रीको पैठारीको लागि सहजीकरण गर्ने,
- परियोजनाबाट उत्पादित वस्तु वा सेवाको निकासीका लागि आवश्यक सहजीकरण गर्ने,
- अनुमतिपत्र रद्द गर्न सिफारिश भएकोमा तत्सम्बन्धमा आवश्यक निर्णय गर्ने, र
- तोकिएबमोजिमका अन्य कार्य गर्ने।

### ख. सल्लाहकार परिषद्

लगानी बोर्डको कार्यालयलाई यसको कार्यदिश र जिम्मेवारी अनुरुप सन्चालन गर्ने क्रममा खास गरी बृहत् एवं रूपान्तरणकारी प्रकृतिका स्वदेशी वा विदेशी लगानीका सानिसा वा निजी लगानीको ढांचामा कार्यान्वयन गरिने आयोजनाहरुको डिजाइन, विकास र कार्यान्वयनमा आइपर्न सक्ने बाधा-अडचन र जटिलताहरुलाई सम्बोधन गरी मुख्यतः शीर्ष राजनीतिक स्तरमा समाधानमुखी सहमति जुटाउन यो परिषद्को नयां व्यवस्था गर्न लागिएको हो। यसले परियोजनाको निर्माण र कार्यान्वयनका विभिन्न चरणमा आउनसक्ने नीतिगत, कानुनी एवं प्रक्रियागत व्यवधानहरुको निराकरणका लागि सकारात्मक हस्तक्षेप गर्नेछ।

बोर्डका अध्यक्ष प्रधानमन्त्रीले नै अध्यक्षता गर्ने यो परिषदमा संसदमा प्रमुख प्रतिपक्षी दलका नेता सहित प्रमुख राजनीतिक दलका नेताहरु र सरकार तथा निजी क्षेत्रका अन्य पदाधिकारीहरु सदस्य रहनुहुनेछ जसको मनोनयन बोर्डले गर्नेछ। परिषद्को सदस्य सचिवको काम चाहिं प्रमुख कार्यकारी अधिकृतले गर्नेछन् ।

### ग. विषयगत समितिहरु

लगानी बोर्डले अगाडि बढाउन खोजेका वा बढाउँदै गरेका आयोजनाहरुको कार्यान्वयनलाई चुस्त, द्रुत र प्रभावकारी गति दिन यी समितिहरुको गठन नयां प्रस्ताव गरिएको छ। आर्थिक वा वित्तीय, प्राविधिक, सामाजिक, वातावरणीय, कानुनी वा नीतिगत पक्षमा अन्तर-निकायगत समन्वय र सामन्जस्य कायम गरी परियोजनालाई सफल बनाउने जिम्मेवारी यी समितिहरुको रहनेछ। बोर्डमा प्रतिनिधित्व गर्ने सम्बन्धित विभागीय मन्त्रीहरु संयोजक रहने यी समितिहरुले मुख्यतया आर्थिक वा वित्तीय, सामाजिक, भौतिक पूर्वाधार, सानिसा तथा लगानी प्रवर्द्धन र संस्थागत समन्वय यी पांच विषय-क्षेत्रलाई समेट्नेछन्, तर आवश्यकतानुसार यिनीहरुको संख्या, गठन, दायरा र कार्यक्षेत्र

बोर्डले निर्धारण गर्नेछ । समितिका सदस्य-सचिवमा बोर्डका प्रमुख कार्यकारी अधिकृत रहनेछन्। उनलाई कार्यालयका सचिव र निर्देशनालय प्रमुखहरुले सघाउनेछन् ।

**घ. अनुगमन तथा सहजीकरण समिति**

सार्वजनिक—निजी साझेदारी तथा लगानी ऐन, २०७७ को नियम ९ ले तोकेको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम उल्लेख गरिएको छ।

- लगानी स्वीकृति प्राप्त भएका परियोजना कार्यान्वयनका लागि सहजीकरण गर्ने,
- परियोजना कार्यान्वयनका लागि सम्बन्धित निकाय र सरोकारवालासँग समन्वय गर्ने,
- परियोजनासँग सम्बन्धित सम्झौताबमोजिम परियोजना कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने,
- अनुगमन प्रयोजनको लागि सम्बन्धित निकाय तथा अनुमतिपत्रप्राप्त व्यक्तिबीच सूचना आदान—प्रदान गर्न उपयुक्त संयन्त्र विकास गर्ने वा गराउने,
- परियोजनाको अनुगमन गर्ने एकाइलाई प्रभावकारी बनाउन आवश्यक निर्देशन दिने,
- परियोजना कार्यान्वयनमा आइपरेका समस्याको समाधान गर्न पहल गर्ने,
- परियोजना कार्यान्वयनमा समय, लागत र गुणस्तरका दृष्टिले उपयुक्त हुने देखिएमा प्रोत्साहन उपलब्ध गराउन बोर्ड समक्ष सिफारिश गर्ने,
- परियोजना कार्यान्वयनको कार्यतालिका अनुसार परियोजना निर्माण वा सन्चालन नगरेको अवस्थामा त्यस्तो परियोजनाको अनुमति रद्द गर्न आधार र कारण खुलाई बोर्ड समक्ष सिफारिश गर्ने, र
- बोर्डले तोकिदिएका विषय तथा क्षेत्र सम्बन्धी कार्य गर्ने वा गराउने ।

**ङ. लगानी परामर्श मञ्च**

लगानी बोर्डको कार्यालय र स्वदेशी वा विदेशी निजी लगानीकर्ताहरुबीच व्यक्तिगत वा संस्थागत दुबै तहमा लगानीसँग सम्बन्धित उनीहरुको चासो, रुचि, धारणा र दक्षताका साथै लगानीका नयां क्षेत्र, अवसर, बजार, वित्त प्रबन्ध, प्रविधि तथा नव-प्रवर्तन र विश्वव्यापी सन्जाल (Global Networking) का क्षेत्रमा नवीनतम सूचना र जानकारीको आदान-प्रदान गर्न वा बोर्डको कार्यालयलाई सल्लाह-परामर्श दिन यो मन्चको नयां प्रस्ताव गरिएको हो । निजी क्षेत्रका प्रतिनिधिहरु समावेश रहने यो मन्चको संयोजकमा पनि प्रमुख कार्यकारी अधिकृत रहनेछन्।

**च. लगानी बोर्डको कार्यालय**

सानिसा तथा लगानी ऐनको दफा ११ मा यसका काम, कर्तव्य, र अधिकारहरू देहायबमोजिम उल्लेख गरिएको छः-

- सार्वजनिक—निजी साझेदारी अवधारणा अन्तर्गतका परियोजनाहरुको पहिचान, सर्वेक्षण तथा कार्यान्वयनका लागि विकासकर्ता छनौट तथा अनुगमन लगायतका कार्य गर्ने,
- सार्वजनिक—निजी साझेदारी अवधारणा तथा निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको निर्माण, संचालन, व्यवस्थापन लगायतका कार्यमा सहजीकरण गर्ने,

- बोर्डद्वारा स्वीकृत शर्तहरु तथा प्रस्ताव आह्वानमा संलग्न सम्झौताको मस्यौदाको आधारमा प्रस्तावक वा लगानीकर्तासँग वार्ता गरी सम्झौता गर्ने,
- सम्झौता अनुरूप परियोजना कार्यान्वयन गर्न लगानीकर्तालाई सहजीकरण गर्ने,
- परियोजना कार्यान्वयनमा देखिएका समस्याको निराकरण गर्ने,
- स्वीकृत परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय, प्रदेश, स्थानीय तह लगायत निजी क्षेत्रसँग समन्वय गर्ने,
- स्वीकृत परियोजनाले प्राप्त गर्ने आर्थिक वा गैर–आर्थिक सुविधा उपलब्ध हुने व्यवस्था मिलाउने,
- कुनै क्षेत्र वा परियोजनाको लागि उपलब्ध गराइएको सुविधा अपर्याप्त भएको वा अन्य कुनै कारणबाट लगानी निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय बोर्ड समक्ष पेश गर्ने,
- परियोजनाको कार्यान्वयनको अनुगमन गर्ने तथा समयतालिका बमोजिम परियोजना नभएको देखिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्न वा अनुमति रद्द गर्नका लागि बोर्ड समक्ष सिफारिश गर्ने,
- कुनै विशेष लगानीका क्षेत्र वा उपक्षेत्रमा विशेष ध्यान दिन आवश्यक देखिएमा सोको सुझाव बोर्ड समक्ष पेश गर्ने,
- स्वदेशी तथा विदेशी लगानीको सुरक्षा तथा लगानी प्रवद्र्धन सम्बन्धी कार्य गर्ने,
- सार्वजनिक–निजी साझेदारी तथा लगानी सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने, र
- बोर्डको क्षेत्राधिकार भित्र रहेका र बोर्डले निर्णय गरी तोकिदिएका प्रशासनिक तथा अन्य कार्य
- गर्ने ।

## आ. पदाधिकारी तथा कर्मचारीहरु

### १. प्रमुख कार्यकारी अधिकृतः

ऐनको दफा १३ अनुसार प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य, र अधिकारहरू देहायबमोजिम उल्लेख गरिएको छः

- बोर्डको बैठकमा पेश गरिने प्रस्तावहरुको सूची तयार गर्ने,
- परियोजना स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने र आवश्यक प्रक्रिया अगाडि बढाउने,
- बोर्डबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,
- बोर्ड तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने,
- बोर्डबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरुको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्यांकन गर्ने, र
- बोर्डले तोकेका अन्य कार्यहरु गर्ने ।

### २. सल्लाहकार तथा विशेषज्ञ समूह

बोर्डको कार्यालयले आफ्नो कार्यसम्पादनलाई प्रभावकारी बनाउन विभिन्न विषय-क्षेत्रगत विज्ञ र विशेषज्ञहरुको सेवा र सल्लाह लिनसक्ने व्यवस्था ऐनको दफा १६ ले गरेको छ। यस्तो सेवा प्रशासनिक, व्यवस्थापकीय,

वित्तीय, कानुनी, नीतिगत, प्रक्रियागत र प्राविधिक सबै क्षेत्रमा लिन सकिनेछ । खास गरी बोर्डको कार्यालयलाई बोर्डको कार्यदिश अन्तर्गतका ९ वटा विषय-क्षेत्रहरु (Thematic Sectors) मा आयोजना विकास र कार्यान्वयनसँग साक्षात् जोडिएका मूलभूत (Core) विषयमा यी विज्ञहरुले सेवा र सल्लाह उपलब्ध गराउनेछन् ।

**३. पद - सचिव, श्रेणी -रा.प. विशिष्ट, सेवा - प्रशासन**

कार्य विवरण:

लगानी बोर्डको कार्यालयलाई थप अधिकारपूर्ण र प्रभावकारी बनाई समन्वयात्मक रुपमा संचालन गर्नका लागि नेपाल प्रशासन सेवाको रा.प. विशिष्ट श्रेणीको नयाँ पद प्रस्ताव गरिएको छ, जसले निर्देशनालय र निर्देशनालयका प्रमुखहरूको कार्यहरूलाई सुपरीवेक्षण गर्ने, निर्देशनालय र अन्तरगतका शाखाहरुलाई मार्गदर्शनगर्ने र निर्देशन दिनेछ र सबैभन्दा महत्तवपूर्ण कुरा, प्रमुख कार्यकारी अधिकृतलाई आफ्ना कार्यहरू थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुर्याउनेछ। यस पदको प्रमुख काम, कर्तव्य, अधिकार,र जिम्मेवारीहरू देहायबमोजिम उल्लेख गरिएको छ।

- लगानी बोर्डको कार्यालयलाई प्रशासन र व्यवस्थापनसँग सम्बन्धित समग्र कार्यहरू कार्यालयको प्रशासकीय प्रमुखको हैसियतमा सम्पादन गर्ने, जसमा आर्थिक, सार्वजनिक खरिद, योजना, अनुगमन र मूल्यांकन, लगानी र सानिसा प्रवर्ध्दन, कोषहरुको व्यवस्थापन, परियोजना विकास र व्यवस्थापन लगायतका कामका साथै ऐनको दफा ६१ अनुसार प्रमुख कार्यकारी अधिकृतसँग परामर्श गरी बोर्डद्वारा तोकिएका कार्यहरू गर्ने।
- प्रमुख कार्यकारी अधिकृत संग परामर्श गरी बोर्ड समक्ष पेश गर्ने प्रस्ताव तयार गराउने।
- लगानी बोर्डको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।
- लेखा उत्तरदायी अधिकारीको रूपमा कानुन बमोजिम तोकिएका आर्थिक अधिकार, प्रक्रिया र जिम्मेवारी वहन गर्ने।
- सानिसा अन्तर्गतका परियोजनाहरु तर्जुमा तथा ब्यबस्थापन गर्ने गराउने तथा लगानीकर्ता लाई सहजीकरण गर्न लगानी बोर्डको कार्यालयको तर्फबाट विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरु संग समन्वय कायम गर्ने गराउने।
- बोर्डको काम, कर्तव्य र अधिकारहरू साथै लगानी बोर्डको कार्यालयको वार्षिक कार्ययोजना तयारी तथा कार्यान्वयन गर्ने-गराउने।
- लगानी बोर्डको कार्यालयलाई आबश्यक पर्ने सूचना अध्यावधिक गर्न लगाउने।
- लगानी बोर्डको कार्यालयले ब्यबस्थापन गर्ने कार्यहरुको अनुगमन तथा निरीक्षण गर्ने गराउने।
- लगानी बोर्डको कार्यालयमा प्राप्त हुने परियोजनाहरुलाई सानिसा वा गैर सानिसा परियोजनाको रुपमा पहिचान गरी थप कार्यका लागि सम्बन्धित निर्देशनालयमा पठाउने।
- लगानी बोर्डको कार्यालयका तर्फ बाट लगानी प्रबर्दनात्मक कार्यहरु तर्जुमा गर्ने गराउने।
- लगानी बोर्डको कार्यालयका कर्मचारीहरूको कार्य र कार्य सम्पादनको प्रशासन, व्यवस्थापन, सुपरिबेक्षण, निर्देशन, मूल्याङ्कन र समन्वय गर्ने, साथै लगानी बोर्डको कार्यालयद्वारा नियुक्त विज्ञ, परामर्शदाता र सल्लाहकारहरूको कार्यसम्पादनलाई आवश्यक अनुसार सहजिकरण, समन्वय र मूल्याङ्कन गर्नु।

- ऐन र नियमावलीमा उल्लिखित अन्य कार्यहरू र बोर्डद्वारा निर्देशन वा निर्णय गरिएका थप कार्यहरू गर्ने।

**३.१. पदको नामः निर्देशक,**

श्रेणीः रा. प. द्वितीय, सेवाः नेपाल प्रशासन सेवा, समूहः सामान्य प्रशासन (प्रमुख कार्यकारी अधिकृतको सचिवालय)
कार्य विवरणः

प्रमुख कार्यकारी अधिकृतको सचिवालयमा रहि निर्देशक, रा. प. द्वितीय (प्र)ले देहायअनुसारका कामहरु सम्पादन गर्नेछनस्

- प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नुपर्ने फाइलको अभिलेख राखी निर्णयका लागि पठाउने र निर्णय भई प्राप्त भएपछि अभिलेखमा जनाई सचिवको कार्यालयमा पठाउने,
- प्राप्त पत्रहरुलाई व्यवस्थित गरी प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्ने र आदेश भए बमोजिम गर्ने,
- लगानी बोर्ड समक्ष पेशहुने प्रस्ताव र निर्णयको प्रति (विद्धुतीय प्रति समेत) सुरक्षित गरी राख्ने।
- प्रमुख कार्यकारी अधिकृत उपस्थित हुनुपर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको कार्यतालिका बनाई यथा समयमा जानकारी गराउने, निर्धारित समय पुर्व पुनःस्मरण गराउने।
- प्रमुख कार्यकारी अधिकृतसंगको भेटघाट लाई व्यवस्थित गर्न सहयोग गर्ने, सम्पर्क सुत्रको काम गर्ने, वैठक वा भेटघाटका समयमा छलफलको टिपोट गर्ने।
- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाई प्रमुख कार्यकारी अधिकृतलाई प्रत्येक दिन जानकारी गराउने,
- प्रमुख कार्यकारी अधिकृतको निर्देशन अनुसारको विवरण तयार गरी उपलब्ध गराउने,
- तोकिएका अन्य कार्य गर्ने।

**३.२. पदको नामः शाखा अधिकृत,**

श्रेणीः रा.प. तृतीय, सेवाःनेपाल प्रशासन, समूहःसामान्य प्रशासन (सचिवको सचिवालय)
कार्य विवरणः

सचिवको सचिवालयमा रहि शाखा अधिकृत, रा.प. तृतीय (प्र) ले देहाय अनुसारका कामहरु सम्पादन गर्नेछन्।

- सचिव समक्ष पेश गर्नुपर्ने फाइलको अभिलेख राखी निर्णयका लागि पठाउने र निर्णय भई प्राप्त भएपछि अभिलेखमा जनाई सह सचिवको कार्यालय (निर्देशनालय) मा पठाउने,
- प्राप्त पत्रहरुलाई व्यवस्थित गरी सचिव समक्ष पेश गर्ने र आदेश भए बमोजिम गर्ने,
- सचिव उपस्थित हुनुपर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको कार्यतालिका बनाई यथा समयमा जानकारी गराउने, निर्धारित समय पुर्व पुनःस्मरण गराउने।
- सचिव संगको भेटघाट लाई व्यवस्थित गर्न सहयोग गर्ने, सम्पर्क सुत्रको काम गर्ने, भेटघाटका समयमा छलफलको टिपोट गर्ने।
- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाई सचिव समक्ष प्रत्येक दिन जानकारी गराउने,

- सचिवको निर्देशन अनुसारको विवरण तयार गरी उपलब्ध गराउने,
- तोकिएका अन्य कार्य गर्ने।

**३.३. पदको नामः ना. सु.,**

श्रेणीः रा. प. अ प्रथम, सेवाःनेपाल प्रशासन सेवा, समूहःसामान्य प्रशासन (प्रमुख कार्यकारी अधिकृतको सचिवालय)
कार्य विवरणः

प्रमुख कार्यकारी अधिकृतको सचिवालयमा कार्यरत निर्देशकको रेखदेखमा रही ना सु , रा प अ प्रथम (प्र), ले देहाय अनुसारका कामहरु सम्पादन गर्नेछनः

- प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नुपर्ने फाइलको अभिलेख राखी निर्णय भई प्राप्त भएपछि पुनःअभिलेखमा निर्णय जनाउने, निर्देशकको आदेश अनुसार फाइल सचिव र निर्देशनालयमा पठाउने,
- प्राप्त पत्रहरुलाई व्यवस्थित गर्न निर्देशकलाई सघाउने।
- प्रमुख कार्यकारी अधिकृत र निर्देशकको उपस्थित हुनुपर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको कार्यतालिका बनाउने।
- प्रमुख कार्यकारी अधिकृत संगको भेटघाट लाई व्यवस्थित गर्न निर्देशकलाई सहयोग गर्ने, आदेशानुसार सम्पर्क सुत्रको काम गर्ने।
- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाउन सहयोग गर्ने,
- प्रमुख कार्यकारी अधिकृतको कार्यालयको सामग्रीको स्याहार सम्भार एवं संरक्षण गर्ने व्यवस्था मिलाउने।
- प्रमुख कार्यकारी अधिकृतको कार्यकक्षमा बैठक भएको समयमा सत्कारको व्यवस्था गर्ने,कार्यकक्षको लागि आवश्यक पर्ने मसलन्द सामग्रीको व्यवस्था गर्ने, टेलिफोन,फोटोकपी, तथा फ्याक्स मेशिन संचालनको व्यवस्था गर्ने,
- प्रमुख कार्यकारी अधिकृत र निर्कोदेशकको निर्देशन अनुसारको विवरण तयार गरी उपलब्ध गराउने,
- तोकिएका अन्य कार्य गर्ने

**३.४. पदको नामः ना. सु.,**

श्रेणीः रा.प.अनं. प्रथम, सेवा (नेपाल प्रशासन सेवा, समूह- सामान्य प्रशासन (सचिवको सचिवालय)
कार्य विवरणः

सचिवको सचिवालयमा कार्यरत शाखा अधिकृतको रेखदेखमा रही ना. सु. , रा.प.अनं. प्रथम (प्र), ले देहाय अनुसारका कामहरु सम्पादन गर्नेछन

- सचिव समक्ष पेश गर्नुपर्ने फाइलको अभिलेख राखी निर्णय भई प्राप्त भएपछि अभिलेखमा निर्णय जनाउने, शाखा अधिकृतलाई जानकारी दिई फाइल निर्देशनालयमा पठाउने,
- प्राप्त पत्रहरुलाई व्यवस्थित गर्न शा.अ. लाई सघाउने।
- सचिव उपस्थित हुनुपर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको कार्यतालिका बनाउन सघाउने।
- सचिव संगको भेटघाट लाई व्यवस्थित गर्न सहयोग गर्ने, सम्पर्क सुत्रको काम गर्ने।

- बैठक, छलफल, भेटघाट आदिको दैनिक डायरी बनाई शाअ मार्फत सचिव समक्ष प्रत्येक दिन जानकारी गराउने,
- सचिवको कार्यालयको  सामग्री र साधनको स्याहार सम्भार एवं संरक्षण गर्ने व्यवस्था मिलाउने
- सचिवको कार्यकक्षमा बैठक भएको समयमा सत्कारको व्यवस्था गर्ने,कार्यकक्षको लागि आवश्यक पर्ने मसलन्द सामग्रीको व्यवस्था गर्ने, टेलिफोन, फोटोकपी तथा फ्याक्स मेशिन संचालनको व्यवस्था गर्ने।
- सचिव र शा अ को निर्देशन अनुसारको विवरण तयार गरी उपलब्ध गराउने,
- तोकिएका अन्य कार्य गर्ने।

**क. योजना, प्रशासन, तथा वित्तीय ब्यबस्थापन निर्देशनालय**

**१. पदको नाम : सह-सचिव,**

श्रेणीः रा. प. प्रथम, सेवा- नेपाल प्रशासन सेवा, समूह- प्रशासन
कार्य विवरण :

सानिसा तथा लगानी ऐन तथा नियमावलीमा भएका व्यवस्थाका आधारमा सचिवको निकटतम सहयोगीको रुपमा नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवले योजना, प्रशासन, तथा वित्तीय  ब्यबस्थापन निर्देशनालयको प्रमुखको रुपमा प्रत्यायोजित अधिकार अनुसारका कार्यहरुका अतिरिक्त देहाय अनुसारका कामहरु सम्पादन गर्नेछन् :

- प्रमुख कार्यकारी अधिकृत तथा सचिवसँगको समन्वयमा बोर्ड समक्ष पठाउने प्रस्ताव तयार गर्ने।  बोर्डको निर्णयको अभिलेख राख्ने  र लगानी बोर्डका निर्णयहरु कार्यान्वयन गर्ने गराउने।
- बोर्डको निर्णयले नेपालमा लगानी अनुमति पाएका परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिने प्रयोजनार्थ शाखा तथा इकाईहरुलाई परिचालन गर्ने व्यवस्था मिलाउने।
- कार्यालयको मानव संशाधनको व्यवस्थापन सम्वन्धी (सामान्य तथा आन्तरिक  प्रशासन) कार्य गर्ने गराउने, प्रचलित कर्मचारी प्रशासन सम्बन्धी ऐन र नियमले तोकेका कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।
- कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने।
- कार्यालयमा स्थापना हुने संभाव्यता न्यून परिपूरक कोष (भिजिएफ), जग्गा अधिग्रहण कोष (एलएएफ) तथा लगानी प्रवर्द्धन कोष (आईपिएफ) संचालनको व्यवस्था मिलाउने।
- अनुगमन तथा सहजीकरण समितिलाई आवश्यक पर्ने सूचना आदानप्रदानको कार्य गर्ने।
- सरकारी कर्मचारीहरु, विज्ञ तथा परामर्शदाताहरु परिचालन, सुरपरीवेक्षण र नियन्त्रण गर्ने, गर्न लगाउने। विभिन्न मन्त्रालय तथा सरकारी निकायहरुबीचको समन्वय र सम्बन्ध निर्माण गर्ने।
- निर्देशनालय सम्बन्धी काममा प्रमुख कार्यकारी अधिकृत र सचिव बाट निर्देशन लिनुपर्ने देखिएको विषय बाहेक अन्य विषयमा कारवाही टुंङ्गो लगाउने वा निर्देशन दिने।
- महाशाखा अन्तर्गतका रा.प.द्बितीय श्रेणीका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फाराम सुपरीवेक्षकको रुपमा मूल्यांकन गर्ने, रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको पुनरावलोकनकर्ता भई

मूल्यांकन गर्ने र कार्यालयमा कार्यरत राजपत्र अनंकित कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनको लागि पुनरावलोकन समितिको अध्यक्षको रुपमा कार्य गर्ने।

- कार्यालयको आर्थिक प्रशासन सम्वन्धी कार्य, खरिद सम्वन्धी कार्य, लेखा परीक्षण र पूर्वाधार सम्पत्तिको व्यवस्थापन सम्वन्धी कार्य गर्ने गराउने। कार्यालयको जिन्सी सामानको व्यवस्थापन एवं सुपरीवेक्षण गर्ने।
- लगानी बोर्ड सम्बध्द कानून तर्जुमा, संशोधन, नियमावली तथा कार्यविधि तर्जुमा कार्यमा संलग्न हुने, परियोजना सम्बध्द गुनासो सुनुवाई सम्वन्धी कार्य तथा परियोजना सम्बध्द विवाद निरोपण कार्य गराउने, र अदालत बाट भएका फैसला कार्यान्वियन गराउने।
- विदेशमा हुने सभा सम्मेलन वा तालिममा कार्यालयको तर्फवाट पठाउन प्रतिनिधि वा प्रतिनिधित्वका लागि कर्मचारीको सिफारिश गर्ने।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्थापन, अनुगमन र समयानुकुल सुधार गर्ने।
- सचिवसँगको समन्वयमा विदेशी लगानीकर्ताहरु र विकास साझेदारहरु बिच सम्बन्ध कायम राखी प्राविधिक तथा वैदेशिक सहयोग समन्वय र व्यवस्थापनका कामहरू गर्ने गराउने।
- कार्यालयको लागि काम गर्न आउने विदेशी बिज्ञ वा कामदारको कार्य सहमति, श्रम स्वीकृति वा भिसाको सिफारिश गर्ने।
- कार्यालयको प्रवक्ताको कार्य गर्ने।
- प्रचलित ऐन-कानून बमोजिम सम्पादन गर्नुपर्ने अन्य कार्य र प्रमुख कार्यकारी अधिकृत र सचिवको निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने।

**क.१. मानव संशाधन व्यवस्थापन शाखा**

**१. पदको नामः निर्देशक,**

श्रेणीः रा.प. द्वितीय, सेवा- नेपाल प्रशासन सेवा, समूह- सामान्य प्रशासन
कार्य विवरण :

योजना, प्रशासन, तथा वित्तीय व्यवस्थापन निर्देशनालय प्रमुख अन्तर्गत रहने मानव संशाधन व्यवस्थापन शाखाको जिम्मेवारी बहन गर्न नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणी, निर्देशकले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त निज निर्देशकले निम्नानुसारका कार्यहरु सम्पादन गर्नुपर्नेछः-

- कार्यालयको सामान्य, आन्तरिक प्रशासन, जिन्सी सम्बन्धी कामहरुको जिम्मेवारी लिई शाखा प्रमुखको भूमिका निर्वाह गर्ने,
- निर्देशनालयका प्रमुखको सामान्य रेखदेखमा रही कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी नियुक्ति, पदस्थापन, हाजिरी, बढुवा, कार्यसम्पादन मूल्याङ्कन, तालीम, छात्रवृति, काज, भ्रमण, विदा, गुनासो, पुरस्कार, विभागीय कारवाही, अभिलेख व्यवस्थापन, अवकाश, उपदान, निवृत्तिभरण कार्य लगायतका प्रशासकीय कार्यहरु सम्पादन गर्ने। अन्तर्गतका कर्मचारीहरूको अध्ययन र असाधारण विदा बाहेक अन्य विदाहरु स्वीकृत गर्ने।

- कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक गरी राख्ने, राख्न लगाउने।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको लागि मापदण्ड अद्यावधिक गर्ने र स्वीकृत मापदण्डको आधारमा प्रोत्साहन भत्ताको लागि प्रतिवेदन तयार गरी स्वीकृतिका लागि पेश गर्ने।
- निर्देशनालयबाट शाखासँग सम्बन्धित विषयको राय माग भए राय सहित पेश गर्ने।
- शाखा र मातहत इकाईका कर्मचारीहरुवाट सम्पादन हुने कार्यको लागि निर्देशन दिने, रेखदेख गर्ने, नियन्त्रण गर्ने।
- राजपत्रांकित कर्मचारीहरुको का. स. म.ू फाराम संकलन गरी गोप्य रुपमा राख्ने र आवश्यक कार्य अगाडि बढाउने।
- आफू अन्तर्गतका रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको सुपरीवेक्षकको रुपमा कार्यसम्पादन मूल्यांकन गर्ने र रा.प. अनंकित कर्मचारीहरुको पुनरावलोकनकर्ता भई मूल्याङ्कन गर्ने,
- बोर्ड र नेपाल सरकारबाट भएका कार्यालयसँग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने। कर्मचारीको हाजिरी नियन्त्रण गर्ने, लगबुक राख्ने व्यवस्था गर्ने, सोको नियन्त्रण गर्ने, तोकिएको कार्य समयमा गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गर्ने।
- कार्यालयको भौतिक साधन र जिन्सीको स्याहार-सम्भार एवं संरक्षण गर्ने व्यवस्था मिलाउने
- कार्यालयको खरिद इकाई प्रमुखको रुपमा काम गर्ने,
- शाखाको कागजात र अभिलेख व्यवस्थित राख्ने र अनावश्यक कागजात नियमानुसार घुलाउने व्यवस्था मिलाउने,
- कार्यालयको अध्ययन, तालीम, गोष्ठी, सेमिनारमा सहभागी हुन पठाउने पदाधिकारी र कर्मचारी मनोनयनको लागि पेश गर्ने,
- जग्गा प्राप्ति ऐन अनुसार घर-जग्गा प्राप्त गर्ने सम्बन्धी कार्य गर्ने,
- कार्यालयबाट परियोजना हुने विभिन्न कार्यक्रमहरुको व्यवस्थापन गर्ने, कार्यालयको भौतिक व्यवस्थापन, सहजीकरण तथा अन्य प्रशासनिक कार्य गर्ने गराउने,
- कार्यालय हाताको व्यवस्थापन, खानेपानी, विद्युत, टेलिफोन, सरसफाई तथा सुरक्षा आदि कार्यहरु गर्ने, गराउने,
- कार्यालयसँग सम्बन्धित बिषयमा पलयधभिमनझ बलबनझभलत सम्बन्धी कार्य गर्ने, र सहायक प्रवक्ताको कार्य गर्ने।
- प्रचलित ऐन-कानून बमोजिम सम्पादन गर्नुपर्ने अन्य कार्य गर्ने।

**२. शाखा अधिकृत,**

श्रेणी रा.प. तृतीय, सेवाः नेपाल प्रशासन, समूहः सामान्य प्रशासन, (मानव संशाधन व्यवस्थापन शाखा)
कार्य विवरण:

यस शाखामा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृतले उपल्लो तहबाट प्रत्यायोजित कामका अलाबा देहाय बमोजिमका कार्य गर्नुपर्नेछः-

- कार्यालयको सामान्य तथा कर्मचारी प्रशासन सम्बन्धी कामहरु,

- बोर्ड तथा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुबाट भएका शाखासँग सम्बन्धित निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,
- कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको लागि मापदण्ड अद्यावधिक गर्ने र स्वीकृत मापदण्डको आधारमा प्रोत्साहन भत्ताको लागि प्रतिवेदन तयार गरी स्वीकृतिका लागि पेश गर्ने,
- राजपत्र अनंकित कर्मचारीको नियुक्ति र राजपत्रांकित कर्मचारीहरुको पदस्थापना, काज र विभागीय कार्यवाही संबन्धी कार्य गर्ने,
- कार्यालयले सञ्चालन गर्नुपर्ने प्रशासन र पदस्थापन, हाजिर, अवकाश आदि कार्यहरु सञ्चालन गर्ने,
- शाखा प्रमुखको सामान्य रेखदेखमा रही कार्यालयको कर्मचारी प्रशासन सम्बन्धी (नियुक्ति, पदस्थापन, खटनपटन, हाजिरी, बढुवा, कार्यसम्पादन मूल्याङ्कन, तालीम, छात्रवृति, काज, भ्रमण, विदा, गुनासो, अनुशासन, पुरस्कार, दण्ड, विभागीय कारवाही, अभिलेख व्यबस्थापन, अवकाश, उपदान, निवृत्तिभरण कार्य लगायतका दैनिक प्रशासकीय कार्यहरु सम्पादन गर्ने,
- कार्यालयका सबै कर्मचारीहरुको कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक गरी राख्ने, राख्न लगाउने, मातहतका निजामती कर्मचारी तथा कार्यालयमा कार्यरत परामर्शदाताहरु सूचना एवं विवरण अध्यावधिक गरी राखे,
- सम्पूर्ण कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम प्राप्त गरी गोप्य रुपमा राख्ने र आवश्यक कारवाही अगाडि बढाउने, मातहत कर्मचारीहरुको सुपरीवेक्षकको रुपमा कार्यसम्पादन मूल्याङ्कन गर्ने,
- कार्यालय तथा मातहत निकायको लागि आवश्यक पर्ने दरबन्दी सृजना सम्बन्धमा कार्यालयस्तरबाट गर्नुपर्ने सुरू कारबाही गर्ने,
- कार्यालय तथा अन्तर्गत निकायहरुको सबै दरबन्दी परिपूर्तिका लागि आवश्यक कारबाही गर्ने,
- शाखासँग सम्बन्धित विषयको राय माग भएको प्राप्त फाइलमा आफ्नो राय सहित पेश गर्ने,
- कार्यरत राजपत्रअनंकित कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फाराम संकलन गरी फाईलमा राखी गोप्य रुपमा राख्ने र आवश्यक कारबाही अगाडि बढाउने,
- अन्तर्गतका राम्रो काम गर्ने कर्मचारीहरुलाई ऐन, नियम अर्न्तर्गत रही प्रोत्साहन र पुरस्कारको लागि सिफारिश गर्ने,
- शैक्षिक योग्यता र तालीमको सम्बद्धता सम्बन्धी कार्य गर्ने,
- कर्मचारीहरूको अध्ययन र असाधारण विदा वाहेक अन्य बिदाहरु स्वीकृतिको लागि सिफारिस गर्ने,
- कार्यालयका कर्मचारीहरुको हाजिरी अभिलेख व्यवस्थित गर्ने। कार्यालयमा लगबुक राख्ने व्यवस्था गर्ने र सोको नियन्त्रण गर्ने,
- कार्यालयको भौतिक साधनको स्याहार-सम्भार एवं संरक्षण गर्ने व्यवस्था मिलाउने र सरसफाई गराउने,
- शाखाको कागजात र अभिलेख व्यवस्थित राख्ने, राख्न लगाउने,
- कार्यालयको दरबन्दीको लगत अद्यावधिक गराई राख्ने,
- कार्यालयबाट परियोजना हुने विभिन्न कार्यक्रमहरुको व्यवस्थापन गर्न सहयोग गर्ने,
- कार्यालय हाताको व्यवस्थापन, खानेपानी, विद्युत, टेलिफोन, बगैचा, सरसफाई तथा सुरक्षा आदि। सम्बन्धी कार्यहरु गर्ने,
- कार्यालयको भौतिक व्यवस्थापन, सहजीकरण तथा अन्य प्रशासनिक कार्य गर्ने गराउने,

- प्रचलित ऐन-कानून बमोजिम सम्पादन गर्नुपर्ने अन्य कार्य गर्ने, र तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**३. नायव सुब्बा**

श्रेणीः रा.प.अनं. प्रथम, सेवाः नेपाल प्रशासन, समूहः सामान्य प्रशासन (मानव संशाधन व्यवस्थापन शाखा), (प्रशासन/स्टोर)
कार्य विवरण :

नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी, नायव सुब्बाले यस शाखामा रही कार्यालयको प्रशासन र जिन्सी सम्बन्धी देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछः

- कार्यालयको दरबन्दी तथा कर्मचारीहरुको व्यक्तिगत अभिलेख अद्यावधिक राख्ने,
- कर्मचारीहरुको असाधारण बिदा, अध्ययन बिदा, औषधि उपचार खर्च लिएको अभिलेख अद्यावधिक गराउन सहयोग गर्ने,
- विभिन्न निर्णय कार्यान्वयन सम्बन्धी तथा अन्य कार्यहरु सुपरीवेक्षकबाट निर्देशन भए अनुसार गर्ने,
- बिदामा बसेका कर्मचारीहरुको बिदा निवेदन लिई हाजिरी रजिष्टरमा जनाउने, रेकर्ड राख्ने, अनुपस्थित कर्मचारीको हाजिरीमा अनुपस्थित जनाउने वा आदेशानुसार चिनो लगाउने,
- कर्मचारीको तलबी प्रतिवेदन पारितको लागि आवश्यक विवरण तैयार गरी निजामती किताबखानाबाट पारित गराउन पेश गर्ने,
- शाखामा प्राप्त चिठी-पत्रहरु दर्तागरी शाखा प्रमुख समक्ष पेश गर्ने, र कार्य सम्पन्न भएका चिठी पत्रहरु सम्बन्धित फाईलमा राख्ने,
- शाखाको मासिक प्रगति विवरण तयार गर्ने, शाखाबाट बाहिर पठाउने पत्रहरु चलानी गरी मूल चलानी शाखामा बुझाउने,
- कार्यालयको सबै चल-अचल सम्पत्ति बुझिलिई जिन्सी खातामा दाखिला भएको ठीक छ, छैन हेर्ने, नभएको भए गर्ने, सम्भार संरक्षण गर्ने, मर्मत गर्नुपर्ने भएमा पेश गरी आदेशानुसार गर्ने,
- प्रत्येक कोठा-कोठामा भएको सामानहरुको फेहरिस्त बनाई टाँस गर्ने,
- जिन्सी सामानहरुको जिन्सी रजिष्टरमा भएको संकेत अनुसार प्रष्ट छुट्याउन सकिने गरी संकेत गरी राख्ने,
- स्वीकृत माग र खरिद आदेश अनुसार जिन्सी सामानहरु खरिद गर्ने, स्वीकृत माग फाराम अनुसार सामान निकासी गर्ने,
- खरिद भई वा अनुदान सहयोग अन्तर्गत वा हस्तान्तरण भई प्राप्त हुन आएका सामानहरु जिन्सी खातामा आम्दानी जनाउने,
- जिन्सी मूल्याङ्कन गराउने मूल्याङ्कनबाट लिलाम वा मिन्हा गर्नु पर्ने देखिएमा सो अनुसार कारबाही गर्न पेश गर्ने,
- प्रत्येक वर्ष जिन्सीको जिम्मेवारी सारेको, खरिद भै प्राप्त, अनुदानमा प्राप्त, हस्तान्तरण भै प्राप्त, लिलाम-विक्री भएको, हस्तान्तरण भै गएको र खूद जम्मा बाँकी देखिने विवरण तयार गरी पेश गर्ने,

- उपल्लो तहबाट तोकिएका अन्य कार्य गर्ने।

**४. पदको नामः कम्प्युटर अपरेटर,**

श्रेणीः रा.प.अनं. प्रथम, सेवाः  नेपाल विविध, मानव संसाधन व्यवस्थापन शाखा
कार्य विवरणः

मानव संसाधन व्यवस्थापन शाखाका निर्देशक तथा शाखा अधिकृतको सामान्य निर्देशन र मार्गदर्शनमा रही, नेपाल विविध सेवा, रा.प. अनं. प्रथम, कम्प्युटर अपरेटरले देहाय बमोजिमका प्राविधिक कार्य गर्नेछन्

- कार्यालयको चिठी पत्र टाइप गरी तयार पार्ने।
- कार्यालयका प्रमुख कार्यकारी अधिकृत, सचिव, निर्देशनालयका प्रमुखहरू, शाखा प्रमुखहरू बाट तयार पारिने प्रतिबेदनहरूको टंकन कार्यमा सहयोग गर्ने।
- सूचना प्रविधि तथा तथ्यांक शाखा संगको समन्वयमा कार्यालयलाई आवस्यक पर्ने प्रोगामिङ् सम्बन्धी कार्य गर्ने।
- सूचना प्रविधि तथा तथ्यांक शाखा संगको समन्वयमा आबस्यक पर्ने प्राविधिक प्रशिक्षण कार्यमा सहभागी भै सहयोग गर्ने।
- साइबर सुरक्षा सम्बन्धी कार्यमा टिम संग सहकार्य गर्ने
- तोकिएका अन्य कार्यहरू गर्ने।

**५. पदको नामः व्यवस्थापन सहायक**

श्रेणीः रा.प.अ. प्रथम सरह, सेवा करार बाट लिने (संगठन संरचनामा उल्लिखित शाखाहरुमा  (८ जना)
कार्य विवरणः

निर्देशक (पद संख्या ८) को सामान्य  रेखदेखमा रही व्यवस्थापन सहायक, श्रेणीः रा. प.  अ. प्रथम सरहले देहायअनुसारका कामहरु सम्पादन गर्नेछन

- तोकिएको शाखाका निर्देशक समक्ष निर्णयका लागि पेश गरिएका फाइलको अभिलेख राख्ने ।
- प्राप्त पत्र तथा फाइल व्यवस्थित गर्न शा.अ. लाई सघाउने ।
- निर्देशक उपस्थित हुनुपर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको कार्यतालिका बनाउने ।
- निर्देशकको भेटघाट लाई व्यवस्थित गर्न सहयोग गर्ने, सम्पर्क सुत्रको काम गर्ने।
- दैनिकी कार्यको डायरी बनाई शाअ मार्फत निर्देशक समक्ष जानकारी गराउने,
- शाखाको सामग्रीहरुको स्याहार सम्भार एवं संरक्षण गर्ने व्यवस्था मिलाउने
- शाखालाई आवश्यक पर्ने मसलन्द सामग्रीको व्यवस्था गर्ने, टेलिफोन, फोटोकपी तथा फ्याक्स मेशिन संचालनको व्यवस्था गर्ने ।
- निर्देशक र शा अ को निर्देशन अनुसारको विवरण तयार गरी उपलब्ध गराउने,
- तोकिएका अन्य कार्य गर्ने ।

**६. पदको नामः व्यवस्थापन सहायक**

श्रेणीः रा.प. अनं. प्रथम सरह, सेवा करार बाट लिने (संगठन संरचनामा उल्लिखित निर्देशनालयहरुमा (४ जना)
कार्य विवरणः

सह सचिव (पद संख्या २) तथा सुपरिन्टेणडेन्ट इन्जिनियर (पद संख्या २) को सामान्य रेखदेखमा रही व्यवस्थापन सहायक, श्रेणीः रा. प. अ. प्रथम सरह, ले देहाय अनुसारका कामहरु सम्पादन गर्नेछन

- तोकिएको निर्देशनालयका सह सचिव वा सुपरिन्टेणडेन्ट इन्जिनियर समक्ष निर्णयका लागि पेश गरिएका फाइलको अभिलेख राख्ने, निर्णय पश्चात पुन अभिलेख राखी फाइल शाखामा पठाउने
- निर्देशनालयमा प्राप्त पत्र तथा फाइल व्यवस्थित गरी राख्ने ।
- सह सचिव वा सुपरिन्टेन्डेन्ट इन्जिनियर उपस्थित हुनुपर्ने बैठक, सभा, गोष्ठी र सम्मेलनहरुको कार्यतालिका बनाउने ।
- सह सचिव वा सुपरिन्टेन्डेन्ट इन्जिनियरको भेटघाट लाई व्यवस्थित गर्न सहयोग गर्ने, सम्पर्क सुत्रको काम गर्ने।
- दैनिकी कार्यको डायरी बनाई सह सचिव वा सुपरिन्टेणडेन्ट इन्जिनियर समक्ष जानकारी गराउने,
- निर्देशनालयका सामग्रीहरुको स्याहार सम्भार एवं संरक्षण गर्ने व्यवस्था मिलाउने
- निर्देशनालयलाई आवश्यक पर्ने मसलन्द सामग्रीको व्यवस्था गर्ने, टेलिफोन, फोटोकपी तथा फ्याक्स मेशिन संचालनको व्यवस्था गर्ने ।
- निर्देशनालयका निर्देशन अनुसारको विवरण तयार गरी उपलब्ध गराउने,
- तोकिएका अन्य कार्य गर्ने ।

**क.२. वित्तीय तथा खरिद व्यवस्थापन शाखा**

**१. पदको नामः निर्देशक,**

श्रेणीः रा.प. द्वितीय, सेवाः नेपाल प्रशासन, समूहः लेखा,
कार्य विवरण :

योजना, प्रशासन, तथा वित्तीय व्यवस्थापन निर्देशनालय अन्तर्गत रहने वित्तीय तथा खरिद व्यवस्थापन शाखाको जिम्मेवारी बहन गर्न नेपाल प्रशासन सेवा, लेखा समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका, निर्देशकले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्

- गत आ.व. को यथार्थ खर्च र चालु आ.व. को संशोधित अनुमानको आधारमा कार्यालयको आगामी बर्षको बार्षिक कार्यक्रम तथा बजेट अनुमान तयार गरी, गराई पेश गर्ने,
- कार्यालयका कर्मचारीहरुको तलब, भत्ता, संचयकोष, नागरिक लगानी कोष, बीमाकोष आदिको व्यवस्थापन गर्ने-गराउने लगायतका दैनिक आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने,
- कार्यालयको आम्दानी-खर्च, राजस्व/धरौटी कारोबारको श्रेस्ता प्रचलित कानून बमोजिम व्यवस्थित रुपमा राख्ने,

- लगानी बोर्डको लागि खडा हुने संभाव्यता न्यून परिपूरक कोष (भिजिएफ), जग्गा अधिग्रहण कोष (एलएएफ) तथा लगानी प्रवर्द्धन कोष (आईपिएफ) संचालनमा सहयोग गर्ने।
- आफ्नो इकाई अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- खर्चको फाँटवारी, आर्थिक विवरण लगायत प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने विवरण तयार गर्ने,
- कार्यालयको आर्थिक कारोबारको नियमितता सम्बन्धी कार्य गर्ने, आन्तरिक लेखा परीक्षण र लेखा परीक्षण गराउने,
- कार्यालयको नाममा रहेको बेरुजु फछ्यौट गर्ने गराउने,
- आर्थिक विषयमा राय-परामर्श माग भएको खण्डमा उपयुक्त राय-परामर्श उपलब्ध गराउने,
- प्रचलित ऐन नियमले तोकेका आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,
- माथिल्लो तहबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**२. पदको नामः लेखा अधिकृत,**

श्रेणीः रा.प. तृतीय, सेवाः नेपाल प्रशासन, समूहः लेखा, (वित्तीय तथा खरिद व्यवस्थापन शाखा)
कार्य विवरण

वित्तीय तथा खरिद व्यवस्थापन शाखाका निर्देशकको सामान्य निर्देशन र मार्गदर्शनमा रही, लेखा अधिकृतले कार्यालयको आर्थिक प्रशासन सम्बन्धी देहाय बमोजिमका कार्यहरु गर्नेछन्

- आगामी बर्षको बार्षिक कार्यक्रम तथा बजेट अनुमान तयार गरी पेश गर्ने,
- कार्यालयका कर्मचारीहरुको तलब, भत्ता, संचयकोष, नागरिक लगानी कोष, बीमा आदिको व्यवस्थापन गर्ने-गराउनने लगायतका दैनिक आर्थिक प्रशासन सम्बन्धी कार्यहरु गर्ने,
- कार्यालयको आम्दानी—खर्च, राजस्व, धरौटी कारोबारको श्रेस्ता प्रचलित कानून बमोजिम व्यवस्थितरुपमा राख्ने,
- आफ्नो शाखा अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- लगानी बोर्डको कार्यालय अन्तर्गत प्राप्तहुने राजश्वको पहिचान गरी प्राप्त आयलाई आम्दानी बाध्ने।
- खर्चको फाँटवारी, आर्थिक विवरण लगायत प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने विवरण तयार गरी पेश गर्ने,
- कार्यालयको आर्थिक कारोबारको नियमितरुपमा लेखा राख्ने, आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण गराउने, र कार्यालयको नाममा रहेको बेरुजु फछ्यौट गर्ने गराउने,
- भिजिएफ, एलएएफ, आइपिएफ जस्ता कोष संचालन कार्यमा निर्देशकलाई सहयोग गर्ने।
- परियोजनाको वित्तीय विश्लेषणको काममा अन्य शाखालाई सघाउने।
- आर्थिक विषयमा राय—परामर्श माग भएको खण्डमा निर्देशक मार्फत राय—परामर्श उपलब्ध गराउने,
- प्रचलित ऐन नियमले तोकेका आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,
- माथिल्लो तहबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**३.पदको नामः लेखापाल,**

श्रेणीः रा.प.अनं. प्रथम, सेवाः नेपाल प्रशासन समूहः लेखा
कार्य विवरण

वित्तीय तथा खरिद व्यवस्थापन शाखाका निर्देशक तथा लेखा अधिकृतको सामान्य निर्देशन र मार्गदर्शनमा रही, रा.प.अनं. प्रथम, लेखापालले कार्यालयको आर्थिक प्रशासन सम्बन्धी देहाय बमोजिमका कार्यहरु गर्नेछन्

- निर्देशक तथा लेखा अधिकृत बाट खटाइए बमोजिम बार्षिक कार्यक्रम तथा बजेट अनुमान तयार कार्यमा सहयोग गर्ने ,
- कार्यालयका कर्मचारीहरुको तलब, भत्ता, संचयकोष, नागरिक लगानी कोष आदि मासिक विवरण तयार गरी पेश गर्ने
- कार्यालयको आम्दानी—खर्च, राजस्व/धरौटी कारोबारको श्रेस्ता प्रचलित कानून बमोजिम तयार पार्ने।
- निर्देशक तथा लेखा अधिकृत बाट निर्देश गरिएका फाइल तथा अभिलेखहरु जिम्मा लिई सुरक्षित राख्ने,
- लगानी बोर्डको कार्यालय अन्तर्गत प्राप्तहुने राजश्वको आयलाई आम्दानी बाध्ने।
- खर्चको फाँटवारी, आर्थिक विवरण लगायत प्रचलित कानून बमोजिम तयार गरी पेश गर्ने,
- pकार्यालयको लेखाको कार्य, आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने, र कार्यालयको नाममा रहेको बेरुजु फछ्यौट नियमित गर्ने गराउने,
- भिजिएफ, एलएएफ, आइपिएफ जस्ता कोष संचालन कार्यमा निर्देशकलाई सहयोग गर्ने।
- प्रचलित ऐन नियमले तोकेका आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,
- माथिल्लो तहबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**क.३. कानून, विवाद निरुपण तथा फैसला कार्यान्वयन शाखा**

**१. पदको नामः उपसचिव,**

सेवा( नेपाल न्याय, समूहः कानून, श्रेणीः रा.प. द्धितीय
कार्य विवरणः

योजना, प्रशासन, तथा वित्तीय व्यवस्थापन निर्देशनालय अन्तर्गत रहने **कानून, विवाद निरुपण तथा फैसला कार्यान्वयन शाखा**को जिम्मेवारी बहन गर्न नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कित द्धितीय श्रेणी, उप सचिव (कानून)ले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्

- लगानी बोर्ड, बोर्डका प्रमुख कार्यकारी अधिकृत तथा कार्यालयलाई विपक्षी बनाई परेका रिट निवेदन तथा मुद्दाहरूको लिखित जवाफ तयार गर्ने, प्रतिबाद गर्ने लगायतका सम्पूर्ण कानूनी प्रक्रियाहरू पूरा गर्ने, सोको संयोजन गर्ने गराउने,
- लगानीको क्षेत्रमा देखिएका कानूनी समस्याहरू पहिचान गरी लगानी(मैत्री कानूनको निर्माणको लागि आवश्यक अध्ययन अनुसन्धान गरी योजना, प्रशासन तथा वित्तीय व्यवस्थापन निर्देशनालयमार्फत् कार्यालयमा प्रतिवेदन पेश गर्ने,

- लगानी बोर्ड ऐन तथा नियमावलीमा सामयिक परिमार्जन, सुधार तथा संशोधन गर्नुपर्ने भए सो सम्बन्धी अध्ययन गरी आवश्यक गृहकार्य गरी राय पेश गर्ने,
- आफ्नो शाखा अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- परियोजना विकास सम्झौता र परियोजना लगानी सम्झौताका लागि विकासकर्ता, लगानीकर्तासँग हुने वार्तामा सहभागी हुने, सहुलियत संझौताको मस्यौदा तयार पार्ने।
- लगानी बोर्डको कार्यालयका लागि आवश्यक पर्ने कार्य संचालन प्रक्रिया (SOP) लगायत अन्य कानूनी दस्तावेजको मस्यौदा तयार गर्ने र अन्य निर्देशनालय वा शाखाबाट तयार गरिएको मस्यौदामा राय परामर्श प्रदान गर्ने,
- परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता गरिएका विकासकर्ताहरुसँग कुनै विवाद आइपरेमा उक्त परियोजना विकास सम्झौता तथा  प्रचलितकानून बमोजिम समाधानका उपाय पहिचान गरी सिफारिस गर्ने,
- अन्तरसरकारी निकाय र विकासकर्ताबिच जग्गा, बन, वातावरण लगायतका विषयमा परियोजना विकास सम्झौता र परियोजना लगानी सम्झौता कार्यान्यवनको क्रममा विवाद सिर्जना भएमा प्रचलित कानून अनुसार विवाद समाधान गर्न कानूनी राय उपलब्ध गराउने,
- बोर्ड, प्रमुख  कार्यकारी अधकृत, सचिव तथा कार्यालयका अन्य निर्देशनालय र शाखाबाट कानूनी राय परामर्श माग भएको खण्डमा कानूनसम्मत राय परामर्श उपलब्ध गराउने,
- उपल्लो तहबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**२. पदको नामः कानून अधिकृत,**

श्रेणी राप तृतीय, सेवा नेपाल न्याय, समूह र उपसमूहः  कानून, (कानून, विवाद निरुपण तथा फैसला कार्यान्वयन शाखा)

कार्य विवरण

नेपाल न्याय सेवा, कानून समूह, राजपत्राङ्कति तृतीय श्रेणी, कानून अधिकृतले कानून, विवाद निरुपण तथा फैसला कार्यान्वयन शाखा मातहत रही कार्यालयमा आइपर्ने कानून सम्बन्धी देहाय बमोजमिका कार्यहरु सम्पादन गर्नेछन्:-

- लगानी बोर्ड, बोर्डका प्रमुख कार्यकारी अधिकृत तथा कार्यालयलाई विपक्षी बनाई परेका रिट निवेदन तथा मुद्दाहरूको लिखित जवाफ तयार गर्ने, प्रतिवाद गर्ने लगायतका सम्पूर्ण कानूनी प्रक्रियाहरू पूरा गर्न निर्देशकलाई सघाउने।
- लगानीको क्षेत्रमा देखिएका कानूनी समस्याहरू सम्बोधनका लागि आवश्यक अध्ययन अनुसन्धान गरी शाखा प्रमुख मार्फत प्रतिवेदन पेश गर्ने,
- लगानी बोर्ड ऐन तथा नियमावलीमा सामयिक परिमार्जन, सुधार तथा संशोधन कार्यमा सघाउने।
- आफ्नो शाखा अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- परियोजना विकास सम्झौता र परियोजना लगानी सम्झौताका लाग विकासकर्ता, लगानीकर्तासँग हुने वार्तामा निर्देशक संगै सहभागी हुने, सहुलियत संझौताको मस्यौदा तयार पार्न सघाउने।

- लगानी बोर्डको कार्यालयका लागि आवश्यक पर्ने कार्य संचालन प्रक्रिया (SOP) र अन्य कानूनी दस्तावेजको मस्यौदा तयार गर्ने र विभिन्न मस्यौदामा राय  दिने,
- परियोजना विकास सम्झौता, लगानी सम्झौतामा कुनै विवाद आइपरेमा समाधानका उपाय पहिचान गरी शाखा मार्फत सिफारिस गर्ने,
- अन्तरसरकारी निकाय र विकासकर्ताबिच विवाद सिर्जना भएमा प्रचलित कानून अनुसार विवाद समाधान गर्न कानूनी राय उपलब्ध गराउन सघाउने।
- कानूनी राय परामर्श माग भएको खण्डमा कानूनसम्मत राय परामर्श उपलब्ध गराउने,
- उपल्लो तहबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**क.४ योजना, अनुगमन, मूल्याङ्कन तथा गुनासो सुनुवाई शाखा**

**१. पदको नाम  निर्देशक,**

श्रेणी  रा.प. द्वितीय,  सेवा नेपाल प्रशासन, समूह/उपसमूह सामान्य प्रशासन,
कार्य विवरण :

योजना, प्रशासन, तथा वित्तीय व्यवस्थापन निर्देशनालय अन्तर्गत रहने योजना, अनुगमन, मूल्याङ्कन तथा गुनासो सुनुवाई शाखाको जिम्मेवारी बहन गर्न नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणी, निर्देशकले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्ः-

- लगानी बोर्डको कार्यालयको वार्षिक कार्य योजना र बजेट (एडब्लुपिबि) तयारी गरी पेश गर्ने।
- लेखाजोखा तथा पिडिए गरिएका परियोजनाहरुको नियमित अनुगमन गरी कार्य योजनामा उल्लेखित समय तालिका अनुसार प्रगति भए नभएको प्रतिबेदन गर्ने।
- अनुगमन तथा सहजीकरण समितिलाई आवश्यक सूचनाहरुको आदान प्रदान गर्ने,
- अनुगमन तथा सहजीकरण समितिबाट प्राप्त निर्देशन बमोजिमका अनुगमन तथा सहजीकरण कार्य गर्ने।
- परियोजनाहरुको मुल्याङ्कन गर्ने मापदण्ड तयार गरी उक्त कार्यमा संलग्न रहने।
- परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता गरिएका विकासकर्ताहसँग कुनै गुनासो आइपरेमा उक्त परियोजना विकास सम्झौता तथा  प्रचलितकानून बमोजिम समाधानका उपाय पहिचान गरी सिफारिस गर्ने, साथै कार्यालय भित्रका गुनासो सुनुवाइको संयन्त्र बनाई कार्यान्वयनमा लैजाने।
- बोर्ड, प्रमुख  कार्यकारी अधिकृत, सचिव तथा निर्देशनालयबाट अनुगमन, मूल्याङ्कन शाखाले गर्ने गरी तोकिएका कार्य गर्ने, तथा लगानी सहजिकरण सम्बन्धी  कार्यमा सघाउने,
- उपल्लो तहबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

२. पदको नामः  शाखा अधिकृत,

श्रेणीः  रा.प. तृतीय,  सेवाः नेपाल प्रशासन, समूह/उपसमूह सामान्य प्रशासन,
कार्य विवरण :

योजना, अनुगमन, मूल्याङ्कन तथा गुनासो सुनुवाई शाखाका निर्देशकको सुपरिवेक्षणमा रही नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृतले देहायबमोजिमका कार्यहरू सम्पादन गर्नुपर्नेछः-

- लगानी बोर्डको कार्यालयको वार्षिक कार्य योजना र बजेट (एडब्लुपिबि) तयारी गर्न सघाउने।
- लेखाजोखा तथा पिडिए गरिएका परियोजनाहरुको नियमित अनुगमन गरी कार्य योजनामा उल्लेखित समय तालिका अनुसार प्रगति भए नभएको प्रतिबेदन गर्ने।
- परियोजनाहरुको मूल्याङ्कन गर्ने मापदण्ड तयार गर्ने कार्यमा सरिक भै  स्वीकृती पश्चात कार्यान्वयनमा लैजाने।
- परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता गरिएका विकासकर्ताहसँग कुनै गुनासो आइपरेमा उक्त परियोजना विकास सम्झौता तथा  प्रचलितकानून बमोजिम समाधानका उपाय पहिचान गरी सिफारिस गर्ने, साथै गुनासो सुनुवाइ डेस्क अफिसरको रुपमा काम गर्ने।
- निर्देशकबाट तोकिएका अनुगमन, मूल्याङ्कन कार्य गर्ने, तथा लगानी सहजिकरण सम्बन्धी  कार्यमा सघाउने।
- उपल्लो तहबाट तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

**ख. सार्बजनिक निजी साझेदारी निर्देशनालय**

**१. पदको नामः सुपरिन्टेन्डेन्ट इन्जिनियर (सु.इ.),**

श्रेणीः रा.प.प्रथम, सेवाः ने.इ.से. समूहः सिभिल उपमूहः जनरल,
कार्य विवरण:

सार्बजनिक निजी साझेदारी तथा लगानी ऐन तथा नियमावलीमा भएका कानुनी व्यवस्थाका आधारमा सचिवको निकटतम सहयोगीको रुपमा नेपाल इन्जिनीयरिंग सेवा, सिभिल समूह, जनरल उपसमूहका राजपत्राङ्कित प्रथम श्रेणी, सुपरिटेनडेन्ट इन्जिनियरले सार्बजनिक निजी साझेदारी निर्देशनालयको प्रमुखको रुपमा प्रत्यायोजित अधिकार अनुसारका कार्यहरुका अतिरिक्त देहाय अनुसारका कामहरु सम्पादन गर्नेछन् :-

- निर्देशनालय संग सम्बन्धित लगानी बोर्ड तथा नेपाल सरकारका निर्णयहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्ने गराउने,
- सानिसा प्रवर्द्धन तथा परियोजना विकासमा संघ, प्रदेश तथा स्थानीय तहका निकायहरुको क्षमता अभिबृदीका कर्क्रम संचालन गर्नुका साथै अन्तर निकाय समन्वय गर्ने,
- संघ, प्रदेश तथा स्थानीय तहमा सानिसा अन्तर्गतका परियोजनाको तर्जुमा तथा बिकासलाइ सहजीकरण गर्दा सानिसा तथा लगानी ऐनको दफा १४ एबं परिच्छेद ३ तथा नियमावलीको परिच्छेद ३ र तत् तत् संग सम्बन्धित अन्य दफा तथा नियम समेतका कार्य कार्यालयले तोके अनुसार गर्ने गराउने,

- संघ, प्रदेश र स्थानीय तहमा सानिसा प्रबर्दन तथा परियोजनाको तर्जुमा र बिकासमा लगानी बोर्डको कार्यालयको तर्फबाट सहजीकरण गर्ने र तिनै तहमा सानिसा तथा बैदेशिक लगानीको आयोजना बैंक (Project Bank) बनाउन पहल गर्ने
- सानिसा तथा बैदेशिक लगानीका आयोजनाको प्रक्रिया सहज बनाउन सुचना तथा संचार प्रविधिको अधिकतम उपयोग गर्ने गरी ICT कार्यक्रम निर्माण गर्ने गराउने,
- बोर्डको निर्णयले नेपालमा लगानी अनुमति पाएका सानिसा तथा बैदेशिक लगानी अन्तर्गतका परियोजनाहरुको प्रभावकारीताका लागि आवश्यक पृष्ठपोषण दिने प्रयोजनार्थ मातहतका शाखा तथा इकाईहरुलाई परिचालन गर्ने व्यवस्था मिलाउने,
- लगानी बोर्डको कार्यालय तथा तिनै तहका सरकारी निकायहरुबाट संचालन हुने तथा भएका सानिसा तथा बैदेशिक लगानी परियोजनाहरुको तथ्यांक वेबसाईटमा अध्यावधिक गर्ने गराउने, सानिसा तथा बैदेशिक लगानी सम्बन्धी सुचनाहरु ब्यबस्थित गर्ने गराउने,
- निर्देशनालयको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने,
- अनुगमन तथा सहजीकरण समितिको सदस्य सचिवको रुपमा काम गर्ने।
- निर्देशनालय संग सम्बन्धित सरकारी कर्मचारीहरु, विज्ञ तथा परामर्शदाताहरु परिचालन, सुरपरीवेक्षण र नियन्त्रण गर्ने, गर्न लगाउने। सानिसा तथा बैदेशिक लगानीका परियोजना विकास तथा ब्यबस्थापनका लागि विभिन्न मन्त्रालय तथा सरकारी निकायहरुबीचको समन्वय र सम्बन्ध निर्माण गर्ने,
- विदेशी लगानीकर्ताहरु र विकास साझेदारहरुबीच सम्बन्ध विकास गर्ने तथा कार्यालयलाई आवश्यक वैदेशिक सहयोग जुटाउन पहल गर्ने ,
- निर्देशनालयले सम्पन्न गर्नु पर्ने कार्यहरु सुचारु रुपले सम्पादनको लागि निर्देशन दिने, अनुगमन गर्ने
- निर्देशनालय सम्बन्धी काममा प्रमुख कार्यकारी अधिकृत र सचिव बाट निर्देशन लिनुपर्ने देखिएको विषय बाहेक अन्य विषयमा कारवाही टुंङ्गगो लगाउने वा निर्देशन दिने,
- निर्देशनालय अन्तर्गतका रा.प.द्वितीय श्रेणीका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फाराम सुपरीवेक्षकको रुपमा मूल्यांकन गर्ने, रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको पुनरावलोकनकर्ता भई मूल्यांकन गर्ने र कार्यालयमा कार्यरत राजपत्र अनंकित कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनको लागि पुनरावलोकन समितिको अध्यक्षको रुपमा कार्य गर्ने,
- विदेशमा हुने सभा सम्मेलन वा तालिममा निर्देशानालयको तर्फवाट पठाउन प्रतिनिधि वा प्रतिनिधित्व, वा कर्मचारीको सिफारिश गर्ने,
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्थापन, अनुगमन र समयानुकुल सुधार गर्ने कार्यमा सहजीकरण गर्ने,
- कार्यकारी प्रमुख तथा सचिबसँग समन्वय गरी प्राविधिक तथा वैदेशिक सहयोग समन्वय र व्यवस्थापनका कामहरू गर्ने गराउने एवं वैदेशिक सहयोग परिचालन एवं समन्वयको कार्य गर्ने,
- निर्देशनालय संग सम्बन्धित कार्यका लागि काम गर्न आउने विदेशी बिज्ञ वा कामदारको कार्य सहमति, श्रम स्वीकृति वा भिसाको सिफारिश गर्ने,
- बोर्डसमक्ष पठाउने प्रस्ताव तयार गर्ने, गराउने र त्यसको अभिलेख राख्ने र राख्न लगाउने एवं बोर्डको निर्णय कार्यान्वयन गर्ने गराउने,

- प्रचलित ऐन—कानून बमोजिम सम्पादन गर्नुपर्ने अन्य कार्य र प्रमुख कार्यकारी अधिकृत एबं सचिबको निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने।

**ख.१. सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा आयोजना विकास सहयोग शाखा (संघीय तह)**

**१. पदः सिनियर डिभिजनल इञ्जिनियर (सि.डि.इ.),**

श्रेणीः रा.प. द्वितीय, सेवाः नेपाल इन्जिनियरिङ्ग, समूहः सिभिल, उपसमूहः जनरल,
कार्य विवरण :

सार्वजनिक-निजी साझेदारी निर्देशनालय अन्तर्गत रहने सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा परियोजना विकास सहयोग शाखा (संघीय तह)को जिम्मेवारी बहन गर्न नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहका राजपत्राङ्कित द्वितीय श्रेणी, सि.डि.इ. ले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्ः-

- सानिसा तथा लगानी ऐनको दफा १४, परिच्छेद ३ एबं नियमावलीको परिच्छेद ३ समेतका कार्य कार्यालय/निर्देशनालयले तोके अनुसार गर्ने गराउने,
- सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग शाखाले नेपाल सरकारद्वारा प्राथमिकता प्राप्त क्षेत्रहरूमा संघीय तहका परियोजनाहरुको तर्जुमा लगायतका कार्यमा अन्तर निकाय समन्वय गर्ने।
- संघीय तहमा कार्यान्वयन हुने सानिसा परियोजनाका लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिबेदन, वातावरणीय प्रभाव मूल्यांकन र तथा सामाजिक प्रभाव मूल्यांकनका साथै संघीय तहका सानिसा अन्तर्गतका आयोजना बैंक (Project Bank) तयार गर्ने तथा खरिदमा आबश्यक (जस्तै अबधारणा नोट, DPR, EOI, RFP, SPD लगायतका नमुना कागजाद तयार गर्नमा) सहजीकरण गर्ने।
- संघीय तहका निकायलाई सानिसा तथा बैदेशिक लगानी सम्बन्धी परियोजना विकासमा क्षमता अभिबृदीका कार्यक्रम संचालन गर्ने।
- संघीय तहका निकायहरूलाई सानिसा तथा बैदेशिक लगानीका मोडेलमा परियोजना पहिचान तथा संरचना निर्माणका लागि आवश्यक प्राविधिक परामर्श तथा नीतिगत सिफारिस गर्ने।
- शाखा र मातहतका इकाइका कर्मचारीबाट सम्पादन हुने कार्यका लागि निर्देशन दिने, अनुगमन गर्ने, रेखदेख गर्ने, नियन्त्रण गर्ने,
- निर्देशनालयबाट शाखा संग सम्बन्धित बिषयको राय माग भएको फाइलमा शाखाको राय सहित समयमै पेश गर्ने,
- बोर्ड र नेपाल सरकारबाट भएका कार्यालयसंग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्ने गराउने,
- सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूको रणनीति निर्माण तथा मापदण्ड विकास गर्न संघीय निकायहरु संग सहकार्य गर्ने।

- सानिसा तथा बैदेशिक लगानी अन्तर्गत परियोजनाको डिजाइन, जोखिमा व्यवस्थापन, लागत अनुमान तथा सार्वजनिक-निजी साझेदार छनोट प्रक्रिया निर्माणमा समन्वय तथा सहजीकरण गर्ने।
- सानिसा प्रवर्द्धन तथा परियोजना विकास सम्बन्धमा हुने सभा, गोष्ठी तथा सेमिनारमा तोकिए बमोजिम भाग लिने।
- शाखा अन्तर्गतका कर्मचारीहरु मध्ये रा.प. तृतीय श्रेणीका कर्मचारीको सुपरिवेक्षक भै कार्यसम्पादन मूल्यांकन गर्ने तथा रा.प. अनंकित कर्मचारीहरुको कार्य संपादन मूल्याङ्कन पुनरावलोकनकर्ताको रुपमा गर्ने।
- अधिनस्थ कर्मचारीहरुको अध्ययन र असाधारण बिदा बाहेक अन्य बिदा शाखाको काम नरोकिने व्यवस्था मिलाई स्वीकृत गर्ने।
- आफ्नो कार्य प्रति उदासिन रही काम संतोषजनक ढंगले नगर्ने, पूर्व स्वीकृति नलिई बराबर अनुपस्थित रहने एवं अनुशासनहीन काम गर्ने कर्मचारीलाई आवश्यक कारबाहीको लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने।
- प्रचलित ऐन कानुन बमोजिम सम्पादन गर्नु पर्ने कार्यका साथै सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग कार्यमा कार्यकारी प्रमुख, सचिब, निर्देशनालय प्रमुखबाट तोकिएका अन्य कार्यहरु गर्ने।

२. **पदः विद्युत इन्जिनियर, श्रेणीः रा.प. तृतीय,**

सेवाः नेपाल इन्जिनियर सेवा, समूहः इलेक्ट्रिकल, उपसमूहः जनरल इलेक्ट्रिकल, सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा आयोजना विकास सहयोग शाखा (संघीय तह)

कार्य विवरण :

सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा आयोजना विकास सहयोग शाखा (संघीय तह) का शाखा प्रमुख सि.डि.इ. को सुपरिवेक्षणमा विद्युत इन्जिनियरले देहाय बमोजिमका कार्य सम्पादन गर्ने छन्:

- सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग कार्यमा जलविद्युत् तथा ऊर्जा लगायतका परियोजनाहरूको विकासमा डेस्क अधिकृतको रुपमा कार्य गर्ने।
- सानिसा तथा बैदेशिक लगानी अन्तर्गतका परियोजनाहरूको पहिचान, संरचना विकास तथा कार्यान्वयन प्रक्रियामा शाखाको तर्फबाट प्रतिनिधित्व गर्ने।
- उर्जा सम्बन्धि परियोजनाहरूको ऊर्जा आपूर्ति प्रणाली, प्रसारण लाइन तथा ग्रिड एकीकरण सम्बन्धी विषयहरूमा समन्वय तथा सहजीकरण गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनाका बिषय गत परियोजनाहरुको लगत राख्ने।
- सानिसा प्रवर्द्धन कार्यमा सरकारी निकाय तथा निजी क्षेत्रको क्षमता अभिबृदी योजना बनाउने।
- ऊर्जा क्षेत्रको परियोजनाहरूको विकासमा संघका संम्बन्धित निकायहरुसंग सहजीकरण गर्ने।
- परियोजना कार्यान्वयनमा आउन सक्ने प्राविधिक तथा प्रशासनिक अवरोधहरूको पहिचान गरी समाधानका लागि रणनीतिक सुझाव दिने।

- आफ्नो इकाई अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- नयाँ परियोजनाहरु पहिचान तथा विकास गर्ने,
- सम्बन्धित बिषयमा हुने सभा, गोष्ठी तथा सेमिनारमा खटाइए अनुसार भाग लिने,
- आफू मातहतका कर्मचारीहरुको सुपरीवेक्षण, निर्देशन, नियन्त्रण गर्ने र सुपरीवेक्षक भै कार्य सम्पादन मूल्यांकन गर्ने,
- आफ्नो इकाईसँग सम्बन्धित विषयमा बोर्ड तथा कार्यालयस्तरमा भएका निर्णयहरु प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने,
- इकाईबाट सम्पादन भएका कार्यहरुको प्रगति प्रतिवेदन महिना समाप्त भएको तीन दिन भित्र शाखा प्रमुखलाई उपलव्ध गराउने,
- सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग कार्यमा शाखाले तोकेका अन्य कार्यहरु गर्ने।

**ख.२. सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा आयोजना विकास सहयोग शाखा (प्रदेश तथा स्थानीय तह)**

**१. पदः सिनियर डिभिजनल इन्जिनियर,**

श्रेणीः रा.प. द्वितीय, सेवाः नेपाल इन्जिनियरिङ्ग, समूहः सिभिल, उपसमूहः जनरल,
कार्य विवरणः

सार्वजनिक-निजी साझेदारी निर्देशनालय अन्तर्गत रहने सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा परियोजना विकास सहयोग शाखा (प्रादेशिक तथा स्थानीय तह)को जिम्मेवारी बहन गर्न नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूहका राजपत्राङ्कित द्वितीय श्रेणी, सि.डि.इ. ले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्

- सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग शाखा प्रमुखको रुपमा नेपाल सरकारद्वारा प्राथमिकता प्राप्त क्षेत्रहरूमा प्रदेश तथा स्थानीय तहमा परियोजना तर्जुमा लगायतका कार्यमा समन्वय गर्ने।
- प्रदेश तथा स्थानीय तहमा सानिसा अन्तर्गतका परियोजनाका सम्बन्धमा सानिसा तथा लगानी ऐनको दफा १४, परिच्छेद ३ एवं नियमावलीको परिच्छेद ३ समेतका कार्य कार्यालय/निर्देशनालयले तोके अनुसार सहजीकरण गर्ने गराउने,
- प्रदेश तथा स्थानीय तहका लागि सानिसा तथा बैदेशिक लगानी सम्बन्धी आयोजना बैंक (Project Bank) तयार गर्न सहजीकरण गर्ने।
- प्रदेश तथा स्थानीय तहका निकायलाइ सानिसा तथा बैदेशिक लगानी सम्बन्धी परियोजना विकासमा क्षमता अभिबृदीका कार्यक्रम संचालन गर्ने।
- प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने सानिसा परियोजनाका लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिबेदन, वातावरणीय प्रभाव मूल्यांकन तथा सामाजिक प्रभाव मूल्यांकन तथा खरिदमा आबश्यक (जस्तै अबधारणा नोट, DPR, EOI, RFP, SPD लगायतका नमुना कागजाद तयार गर्नमा) सहजीकरण गर्ने।

- प्रदेश तथा स्थानीय तहका निकायहरूलाई सानिसा तथा बैदेशिक लगानी अन्तर्गत परियोजना पहिचान, अध्ययन, विकास तथा कार्यान्वयन प्रक्रियामा आवश्यक परामर्श तथा प्राविधिक सहयोग उपलब्ध गराउने।
- शाखा र मातहतका` इकाइका कर्मचारीबाट सम्पादन हुने कार्यका लागि निर्देशन दिने, अनुगमन गर्ने, रेखदेख गर्ने, नियन्त्रण गर्ने,
- निर्देशनालयबाट शाखा संग सम्बन्धित बिषयको राय माग भएको फाइलमा शाखाको राय सहित समयमै पेश गर्ने,
- सानिसा प्रवर्द्धन तथा परियोजना विकास सम्बन्धी विषयमा हुने सभा, गोष्ठी तथा सेमिनारमा तोकिए बमोजिम भाग लिने।
- शाखा अन्तर्गतका कर्मचारीहरु मध्ये रा.प. तृतीय श्रेणीका कर्मचारीको सुपरिवेक्षक भै कार्यसम्पादन मूल्यांकन गर्ने तथा रा.प. अनंकित कर्मचारीहरुको कार्य संपादन मूल्याङ्कन पुनरावलोकनकर्ताको रुपमा गर्ने।
- अधिनस्थ कर्मचारीहरुको अध्ययन र असाधारण बिदा बाहेक अन्य बिदा शाखाको काम नरोकिने व्यवस्था मिलाई स्वीकृत गर्ने।
- आफ्नो कार्य प्रति उदासिन रही काम संतोषजनक ढंगले नगर्ने, पूर्व स्वीकृति नलिई बराबर अनुपस्थित रहने एवं अनुशासनहीन काम गर्ने कर्मचारीलाई आवश्यक कारबाहीको लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने।
- सानिसा तथा बैदेशिक लगानी परियोजनाहरूलाई पारदर्शी तथा प्रतिस्पर्धात्मक बनाउन प्रदेश तथा स्थानीय तहका निकायहरूलाई परियोजना संरचना तथा जोखिमा व्यवस्थापनमा सहजीकरण गर्ने।
- प्रदेश तथा स्थानीयतहका निकायहरुका लागि जोखिम व्यवस्थापन, वित्तीय संरचना विकास (Financial Structuring) तथा सार्वजनिक-निजी साझेदारीका लागि उचित मोडेल पहिचान गर्ने।
- वित्तीय मोडेल (Financial Model) को विकास, लागत अनुमान तथा वित्तीय स्रोत परिचालनको कार्यमा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने।
- सानिसा तथा बैदेशिक लगानी अन्तर्गत निर्माण कार्यको गुणस्तर तथा समयानुसार कार्यान्वयन सुनिश्चित गर्न निरीक्षण, अनुगमन तथा मूल्यांकनमा समन्वय तथा सहजीकरण गर्ने।
- प्रचलित ऐन कानुन बमोजिम सम्पादन गर्नु पर्ने कार्यका साथै सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग कार्यमा कार्यकारी प्रमुख, सचिब, निर्देशनालय प्रमुखबाट तोकिएका अन्य कार्यहरु गर्ने।

**२. पदः इञ्जिनियर,**

श्रेणीः रा.प. तृतीय, सेवाः नेपाल इन्जिनियरिङ्ग, समूहः सिभिल, उपसमूहः जनरल,
कार्य विवरण

सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन तथा आयोजना विकास सहयोग शाखा (प्रदेश तथा स्थानीय तह) का शाखा प्रमुख सि.डि.इ. को सुपरिवेक्षणमा इन्जिनियरले देहाय बमोजिमका कार्य सम्पादन गर्ने छन्ः-

- सानिसा तथा लगानी ऐन बमोजिम कार्यान्वयन हुने भौतिक पूर्वाधार सम्बन्धी परियोजनाहरुको लगानी प्रस्तावको मूलतः प्राविधिक तथा वित्तीय पक्षको अध्ययन, पुनरावलोकन र विश्लेषण गरी कार्यालय र बोर्डलाई राय-सुझाव उपलव्ध गराउने,

- परियोजना लगानी सम्झौता वा परियोजना विकास सम्झौता बमोजिम परियोजना कार्यान्वयन भए-नभएको अनुगमन-निरीक्षण गरी चालिनुपर्ने कदमहरुका बारेमा शाखा समक्ष पेश गर्ने,
- शाखा प्रमुखको निर्देशनमा प्रदेश तथा स्थानीय तहका सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूको पूर्वाधार विकासमा सहजीकरण गर्ने।
- प्रदेश तथा स्थानीय तहका सानिसा तथा बैदेशिक लगानी अन्तर्गत सडक, पुल, यातायात, जलविद्युत् तथा अन्य पूर्वाधार परियोजनाहरूको प्राविधिक अध्ययन गर्न सघाउने।
- प्रदेश तथा स्थानीय तहका परियोजनाका लागि आवश्यक इन्जिनियरिङ डिजाइन, निर्माण प्रक्रिया अनुगमन तथा गुणस्तर नियन्त्रणमा संलग्न हुने।
- प्रदेश तथा स्थानीय तहका सानिसा परियोजनाका लागि सरकारी निकाय तथा निजी क्षेत्रसँग समन्वय गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूको सर्वेक्षण, सम्भाव्यता अध्ययन तथा डिजाइन निर्माणका लागि सरकारी निकायहरूसँग सहकार्य गर्ने।
- सानिसा तथा बैदेशिक लगानी अन्तर्गतका निर्माण परियोजनाहरूको इन्जिनियरिङ मूल्यांकन तथा लागत विश्लेषण गर्न सघाउने।
- आफ्नो इकाई अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- नयाँ परियोजनाहरु पहिचान तथा विकास गर्ने,
- सम्बन्धित बिषयमा हुने सभा, गोष्ठी तथा सेमिनारमा खटाइए अनुसार भाग लिने,
- आफू मातहतका कर्मचारीहरुको सुपरीवेक्षण, निर्देशन, नियन्त्रण गर्ने र सुपरीवेक्षक भै कार्य सम्पादन मूल्यांकन गर्ने,
- आफ्नो इकाईसँग सम्बन्धित विषयमा बोर्ड तथा कार्यालयस्तरमा भएका निर्णयहरु प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने,
- इकाईबाट सम्पादन भएका कार्यहरुको प्रगति प्रतिवेदन महिना समाप्त भएको तीन दिन भित्र शाखा प्रमुखलाई उपलव्ध गराउने,
- सानिसा प्रवर्द्धन तथा परियोजना विकासमा प्रदेश तथा स्थानिय तहको लागि क्षमता विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा कार्यालय/शाखाले तोकेअनुसार गर्ने।
- सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग कार्यमा कार्यालय/शाखाले तोकेका अन्य कार्यहरु गर्ने।

**ख.३. सूचना प्रविधि तथा तथ्यांक शाखा**

**१. पदः वरिष्ठ कम्प्युटर इन्जिनियर,**

श्रेणीः रा.प. द्वितीय, सेवाः नेपाल विविध
कार्य विवरणः

सार्वजनिक-निजी साझेदारी निर्देशनालय अन्तर्गत रहने **सूचना प्रविधि तथा तथ्यांक शाखा**को जिम्मेवारी बहन गर्न नेपाल विविध सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, वरिष्ठ कम्प्युटर इन्जिनियरले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्ः-

- लगानी बोर्डको कार्यालयमा सानिसा तथा बैदेशिक लगानी सम्बन्धी डिजिटल प्रणाली (Digital Platforms) को विकास, परीक्षण, कार्यान्वयन तथा सुधार गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूका लागि आवश्यक डिजिटल डाटाबेस व्यवस्थापन तथा लगानी सम्बन्धी तथ्यांक सङ्कलन, विश्लेषण तथा रिपोर्टिङ प्रणाली निर्माण गर्ने।
- लगानी बोर्डको कार्यालयको लागि आबश्यक पर्ने सूचना प्रविधि तथा साइबर सुरक्षा नीतिहरू निर्माण र कार्यान्वयन गर्ने।
- परियोजना संचालन हुने प्रदेश तथा स्थानीय तहमा सरोकारवाला हरुलाई डिजिटल प्रणाली सञ्चालन सम्बन्धि आबश्यक कार्य गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूका लागि आवश्यक डिजिटल प्रणालीहरू - एकल बिन्दु सेवा केन्द्र, लगानी पोर्टल, डिजिटल ग्रिभ्याँस रेड्रस्सल प्रणाली, ई-भुक्तानी, अनलाइन लाइसेन्ससिंग प्रणाली आदिको विकास, परीक्षण तथा कार्यान्वयनको नेतृत्व गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनासँग सम्बन्धित सूचना प्रविधि रणनीति (IT Strategy) निर्माण गर्ने।
- साइबर सुरक्षा नीति तथा डाटा सुरक्षासम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने।
- डिजिटल प्रविधिको अधिकतम उपयोग गर्न विभिन्न शाखा, डेस्क, एकल बिन्दु सेवा केन्द्र लगायत कार्यालयका कर्मचारीहरूलाई आवश्यक IT प्रविधिगत तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- प्रचलित ऐन कानुन बमोजिम सम्पादन गर्नु पर्ने कार्यका साथै निर्देशनालयले तोकेका अन्य कार्यहरु गर्ने।

**२. पदः कम्प्युटर इञ्जिनियर,**

श्रेणीः रा.प. तृतीय, सेवाः विविध (सूचना प्रविधि तथा तथ्यांक शाखा)

कार्य विवरणः

सूचना प्रविधि तथा तथ्यांक शाखा प्रमुख वरिष्ठ कम्प्युटर इन्जिनियर को सुपरिवेक्षणमा कम्प्युटर इन्जिनियरले देहाय बमोजिमका कार्य सम्पादन गर्ने छन्ः-

- लगानी बोर्डको कार्यालयलाई आबश्यक डिजिटल प्लेटफर्महरू निर्माण, सञ्चालन तथा व्यवस्थापन मा संग्लग्न हुने।

- सानिसा तथा बैदेशिक लगानीका  परियोजनाहरूलाई प्रवर्द्धन तथा कार्यान्वयन गर्न आवश्यक वेब एप्लिकेसन, मोबाइल एप्लिकेसन तथा डिजिटल प्रणालीहरू निर्माण तथा व्यवस्थापन मा परामर्श गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूको डिजिटल ड्यासबोर्ड तथा रिपोर्टिङ प्रणालीको डिजाइन गर्ने।
- डिजिटल प्रणालीहरूमा आउने प्राविधिक समस्या पहिचान गरी आवश्यक सुधार कार्यान्वयन गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूका लागि IT सुरक्षा रणनीति निर्माण तथा Digital निगरानी अपनाउने  ।
- प्रचलित ऐन कानुन बमोजिम सम्पादन गर्नु पर्ने कार्यका साथै शाखाले तोकेका अन्य कार्यहरु गर्ने।

**३. पदः तथ्यांक अधिकृत,**

श्रेणीः रा.प. तृतीय, सेवाः नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा, समूहः तथ्यांक (सूचना प्रविधि तथा तथ्यांक)
कार्य विवरणः

सूचना प्रविधि तथा तथ्यांक शाखा प्रमुख वरिष्ठ कम्प्युटर इन्जिनियर को सुपरिवेक्षणमा तथ्यांक अधिकृतले देहाय बमोजिमका कार्य सम्पादन गर्ने छन्:-

- लगानी बोर्डको कार्यालयको कार्यक्षेत्र संग सम्बन्धित तथ्यांक अध्यावधिक गर्ने।
- सानिसा तथा बैदेशिक लगानी अन्तर्गतका परियोजनाको तथ्यांक आबश्यकता अनुसार अनुगमन तथा मुल्यांकन प्रयोजनका लागि उपलब्ध गराउने।
- परियोजना बिष्लेषणका लागि आबश्यक तथ्यांकको खोजी गर्ने तथा कार्यालयलाई उपलब्ध गराउने।
- सानिसा तथा बैदेशिक लगानीका परियोजनासँग सम्बन्धित तथ्यांक सङ्कलन, विश्लेषण तथा रिपोर्टिङ प्रणाली विकास गर्न सहजीकरण गर्ने।
- सानिसा तथा लगानी प्रवर्द्धन, अनुगमन तथा मुल्यांकन गर्न आवश्यक तथ्यांक भण्डारण तथा तथ्यांक विश्लेषण प्रणाली निर्माण तथा व्यवस्थापन गर्ने।
- संघ, प्रदेश तथा स्थानीय तहका सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरूको डिजिटल प्रणालीमा प्रयोग हुने डेटा सुरक्षाका लागि आवश्यक नीति निर्माण गर्ने।
- आफ्नो इकाई अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- नयाँ परियोजनाहरु पहिचान तथा विकास गर्ने,
- सम्बन्धित बिषयमा हुने सभा, गोष्ठी तथा सेमिनारमा खटाइए अनुसार भाग लिने,
- आफू मातहतका कर्मचारीहरुको सुपरीवेक्षण, निर्देशन, नियन्त्रण गर्ने र सुपरीवेक्षक भै कार्य सम्पादन मूल्यांकन गर्ने,
- आफ्नो इकाईसँग सम्बन्धित विषयमा बोर्ड तथा कार्यालयस्तरमा भएका निर्णयहरु प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने,

- इकाईबाट सम्पादन भएका कार्यहरुको प्रगति प्रतिवेदन महिना समाप्त भएको तीन दिन भित्र शाखा प्रमुखलाई उपलव्ध गराउने,
- प्रचलित ऐन कानुन बमोजिम सम्पादन गर्नु पर्ने कार्यका साथै सानिसा प्रवर्द्धन तथा परियोजना विकास सहयोग कार्यमा शाखा एवं कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

## ग. लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालय

**१. पदको नाम : सह-सचिव,**

श्रेणीः रा. प. प्रथम, सेवाः नेपाल प्रशासन सेवा, समूहः प्रशासन
कार्य विवरण:

सानिसा तथा लगानी ऐन तथा नियमावलीमा भएका व्यवस्थाका आधारमा लगानी प्रवर्द्धन तथा सहजीकरण एवं एकलबिन्दू सेवा केन्द्रबाट प्रदान हुने सेवाका सम्बन्धमा सचिवको निकटतम सहयोगीको रुपमा रही नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सह(सचिवले लगानी प्रवर्द्धन तथा सहजीकरण निर्देशनालयको प्रमुखको रुपमा प्रत्यायोजित अधिकार अनुसारका कार्यहरुका अतिरिक्त देहाय अनुसारका कामहरू सम्पादन गर्नेछन्।

- स्वदेशी लगानीलाई प्रवर्द्धन तथा सहजीकरणको वातावरण बनाउने।
- विदेशी लगानीलाई प्रवर्द्धन तथा सहजीकरणको वातावरण बनाउने।
- बोर्डको कार्यालयमा स्थापना भएको एकल बिन्दू सेवा केन्द्रबाट प्रदान हुने सेवाका सम्बन्धमा अन्तर निकाय समन्वय तथा प्राविधिक क्षेत्रका जनशक्तिहरू परिचालन गरी परियोजना तर्जुमा तथा बिकासमा लगानीकर्ता लाई सहजीकरण गर्ने गराउने।
- बोर्डको निर्णयले नेपालमा लगानी अनुमति पाएका परियोजनाहरुको संचालनमा देखा परेका अबरोधलाई हटाउनका लागि शाखाहरू तथा एकल बिन्दू सेवा केन्द्रलाई परिचालन गर्ने व्यवस्था मिलाउने।
- निर्देशनालयको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने।
- विभिन्न मन्त्रालय तथा सरकारी निकायहरुबीच परियोजना सहजीकरणका लागि समन्वय र सम्बन्ध निर्माण गर्ने।
- निर्देशनालय सम्बन्धी काममा प्रमुख कार्यकारी अधिकृत र सचिव बाट निर्देशन लिनुपर्ने देखिएको विषय बाहेक अन्य विषयमा कारवाही टुंङ्गो लगाउने वा निर्देशन दिने।
- निर्देशनालय अन्तर्गतका रा.प.द्वितीय श्रेणीका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फाराम सुपरीवेक्षकको रुपमा मूल्यांकन गर्ने, र रा.प.तृतीय श्रेणी एवं रा.प.अनं. तहका कर्मचारीहरुको पुनरावलोकनकर्ता भई मूल्यांकन गर्ने।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्थापन, अनुगमन र समयानुकुल सुधार कार्यमा सहयोग गर्ने।
- सचिवसँगको समन्वयमा विदेशी लगानीकर्ताहरु बिच सम्बन्ध कायम राखी लगानी प्रवर्ध्दनको काम गर्ने गराउने।

- एकल बिन्दू सेवा केन्द्रबाट लगानी प्रवद्र्धनका लागि गर्नुपर्ने सहजीकरण र समन्वय सम्बन्धी कार्यहरू गर्ने गराउने।
- प्रचलित ऐन-कानून बमोजिम सम्पादन गर्नुपर्ने अन्य कार्य र प्रमुख कार्यकारी अधिकृत र सचिवको निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने।

**ग.१. स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा**

**१. पदको नामः निर्देशक,**

श्रेणीः रा.प.द्वितीय सेवाः नेपाल प्रशासन, समूहः सामान्य प्रशासन,
कार्य विवरणः

**लगानी प्रवर्द्धन तथा सहजीकरण** निर्देशनालय प्रमुख अन्तर्गत रहने **स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण** शाखाको जिम्मेवारी बहन गर्न नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणी, निर्देशकले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त निज निर्देशकले निम्नानुसारका कार्यहरु सम्पादन गर्नुपर्नेछः-

- स्वदेशी निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानीसँग सम्बन्धित अध्ययन, अनुसन्धान गर्न, तत्सम्बन्धी नीति तर्जुमा गर्न वा विद्यमान नीतिमा सुधार गर्न वा प्रचलित कानुनलाई लगानीमैत्री बनाउनका लागि सुझावसहित मस्यौदा तर्जुमा गरी निर्देशनालयका प्रमुखसमक्ष पेश गर्ने।
- स्वदेशी निजी लगानीमा कार्यान्वयन गरिने परियोजनाको विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय तथा निजी क्षेत्रबीच सम्पर्क, समन्वय, र सहजीकरण गर्न निर्देशनालयका प्रमुखलाई सघाउने।
- स्वदेशी निजी लगानीका सम्भावित लगानीकर्ताको विवरण तयार गरी त्यस्ता लगानीकर्ताको लगानी सम्बन्धी जिज्ञासा तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउने कार्यमा निर्देशनालयका प्रमुखलाई सहयोग गर्ने।
- स्वदेशी निजी लगानीमा कार्यान्वयन गरिने परियोजना विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय, प्रदेश, स्थानीय तह एवं सरकारी तथा निजी क्षेत्रबीच समन्वय गर्न निर्देशनालयका प्रमुखलाई सहयोग गर्ने।
- स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखाको कर्मचारी प्रशासन, कार्यालयको नगद, जिन्सी तथा खरीद व्यवस्थापन, आन्तरिक नियन्त्रण, लेखा तथा लेखापरीक्षण व्यवस्थापनजस्ता कार्यहरु निर्देशनालयका प्रमुखको मातहतमा रही सम्पादन गर्ने।
- स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखाको निर्धारित कार्य सम्पादन गर्नमा शाखाप्रमुखका हैसियतले निर्देशनालयका प्रमुखलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने, र
- निर्देशनालयका प्रमुखले लिखित अधिकार प्रत्यायोजन गरी वा नगरी दिएका निर्देशनहरु वा कार्यहरु शाखामा कार्यरत जनशक्तिको अत्युत्तम परिचालन गरी सम्पादन गर्ने।
- स्वदेशी लगानी प्रवद्र्धन, परियोजना स्वीकृति, अध्ययन, मूल्यांकन लगायतका विषयमा बोर्ड वा कार्यालय वा निर्देशनालयले तोकेका कार्य गर्ने।

२. पदः **लगानी प्रवर्द्धक,**

श्रेणीः रा.प. तृतीय, सेवाः नेपाल विविध सेवा (स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा)
कार्य विवरणः

निर्देशकको सुपरीवेक्षणमा लगानी प्रवर्द्धकले देहाय बमोजिमका कार्य सम्पादन गर्नेछनः-

- स्वदेशी निजी लगानीमा कार्यान्वयन हुन सक्ने संभाव्य परियोजनाहरु पहिचान गर्ने, तिनका आर्थिक, वित्तीय, प्राविधिक, सामाजिक, कानुनी, वातावरणीय, राजनीतिक आदि विभिन्न पक्षहरुको अध्ययन गर्ने, परियोजनाको अवधारणापत्र बनाउने लगायत प्रारम्भिक कार्य गर्ने, र परियोजना सूची निर्माण गर्ने,
- बोर्डमा सोझै प्राप्त हुन आएका, आह्वान नगरिएका, स्वदेशी निजी लगानीमा कार्यान्वयन हुन सक्ने प्रस्तावहरुको हकमा अध्ययन गर्ने र सोको लागि आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र प्रदान गर्न सम्बन्धित निकायमा लेखी पठाउने,
- स्वदेशी निजी लगानीमा कार्यान्वयन हुन सक्ने परियोजना लगानी सम्झौता लगायतका सहुलियत सम्झौता तथा समझदारीपत्रको मस्यौदा तयार गर्ने,
- स्वदेशी निजी लगानीमा कार्यान्वयन हुन सक्ने परियोजना विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय तथा निजी क्षेत्रबीच समन्वय गर्ने,
- स्वदेशी निजी लगानीमा कार्यान्वयन हुन सक्ने परियोजनाको विकासकर्ता छनौटका आधारहरु तयार गर्ने,
- स्वदेशी तथा विदेशी लगानी अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, मेला, सडक प्रदर्शनी तथा गोष्ठी आयोजना गर्ने कार्यमा शाखा प्रमुखलाई आवश्यक सहयोग उपलब्ध गराउने,
- स्वदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखाको निर्धारित कार्य सम्पादन गर्नमा शाखा प्रमुखलाई आवश्यक सहयोग उपलब्ध गराउने, र
- शाखा प्रमुखले लिखित अधिकार प्रत्यायोजन गरी वा नगरी दिएका निर्देशनहरु वा कार्यहरु सम्पादन गर्ने।

## ग.२. वैदेशिक लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा

### १. पदको नामः वरिष्ठ वित्तीय विश्लेषक

श्रेणीः रा.प. द्वितीय, सेवाः नेपाल विविध सेवा
कार्य विवरणः

**लगानी प्रवर्द्धन तथा सहजीकरण** निर्देशनालय प्रमुख अन्तर्गत रहने **वैदेशिक लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा**को जिम्मेवारी बहन गर्न नेपाल विविध सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, वरिष्ठ वित्तीय विश्लेषकले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त निज निर्देशकले निम्नानुसारका कार्यहरु सम्पादन गर्नुपर्नेछः-

- विदेशी निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानीसँग सम्बन्धित अध्ययन, अनुसन्धान गर्न, तत्सम्बन्धी नीति तर्जुमा गर्न, विद्यमान नीतिमा सुधार गर्न वा प्रचलित कानुनलाई लगानीमैत्री बनाउनका लागि सुझावसहित मस्यौदा तर्जुमा गरी निर्देशनालयका प्रमुखसमक्ष पेश गर्ने,

- विदेशी निजी लगानीमा कार्यान्वयन हुन सक्ने संभाव्य परियोजनाहरु पहिचान गर्ने, तिनका आर्थिक, वित्तीय, प्राविधिक, सामाजिक, कानुनी, वातावरणीय, राजनीतिक आदि विभिन्न पक्षहरुको अध्ययन गर्ने, परियोजनाको अवधारणापत्र बनाउने लगायत प्रारम्भिक कार्य गर्ने, र परियोजना सूची निर्माण गर्ने,
- बोर्डमा सोझै प्राप्त हुन आएका, आह्वान नगरिएका विदेशी निजी लगानीका प्रस्तावहरुको हकमा अध्ययन गर्ने र सोको लागि आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र प्रदान गर्न सम्बन्धित निकायमा लेखी पठाउने,
- विदेशी निजी लगानीका परियोजना लगानी सम्झौता (Project Investment Agreement-PIA) लगायतका सहुलियत सम्झौता (Concession Agreement) तथा समझदारीपत्रको मस्यौदा तयार गर्ने,
- विदेशी निजी लगानीका परियोजना विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय तथा निजी क्षेत्रबीच समन्वय गर्ने,
- विदेशी निजी लगानीका परियोजनाको विकासकर्ता छनौटका आधारहरु तयार गर्ने,
- वैदेशिक लगानीका सन्दर्भमा तुलनात्मक लाभको विवरण तयार गर्ने,
- सम्भावित लगानीकर्ताको विवरण तयार गरी त्यस्ता लगानीकर्ताको लगानी सम्बन्धी जिज्ञासा सम्बोधन गरिदिने,
- स्वदेशी तथा विदेशी लगानी अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, मेला, सडक प्रदर्शनी तथा गोष्ठी आयोजना गर्ने कार्यमा निर्देशनालयका प्रमुखलाई सघाउने,
- स्वदेशी तथा विदेशका लगानीकर्ताहरुका तर्फबाट सम्बन्धित निकायहरुसँग सम्पर्क, समन्वय र सहजीकरण गर्ने,
- विदेशी निजी लगानीका परियोजनासँग सम्बन्धित विषयहरुमा सम्बन्धित सरोकारवाला तथा प्रदेश वा स्थानीय तहका प्रतिनिधिहरुसँग वार्ता, सम्वाद वा समन्वय गर्न निर्देशनालयका प्रमुखलाई सघाउने,
- विदेशी लगानी प्रवद्र्धन, परियोजना स्वीकृति, अध्ययन, मूल्यांकन लगायतका र अन्य सम्बन्धित विषयमा बोर्ड वा कार्यालय वा निर्देशनालयले तोकेका कार्य गर्ने,
- निर्देशनालयका प्रमुखको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही शाखाको निर्धारित कार्य सम्पादनको नेतृत्व लिई निर्देशनालय प्रमुखलाई हरतरहले सघाउने गरी कार्य गर्ने, र
- निर्देशनालय प्रमुखले लिखित अधिकार प्रत्यायोजन गरी वा नगरी दिएका निर्देशनहरु वा कार्यहरु सम्पादन गर्ने।

२.पदः **अर्थशास्त्री,**

श्रेणीः रा.प.तृतीय, सेवाः नेपाल विविध सेवा (वैदेशिक लगानी प्रवर्द्धन तथा सहजीकरण शाखा)
कार्य विवरणः

वरिष्ठ वित्तीय विश्लेषकको सुपरिवेक्षणमा अर्थशास्त्रीले देहाय बमोजिमका कार्य सम्पादन गर्नेछनः-

- शाखा प्रमुखको मातहत र निर्देशनमा रही विदेशी निजी लगानीमा कार्यान्वयन हुन सक्ने संभाव्य परियोजनाहरु पहिचान गर्ने, तिनका खास गरी आर्थिक तथा वित्तीय तथा सामान्यतया प्राविधिक, सामाजिक, कानुनी, वातावरणीय, राजनीतिक आदि विभिन्न पक्षहरुको समेत अध्ययन गर्ने, परियोजनाको अवधारणापत्र बनाउने लगायत प्रारम्भिक कार्य गर्ने, र परियोजना सूची निर्माण गर्ने कार्यमा शाखा प्रमुखलाई सघाउने,

- विदेशी लगानी अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, मेला, सडक प्रदर्शनी तथा गोष्ठी आयोजना गर्ने कार्यमा शाखा प्रमुखलाई आवश्यक सहयोग उपलब्ध गराउने,
- विदेशी लगानी प्रवर्द्धन तथा सहजीकरण शाखाको निर्धारित कार्य सम्पादन गर्नमा शाखा प्रमुखलाई आवश्यक सहयोग उपलब्ध गराउने, र
- शाखा प्रमुखले लिखित रुपमा अधिकार प्रत्यायोजन गरी वा नगरी दिएका निर्देशनहरु वा कार्यहरु सम्पादन गर्ने।

**ग.३ एकल विन्दु सेवा केन्द्र**

**१. पदको नामः निर्देशक,**

श्रेणीः रा.प.द्वितीय सेवाः नेपाल प्रशासन, समूहः सामान्य प्रशासन,
कार्य विवरणः

**लगानी प्रवर्द्धन तथा सहजीकरण** निर्देशनालय प्रमुख अन्तर्गत रहने को जिम्मेवारी बहन गर्न नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहका राजपत्राङ्कित द्वितीय श्रेणी, निर्देशकले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त निज निर्देशकले निम्नानुसारका कार्यहरु सम्पादन गर्नुपर्नेछः-

- सानिसा तथा लगानी ऐनको दफा ४६ तथा नियमावलीको नियम ४६ बमोजिम कार्यान्वयन गरिने परियोजनाको लागि परियोजना सर्भेक्षण अनुमति, समझदारी पत्र, लगानी अनुमति वा सम्झौता लगायतका कार्यमा एकल विन्दु सेवा डेस्क मार्फत समन्वय एवं सहजीकरण गर्ने,
- नेपाल सरकारका सम्बन्धित मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान, नेपाल राष्ट्र बैंक लगायतका १४ वटा निकायका प्रतिनिधिहरुलाई एकल विन्दु सेवा केन्द्रमा लजिष्टिक्स (Logistics) का लागि आवश्यक समन्वय गर्ने।
- एकल विन्दु केन्द्रबाट प्रवाह गर्ने सेवाहरुलाई आईसिटीको प्रयोग गरी सेवा प्रवाह प्रवाहकारी बनाउन सूचना तथा प्रविधि शाखासँग समन्वय गर्ने।
- विषयगत परियोजना अनुसार एकल विन्दु सेवा केन्द्रबाट प्रवाह गरेका सेवाहरु अद्यावधिक गर्ने
- एकल विन्दु सेवा केन्द्रबाट सानिसा तथा लगानी ऐन बमोजिमका सेवाहरु प्रभावकारीरुपमा प्रवाह गर्न लगानीकर्ताको सुझाव सल्लाह लिने।
- एकल विन्दु सेवा केन्द्रको सेवा प्रवाहमा आएका समस्याहरुको समाधानका लागि निर्देशनालय प्रमुखलाई सिफारीश गर्ने।
- निर्देशनालयका प्रमुखले लिखित अधिकार प्रत्यायोजन गरी वा नगरी दिएका निर्देशनहरु वा कार्यहरु शाखामा कार्यरत जनशक्तिको अत्युत्तम परिचालन गरी सम्पादन गर्ने।
- बोर्ड वा कार्यालय वा निर्देशनालयले तोकेका कार्य गर्ने।

**२.पदः उद्योग अधिकृत,**

श्रेणीः रा.प.तृतीय, सेवाः नेपाल प्रशासन, समूहः सामान्य प्रशासन (एकल विन्दु सेवा केन्द्र)
कार्य विवरणः

एकल विन्दु सेवा केन्द्रका निर्देशकको सुपरिवेक्षणमा रा.प.तृतीय, नेपाल प्रशासन समूह, सामान्य प्रशासन उपसमूहका उद्योग अधिकृतले देहायबमोजिमका कार्य सम्पादन गर्नेछन्ः-

- सानिसा तथा लगानी ऐनको दफा ४६ तथा नियमावलीको नियम ४६ बमोजिम कार्यान्वयन गरिने परियोजनाको लागि परियोजना सर्भेक्षण अनुमति, समझदारी पत्र, लगानी अनुमति वा सम्झौता लगायतका कार्यमा एकल विन्दु सेवा केन्द्रका निर्देशकलाई कार्यसम्पादन गर्न सघाउने,
- विषयगत परियोजना अनुसार एकल विन्दु सेवा केन्द्रबाट प्रवाह गरेका सेवाहरु अद्यावधिक गर्ने,
- नेपाल सरकारका विभिन्न मन्त्रालय/निकायबाट एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गरी कार्य गर्न आउने विषयगत डेस्क प्रमुखहरुलाई लजिष्टिक्स (Logistics) को व्यवस्था मिलाउने।
- एकल विन्दु सेवा केन्द्र संचालनमा आउने समस्याहरुको समाधानका लागि निर्देशकलाई सघाउने।
- कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

**३. पदः ना.सु.**

श्रेणीः रा.प.अनं., सेवाः नेपाल प्रशासन, समूहः प्रशासन (एकल विन्दु सेवा केन्द्र)
कार्य विवरणः

- एकल विन्दु सेवा डेस्कका डेस्क प्रमुखहरुलाई लजिष्टिक्स (Logistics) लगायतका विषयमा सघाउने।
- विषयगत डेस्क प्रमुखहरुको समन्वयमा बैठक, सभा, गोष्ठीको लागि आवश्यक सहजीकरण गर्ने।
- केन्द्रको कार्यसम्पादनसँग सम्बन्धित कार्यहरुको अभिलेखीकरण गर्ने।
- केन्द्र प्रमुखले दिएका निर्देशनहरु वा कार्यहरु सम्पादन गर्ने।
- कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

## घ. आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय

### १. पदको नामः सुपरिटेनडेन्ट इन्जिनियर (सु.इ.),

श्रेणीः रा. प. प्रथम, सेवाः ने.इ.से., समूहःसिभिल, उपसमूहः हाईड्रोपावर,
कार्य विवरण:
सार्बजनिक निजी साझेदारी तथा लगानी ऐन तथा नियमावलीमा भएका कानुनी व्यवस्थाका आधारमा सचिवको निकटतम सहयोगीको रुपमा नेपाल इन्जिनीयरिंग सेवा, सिभिल समूह, हाईड्रोपावर उपसमूहका राजपत्राङ्कित प्रथम श्रेणी, सुपरिटेनडेन्ट इन्जिनियरले आयोजना विकास तथा ब्यबस्थापन निर्देशनालयको प्रमुखको रुपमा प्रत्यायोजित अधिकार अनुसारका कार्यहरुका अतिरिक्त देहाय अनुसारका कामहरु सम्पादन गर्नेछन्ः-

- निर्देशनालय संग सम्बन्धित लगानी बोर्ड तथा नेपाल सरकारका निर्णयहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्ने, गराउने,
- सानिसा तथा लगानी ऐन २०७५ को परिच्छेद ४ निजी लगानी सम्बन्धि ब्यबस्था तथा नियमावली २०७७ ले तत् सम्बन्धमा गरेको थप व्यवस्था समेतका कार्य गर्ने गराउने,
- सानिसा तथा लगानी ऐन, २०७५ तथा नियमावली २०७७ बमोजिम सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरुको तर्जुमा तथा ब्यबस्थापनलाइ प्रभावकारी बनाउन बिषयगत डेस्कका जिम्मेवार बिषय बिज्ञबाट बिषयगत परियोजनाको अबधारणा नोट देखि परियोजनाको तयारीकार्य गर्न लगाउने तथा परियोजना मुल्यांकन (Appraisal) बिज्ञहरु बाट बिषयगत परियोजना हरुको मुल्यांकन गर्न लगाउने,
- परियोजना मुल्यांकन (Project Appraisal) विज्ञहरुबाट प्राप्त मुल्यांकनलाइ एकिकृत गरी प्रत्येक सानिसा तथा बैदेशिक लगानीका परियोजनाको मुल्यांकन डकुमेन्ट (Project Appraisal Document - PAD) तयार गर्ने,
- बोर्डको निर्णयले नेपालमा लगानी अनुमति पाएका परियोजनाहरुको विकास तथा ब्यबस्थापन प्रभावकारी बनाउन आवश्यक पृष्ठपोषण दिने प्रयोजनार्थ मातहतका शाखा तथा इकाईहरुलाई परिचालन गर्ने व्यवस्था मिलाउने,
- निर्देशनालयको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने,
- निर्देशनालय संग सम्बन्धित सरकारी कर्मचारीहरु, विज्ञ तथा परामर्शदाताहरु परिचालन, सुरपरीवेक्षण र नियन्त्रण गर्ने, गर्न लगाउने। सानिसा तथा बैदेशिक लगानीका परियोजना विकास तथा ब्यबस्थापनका लागि विभिन्न मन्त्रालय तथा सरकारी निकायहरुबीचको समन्वय र सम्बन्ध निर्माण गर्ने,
- विदेशी लगानीकर्ताहरु र विकास साझेदारहरुबीच सम्बन्ध विकास गर्ने तथा कार्यालयलाई आवश्यक वैदेशिक सहयोग जुटाउन पहल गर्ने,
- निर्देशनालयले सम्पन्न गर्नु पर्ने कार्यहरु सुचारु रुपले सम्पादनको लागि मातहतका शाखाहरुलाई आबश्यक निर्देशन दिने तथा कार्य प्रगतिको अनुगमन गर्ने, कार्य सम्पादनमा देखिएका समस्याहरुको निदान गर्ने/ निदान् गर्न समन्वय गर्ने,
- निर्देशनालय सम्बन्धी काममा प्रमुख कार्यकारी अधिकृत र सचिव बाट निर्देशन लिनुपर्ने देखिएको विषय बाहेक अन्य विषयमा कारवाही टुंङ्गगो लगाउने वा निर्देशन दिने,

- निर्देशनालय अन्तर्गतका रा.प.द्वितीय श्रेणीका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फाराम सुपरीवेक्षकको रुपमा मूल्यांकन गर्ने, रा.प.तृतीय श्रेणीका कर्मचारीहरुको पुनरावलोकनकर्ता भई मूल्यांकन गर्ने र कार्यालयमा कार्यरत राजपत्र अनंकित कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनको लागि पुनरावलोकन समितिको अध्यक्षको रुपमा कार्य गर्ने,
- विदेशमा हुने सभा सम्मेलन वा तालिममा निर्देशानालयको तर्फवाट पठाउन प्रतिनिधि वा प्रतिनिधित्व, वा कर्मचारीको सिफारिश गर्ने,
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्थापन, अनुगमन र समयानुकुल सुधार गर्ने कार्यमा सहजीकरण गर्ने,
- निर्देशनालय संग सम्बन्धित कार्यका लागि काम गर्न आउने विदेशी बिज्ञ वा कामदारको कार्य सहमति, श्रम स्वीकृति वा भिसाको सिफारिशमा सहजीकरण गर्ने,
- बोर्डसमक्ष पठाउने प्रस्ताव तयार गर्ने, गराउने र त्यसको अभिलेख राख्ने र राख्न लगाउने एवं बोर्डको निर्णय कार्यान्वयन गर्ने/गराउनेमा समन्वय तथा सहजीकरण गर्ने,
- प्रचलित ऐन—कानून बमोजिम सम्पादन गर्नुपर्ने अन्य कार्य र प्रमुख कार्यकारी अधिकृत एबं सचिबको निर्देशन अनुसारका अन्य कार्यहरु गर्ने।

## घ.१. आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा

### १. पदः सिनियर डिभिजनल इञ्जिनियर,

श्रेणीः रा.प.द्वितीय, सेवाः नेपाल इन्जिनियरिङ्ग, समूहः सिभिल, उपसमूहः हाईड्रो
कार्य विवरण:
आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय अन्तर्गत रहने आयोजना तर्जुमा तथा व्यवस्थापन शाखाको जिम्मेवारी बहन गर्न नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह, रा.प.द्वितीय, सिनियर डिभिजनल ईन्जिनियर (सि.डि.ई.)ले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्:-

- आयोजना तर्जुमा तथा ब्यबस्थापन निर्देशनालय अन्तर्गत आयोजना विकास तथा व्यवस्थापन शाखा प्रमुखको रुपमा कार्यहरू सम्पादन गर्ने।
- निर्देशनालय अन्तर्गतका बिषयगत डेस्कहरु संग समन्वय गर्ने तथा बिषयगत परियोजनाहरुको तर्जुमा तथा ब्यबस्थापनमा Logistics लगायतका कार्यमा सहजीकरण गर्ने,
- स्वदेशी एवं विदेशी लगानीको अभिबृद्धि गर्न एवं गैरसरकारी र निजी क्षेत्रको सहभागिता प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्न पहल गर्ने,
- लगानी आकर्षण हुने क्षेत्रका परियोजनाहरूको विकास गर्न परियोजनाको छनौट, सम्भाव्यता अध्ययन, गर्न बिषयगत डेस्क संग समन्वय गर्ने,

- सार्वजनिक-निजी साझेदारी अवधारणामा कार्यान्वयन हुने परियोजनाहरूको तर्जुमा तथा विकासको लागि सम्भावित विकासकर्ता छनौटको लागि आवश्यक पर्ने कागजातहरू (EOI, RFP, Bid Documents, आदि) तयार गर्ने गराउने,
- विकासकर्ताले तयार पारेका Skill Development Plan, Social Benefit Plan, Disaster Management Plan, Resettlement Action Plan जस्ता परियोजनाको अध्ययन, विश्लेषण गरी स्वीकृतिको लागि बिषयगत डेस्क संग समन्वय गरी सिफारिस गर्ने,
- परियोजनासंग सम्बन्धित सन्धि, सम्झौता, समझदारी, अध्ययन प्रतिवेदन र अन्य कागजातहरु सुरक्षित राख्ने,
- सानिसा तथा लगानी ऐन/नियम लगायतका मौजुदा कानुनको परिधि भित्र रही परियोजना तर्जुमा तथा व्यबस्थापन सम्बन्धमा सम्बन्धित निकायहरु संग समन्वय तथा सहजीकरण गर्ने।
- नेपाल सरकारले प्राथमिकता दिएका क्षेत्रहरू जस्तै जलस्रोत तथा उर्जा, सडक तथा यातायात, सूचना तथा संचार प्रबिधि, कृषि, पर्यटन, खानी तथा खनिज, स्वास्थ्य, शिक्षा, शहरी विकास, उद्योग तथा उत्पादन क्षेत्रमा सानिसा तथा वैदेशिक लगानीका परियोजनाहरूको पहिचान, संरचना विकास, कार्यान्वयन तथा अनुगमन प्रक्रियालाई सघाउने।
- परियोजनाको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकन तथा सामाजिक प्रभाव मूल्यांकनमा बिषयगत डेस्कहरु र आयोजना मुल्यांकन शाखालाई सहजीकरण गर्ने तथा आबश्यकता अनुसार शाखाको तर्फबाट सहभागीता गराउने।
- वित्तीय संरचना विकास, निर्माण कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रक्रियामा समन्वय तथा आवश्यकता अनुसार प्राविधिक तथा व्यवस्थापकीय परामर्श प्रदान गर्ने।
- सानिसा तथा वैदेशिक लगानी परियोजनाहरूको वित्तीय तथा प्राविधिक स्थायित्व सुनिश्चित गर्न सार्वजनिक तथा निजी क्षेत्रका साझेदारहरूबीच समन्वय गर्ने।
- बिज्ञहरुको सहयोगमा सार्वजनिक तथा निजी साझेदारी परियोजनाहरूको आर्थिक जोखिम विश्लेषण, जोखिम व्यवस्थापन तथा जोखिमा बाँडफाँडको रणनीति निर्माण गर्ने।
- शाखा अन्तर्गतका कर्मचारीहरुको अध्ययन र असाधारण बिदा बाहेक अन्य बिदा शाखाको काम नरोकिने व्यवस्था मिलाई स्वीकृत गर्ने,
- आफू अन्तर्गतका कर्मचारीहरुको सुपरिवेक्षण गर्ने, आफ्नो कार्य प्रति उदासिन रही काम संतोषजनक ढंगले नगर्ने, पूर्व स्वीकृति नलिई बराबर अनुपस्थित रहने एवं अनुशासनहीन काम गर्ने कर्मचारीलाई आवश्यक कारबाहीको लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने,
- निर्देशनालय/कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

२. पदः आर्किटेक्ट योजनाकार,

श्रेणीः रा.प. तृतीय, सेवाः नेपाल इन्जिनियरिङ्ग, समूहः सिभिल, उपसमूहः बि.एंड आर्किटेक्ट  (आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा)
कार्य विवरणः

आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा प्रमुख सि.डि.इ. को सुपरिवेक्षणमा आर्किटेक्ट योजनाकारले देहाय बमोजिमका कार्य सम्पादन गर्ने छन्:-

- परियोजना तर्जुमा तथा ब्यबस्थापन शाखामा डेस्क अधिकृतको रुपमा कार्य गर्ने।
- पूर्वाधार परियोजनाहरूको अवधारणागत योजना, भू-उपयोग, वातावरणीय मूल्यांकन तथा डिजाइनको अनुगमन खाका निर्माणमा सहजीकरण गर्ने।
- परियोजनाहरूका लागि आवश्यक वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणको समन्वय गर्ने।
- पूर्वाधार परियोजनाहरूमा सामाजिक प्रभाव मूल्यांकन कार्यमा समन्वय गर्ने।
- शहरी तथा अन्य पूर्वाधार परियोजनाहरूको योजना निर्माण तथा डिजाइनमा सहभागिता जनाउने।
- सानिसा तथा वैदेशिक लगानी अन्तर्गत पूर्वाधार परियोजनाहरूको अवधारणागत डिजाइन (Conceptual Design) निर्माण गर्ने।
- भू-उपयोग योजना तथा भौगोलिक सूचना प्रणालीको उपयोग गरी परियोजना स्थान निर्धारण गर्ने।
- निर्माणाधीन तथा निर्माण भएका परियोजनाहरूमा स्थानीय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना सुनिश्चित गर्ने।
- बिषयगत डेस्कहरु र आयोजना मुल्यांकन शाखा संग परियोजनाको तर्जुमा तथा मूल्यांकनमा समन्वयतथा सहजीकरण गर्ने।
- परियोजना तर्जुमा तथा कार्यान्वयनका लागि उपुक्त इन्जिनियरिङ डिजाइन, मापदण्ड निर्धारण तथा प्राविधिक समीक्षामा समन्वय गर्ने।
- पूर्वाधार परियोजनाहरूको प्राविधिक गुणस्तर, निर्माण व्यवस्थापन तथा अनुगमनमा सहजीकरण गर्ने।
- परियोजनाको प्रगति तथा अनुगमन/मूल्यांकन प्रक्रियामा संलग्न हुने।
- आफ्नो इकाई अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- बोर्ड अन्तर्गत निर्माणधिन वा निर्माण सम्पन्न परियोजनाहरुसंग सम्बन्धित नेपाल सरकार, सम्बन्धित मन्त्रालय वा बोर्डबाट भएका निर्णयहरु प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने, कार्यान्वयन गर्ने, गराउने,
- सम्बन्धित विषयमा स्वदेशमा हुने सभा, गोष्ठी, छलफल तथा सेमिनारमा (उपल्लो तहको आदेश अनुसार) भाग लिने,
- शाखा अन्तर्गतका रा.प.अनंकित कर्मचारीहरुको सुपरिवेक्षक भै कार्य सम्पादन मूल्यांकन गर्ने,
- शाखाको कागजात र अभिलेख व्यवस्थित गरी राख्ने र वर्षमा एक पटक अनावश्यक कागजात नियमानुसार धुल्याउन पेश गर्ने,
- अन्तर्गतका कर्मचारीको बिदा सिफारिश गर्ने,

- शाखाबाट सम्पादन भएका कार्यहरुको प्रगति विवरण महिना समाप्त भएको तीन दिनभित्र शाखा प्रमुखलाई उपलब्ध गराउने,
- नेपाल सरकार, लगानी बोर्ड वा लगानी बोर्डको कार्यालयलाई विभिन्न वैदेशिक विकास साझेदारहरुबाट प्राप्त हुने आर्थिक, भौतिक एवम् प्राविधिक सहयोगहरुको आवश्यकता पहिचान गर्ने,
- शाखा एबं कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

३. पदः **इन्जिनियर,**

श्रेणीः रा.प. तृतीय, सेवाः नेपाल इन्जिनियरिङ्ग, समूहः सिभिल, उपसमूहः हाईड्रो (आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा)

कार्य विवरणः

आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा प्रमुख सि.डि.इ. को सुपरिवेक्षणमा इन्जिनियरले देहाय बमोजिमका कार्य सम्पादन गर्ने छन्:-

- सानिसा तथा वैदेशिक लगानी अन्तर्गत संचालन हुने परियोजनाको तर्जुमा तथा ब्यबस्थापनमा डेस्क अधिकृतको रुपमा कार्य गर्ने।
- सानिसा तथा लगानी ऐन बमोजिम कार्यान्वयन हुने जलविद्युत परियोजना लगानी प्रस्तावको मूलतः प्राविधिक तथा वित्तीय पक्षको अध्ययन, पुनरावलोकन र विश्लेषण गरी कार्यालयलाइ राय-सुझाव उपलब्ध गराउने,
- परियोजना लगानी सम्झौता वा परियोजना विकास सम्झौता बमोजिम परियोजना कार्यान्वयन भए-नभएको अनुगमन-निरीक्षण गरी चालिनुपर्ने कदमहरुका बारेमा शाखा समक्ष पेश गर्ने,
- नयाँ परियोजनाहरु पहिचान तथा विकास गर्न सहजीकरण गर्ने,
- परियोजना तर्जुमा तथा बिकासका लागि आवश्यक संस्थागत सामंग्री तथा प्रविधि व्यवस्थापन कार्यमा समन्वय गर्ने।
- सानिसा तथा लगानी ऐन अन्तर्गतका परियोजनामा प्रक्रियागत लाग्ने समय तथा लागतको यथार्थपरक मूल्यांकन गर्ने।
- बिषयगत डेस्कहरु र आयोजना मुल्यांकन शाखा संग परियोजनाको तर्जुमा तथा मूल्यांकनमा समन्वयतथा सहजीकरण गर्ने।
- परियोजना तर्जुमा तथा कार्यान्वयनका लागि उपुक्त इन्जिनियरिङ डिजाइन, मापदण्ड निर्धारण तथा प्राविधिक समीक्षामा समन्वय गर्ने।
- पूर्वाधार परियोजनाहरूको प्राविधिक गुणस्तर, निर्माण व्यवस्थापन तथा अनुगमनमा सहजीकरण गर्ने।
- परियोजनाको प्रगति तथा अनुगमन/मूल्यांकन प्रक्रियामा संलग्न हुने।
- आफ्नो इकाई अन्तर्गतका फाइल तथा अभिलेखहरु जिम्मा लिई दुरुस्त राख्ने,
- बोर्ड अन्तर्गत निर्माणधिन वा निर्माण सम्पन्न परियोजनाहरुसंग सम्बन्धित नेपाल सरकार, सम्बन्धित मन्त्रालय वा बोर्डबाट भएका निर्णयहरु प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने, कार्यान्वयन गर्ने, गराउने,

- सम्बन्धित विषयमा स्वदेशमा हुने सभा, गोष्ठी, छलफल तथा सेमिनारमा (उपल्लो तहको आदेश अनुसार) भाग लिने,
- शाखा अन्तर्गतका रा.प.अनंकित कर्मचारीहरुको सुपरिवेक्षक भै कार्य सम्पादन मूल्यांकन गर्ने,
- शाखाबाट सम्पादन भएका कार्यहरुको प्रगति विवरण महिना समाप्त भएको तीन दिनभित्र शाखा प्रमुखलाई उपलव्ध गराउने,
- नेपाल सरकार, लगानी बोर्ड वा लगानी बोर्डको कार्यालयलाई विभिन्न वैदेशिक विकास साझेदारहरुबाट प्राप्त हुने आर्थिक, भौतिक एवम् प्राविधिक सहयोगहरुको आवश्यकता पहिचान गर्ने,
- शाखा एबं कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

## घ.२. बिषयगत डेस्कहरुको कार्यविवरण

जलविद्युत् तथा उर्जा, सडक तथा यातायात, सूचना तथा सञ्चार प्रविधि, कृषि, स्वास्थ्य तथा शिक्षा, पर्यटन, उद्योग, खानी तथा खनिज पदार्थ तथा शहरी पूर्वाधार सम्बन्धी राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रका परियोजनाहरूको तर्जुमा तथा ब्यबस्थापनमा बिज्ञहरुको समूह बाट अग्रणी भूमिका निर्वाह गर्नेगरी बिषयगत डेस्कहरु प्रस्ताब गरिएको छ। यी डेस्कहरुले आयोजना बिकास तथा ब्यबस्थापन निर्देशनालयका प्रमुख, सुपरिटेनडेन्ट इन्जिनियर (रा.प.प्रथम) को सुपरिबेक्षणमा सार्बजनिक–निजी साझेदारी (सानिसा) तथा लगानी ऐन तथा नियमका साथै अन्य मौजुदा कानुनको परिधि भित्र रही लगानी बोर्डको कार्यालय अन्तर्गतका सानिसा तथा बैदेशिक लगानीका बिषयगत आयोजना तर्जुमा तथा ब्यबस्थापनमा देहाय बमोजिमका कार्य गर्नेछन् :

### १.पदः सि.डि.इ.

श्रेणीः रा.प.द्वितीय, सेवाः नेपाल इन्जिनियरिङ्ग, समूहः सिभिलः उपसमूहः हाईड्रो (जलस्रोत तथा उर्जा)
कार्य विवरणः

- जलविद्युत् तथा सिँचाइ परियोजनाहरुको विस्तृत परियोजनाप्रतिवेदन, डिजाइन अध्ययन, र लागत अनुमानको समीक्षा गर्ने। यस्ता परियोजनाहरुमा नदी प्रवाह बिष्लेषण, सेडिमेन्टेसन अध्ययन तथा भौगर्भिक तथा भूकम्पीय जोखिम मूल्यांकनमा परामर्श गर्ने।
- संरचनाहरु राष्ट्रिय भवन संहिता, AASHTO, तथा FIDIC मापदण्डहरू अनुरूप डिजाइन भएका छन् छैनन् समीक्षा गर्ने।
- सानिसा तथा बैदेशिक लगानीमा आधारित जलविद्युत् परियोजनाहरुको प्राथमिकता निर्धारण, तथा कार्यान्वयन रणनीति विकास गर्ने।
- रन-अफ-रिभर (RoR), भण्डारणयुक्त (Reservoir-Based), तथा पम्प्ड स्टोरेज (Pumped Storage) जलविद्युत् परियोजनाहरुको तुलनात्मक अध्ययन गर्ने।
- परियोजनाको वित्तीय मोडेल (BOT, BOOT आदि) तथा राजस्व साझेदारी संरचनाको मूल्यांकन गर्ने।
- सिभिल संरचनाहरूको लागत अनुमान, वित्तीय जोखिम मूल्यांकन तथा सार्वजनिक-निजी साझेदारीमा आधारित VGF को मूल्यांकन गर्ने।

- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, तथा जल तथा ऊर्जा आयोगसँग जलविद्युत् परियोजनाहरू स्वीकृतिको लागि समन्वय गर्ने।
- निजी क्षेत्रका लगानीकर्ता, बहुपक्षीय विकास बैंकहरू तथा सानिसा विशेषज्ञहरूसँग परामर्श गरी जलविद्युत् परियोजनामा लगानी प्रवर्द्धनको लागि समन्वय गर्ने।
- नेपाल सरकारका अन्य नियामक निकायहरूसँग सिँचाइ तथा जलविद्युत् पूर्वाधार नियमन तथा नीति निर्माणमा परामर्श गर्ने।
- सानिसा तथा बैदेशिक लगानीका जलविद्युत् परियोजनाहरुको इन्जिनियरिङ सुपरभिजन, गुणस्तर परीक्षण, तथा सुरक्षा प्रोटोकलहरूको कार्यान्वयनको अवस्थाको बारेमा अध्यावधिक हुने।
- भौतिक संरचनाहरू (ड्याम, टनेल, पावरहाउस, ट्रान्समिसन लाइन) को निर्माण निरीक्षण तथा प्रगति मूल्यांकनको अध्ययन गर्ने।
- इन्जिनियरिङ अडिट तथा जलविद्युत् प्रणालीको सञ्चालन तथा मर्मतसम्भार अवस्थाको बारेमा जानकारी हासिल गर्ने।
- आफूसँग सम्बन्धित विषयगत क्षेत्रका सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरुको तर्जुमा तथा व्यवस्थापन कार्यको नेतृत्व लिने।

२.पदः **प्रमुख मेडिकल अधिकृत,**

तहः दशौं, सेवाः नेपाल स्वास्थ्य सेवा, समूहः जनरल हेल्थ सर्विसेज
कार्य विवरण

आयोजना विकास तथा व्यवस्थापन निर्देशनालयका सु.इ. को सामान्य रेखदेख र आयोजना तर्जुमा तथा व्यवस्थापन शाखाका सि.डि.इ. संगको समन्वयमा प्रमुख मेडिकल अधिकृत, तह १०, नेपाल स्वास्थ्य सेवा, ज.हे.स. समूहले कार्यालयका सचिव र निर्देशनालय प्रमुखबाट प्रत्यायोजित भई आउने कामका अतिरिक्त देहायबमोजिमका कार्यहरु सम्पादन गर्नेछन्:

- लगानी बोर्डको कार्यालय अन्तर्गतका स्वास्थ्य, शिक्षा तथा सामाजिक विकास सम्बन्धी विषयगत क्षेत्रका स्वदेशी तथा विदेशी लगानीका सानिसा अन्तर्गतका वा निजी क्षेत्रले कार्यान्वयन गर्ने परियोजनाहरुको तर्जुमा, विकास तथा तिनको कार्यान्वयन पूर्वको मूल्यांकन (Appraisal) तथा कार्यान्वयन शुरु भएपछिको अनुगमन तथा मूल्यांकन (M&E) कार्यमा समन्वय गरी आयोजना विकास तथा व्यवस्थापन निर्देशनालयलाई सघाउने ।
- उल्लिखित कार्य सम्पादनका क्रममा आवश्यकतानुसार नेपाल सरकारका सम्बद्ध विषय-क्षेत्रगत मन्त्रालय र निकायहरु र लगानी बोर्डको कार्यालय अन्तर्गतका आयोजना तर्जुमा तथा व्यवस्थापन शाखा र आयोजना विकास तथा व्यवस्थापन निर्देशनालय बीच सम्पर्क, समन्वय, सहजीकरण र सहकार्यमा सहयोग गर्ने ।
- उल्लिखित कार्य सम्पादनका क्रममा सामाजिक क्षेत्रमा संचालनमा जाने परियोजनाहरुमा देखा पर्ने मामलाहरुमा सहजीकरण गर्ने।

- आफूसँग सम्बन्धित विषयगत क्षेत्रका सानिसा तथा बैदेशिक लगानीका परियोजनाहरुको तर्जुमा तथा व्यवस्थापन कार्यको नेतृत्व लिने।
- कार्यालय बाट तोकिएका अन्य कार्यहरू गर्ने।

३. पदः उपनिर्देशक (प्रा.)

(सूचना तथा सञ्चार प्रविधि)
कार्य विवरणः

- एकलबिन्दु सेवा केन्द्रको डिजिटल पूर्वाधार तथा सूचना व्यवस्थापन प्रणालीको सञ्चालन तथा सुरक्षा सुनिस्चित गर्ने।
- सानिसा तथा बैदेशिक लगानीकर्ताहरूलाई डिजिटल सेवा प्रवाह तथा लगानी प्रक्रियाको सहजताका लागि कार्य गर्ने।
- एकलबिन्दु सेवाकेन्द्रको डिजिटल फाइलिङ सिस्टम, स्वचालित स्वीकृति प्रक्रिया, तथा लगानी ट्र्याकिङ प्रणालीको व्यवस्थापन गर्ने।
